# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक 'उपेन्द्रप्रसाद आचार्यका कविता कृतिको अध्ययन' रहेको छ ।

## १.२ शोधार्थी

सोमनाथ शर्मा महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम स्नातकोत्तर तह द्वित्तीय बर्ष ।

## १.३ शोध प्रयोजन

प्रस्तुत शोध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयको दशौं पत्रको प्रयोजनका लागि तयार गरिएकोछ ।

## १.४ विषय परिचय

इलाम जिल्लामा रहेर साहित्य सृजना गरिरहेका कवि उपेन्द्रप्रसाद आचार्यको जन्म वि.सं. २०१७ साल बैशाख एक गते पाँचथर जिल्लाको साविक इम्बुङ्ग गा.वि.सं. वाड नं. ५, वर्तमानको फाल्गुनन्द गाउँपालिका २ नम्वर वडा मा स्वर्गीय माता नर्वदा आचार्य र स्वर्गीय पिता पुष्पलाल आचार्यका कोखबाट भएको हो । आचार्य दुई दाजु र पाँच दिदीका कान्छा भाई हुन् । आचार्यको जन्म निम्नमध्यम् वर्गीय परिवारमा भएको हुनाले उनी इम्बुङ्गमानै हुर्के बढे र शिक्षा प्रारम्भ गरे । उनी पारिवारीक, सामाजिक तथा राजनीतिक समस्यासँग जुद्दै आफ्नो जीविकोपार्जन गरिरहेका छन् । हाल वि.सं. २०४० देखि आचार्यका परिवार बसाईसरी झापा जिल्लाको साविकको खुदुनावारी गा.वि.सं. वडा नं. ९, वर्तमानको अर्जुनधारा नगरपालिका ३ नम्बर वडामा बस्तै आएकाछन् । आचार्यको आफ्नो कार्य स्थल म.र.ब. क्याम्पस इलाम छेउमा घर बनाई बस्तै आएका छन् ।

घरमै अक्षर आरम्भ गरेका आचार्यले गणितीय सामान्य ज्ञान आर्जन गरेका थिए । उनको औपचारिक शिक्षाको सुरुवात घर नजिकै खोलिएको स्थानीय प्रथामिक विद्यालय हिमालय बालकन्याबाट गरेका थिए । उनले सो विद्यालयमा कक्षा तीन सम्मको शिक्षा

आर्जन गरे । कक्षा ४ देखि कक्षा सात सम्म सारताप गा.वि.सं. वर्तमानको फाल्गुनन्द गाउँपालिका ३ मा रहेको सारताप निम्म माध्यमिक विद्यालयमा अध्ययन गरेका हुन् । त्यसै गरी कक्षा ८ देखि १० सम्म फिदिम ब्या. मा.वि. फिदिमबाट र आइ.एड. म.र.ब. क्याम्पस इलाममा अध्ययन गरेको उनी बताउँछन् । त्यसै गरी वि.एड. धनकुटा बहुमुखी क्याम्पस धनकुटा र एम. एड. त्रिभुवन विश्वविद्यालय केन्द्रिय क्याम्पस कीर्तिपुर काठमाण्डौबाट पुरा गरी आफ्नो औपचारिक शिक्षा  पूरा गरेका हुन् ।

वि.सं. २०३६ सालको जनमतसंग्रहदेखि राजनीतिक आकर्षण बढेपछि उनी वि.सं. २०३८ सालमा म.र.ब. क्याम्पस इलाममा सङ्घ सङ्गठन प्रति आकर्षित बनी अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनमा आवद्व भएर राजनीतिक जीवन पनि शुरु गरे राजनीतिकै क्रममा उनले जेल र नेलका पिडाहरू पनि पार गरे । कवि उपेन्द्र आचार्यले जीवन निर्वाहको बाटो रोज्ने क्रममा शिक्षण पेशालाई अँगाले । वि.सं. २०३५ वैशाख १९ गतेदेखि प्राथामिक विद्यालयको स्थायी दरबन्दीमा तत्कालीन शिक्षक सेवा आयोग पास गरी प्राथामिक तहका शिक्षक बनेर ३ वर्ष सम्म काम गरे । वि.सं. २०३८ सालमा बेतलबी विदा लिएर प्रमाण पत्र तह अध्ययन गर्न म.र.ब. क्याम्पस इलाम गए । त्यस पछि वि.सं. २०४० देखि २०४३ आश्विनसम्म पञ्चायती व्यवस्थाको विरोधी ठानी जेल जीवन बिताएका आचार्यले वि.सं. २०४३ देखि पुनः शिक्षण पेशा शुरु गरे । पुनः २०४६ सालको जनआन्दोलनमा चन्द्रगडी जेलपरी बहुदलको घोषणा सँगै बाहिरिएका हुन । वि.सं. २०४९ मा प्रा.वि शिक्षक पदबाट राजिनामा दिई एम.एड. अध्ययन गर्न काठमाण्डौ पुगेका आचार्य वि.सं. २०५२ देखि उ.मा.वि. शिक्षण गर्न डोटी जिल्लाको जोरायल क्षेत्रको श्री घण्टेश्वर उ.मा.वि. लक्ष्मीनगर पुगे । यहाँ वि.सं. २०५५ सम्म काम गरे । वि.सं. २०५५ मङ्सीर १७ देखि म.र.ब. क्याम्पस इलाममा भूगोल शिक्षाको शिक्षण सहायक बनी अध्यापन गरी वि.सं. २०६४ मा स्थायी दरबन्दीमा नियुक्त  भई हाल प्राध्यापन पेसामा कार्यरत छन् ।

माध्यमिक तहमा अध्ययन गर्दा देखिनै फूटकर कवितामा रुची राख्ने आचार्य नेपाली काव्य फाँटमा एक उत्कृष्ठ कवि बनेका छन् ।  आचार्यको पहिलो प्रकाशित कृति ‘केही उखानहरूलाई लयमा कैद गर्दा’ (२०६९) हो । दोस्रो कविता कृति ‘मेरो गाउँको कहानी’ ( २०७०) हो भने उनको पछिल्लो कविता कृति ‘दर्पण’ कविता संग्रह (२०७१) हो । उनी साहित्यिक फाँटमा कविकै रुपमा चिनिन्छन् । उनका कविता सङग्रह बाहेक ‘तीर्थाटन र त्यसको इतिवृत्ति’ (२०७२) नियात्रा, ‘सिक्किम भ्रमण र त्यसको पुराण’ (२०७३) नियात्रा, ‘क

प सङ्गालो दृष्टान्त' (२०७५) कथा र पत्र  कृतिहरू पनि प्रकाशित छन् । आचार्य साहित्यिक फाँटमा अझै पनि निरन्तर लागिरहेका छन् । उनले आफूलाई लागेको रोग मस्तिष्कघात  बाट मुक्ति पाई डा. उपेन्द्र देवकोटाले उनलाई पुनःजीवन दिएको कुरा समेटी उनले अर्को कृति प्रकाशनको मुखमा पुऱ्याएका छन् । उनी हाल पनि साहित्यिक फाँटमा, प्राध्यापनमा र समाज सेवामा निरन्तर लागिरहेका छन् ।

नेपाली काव्य फाँटका परम्परामा देखा परेका विभिन्न काव्य मध्ये उपेन्द्रप्रसाद आचार्यद्धारा लिखित कविता कृति 'केही उखानहरूलाई लयमा कैद गर्दा' (२०६९), 'मेरो गाउँको कहानी' (२०७०), र 'दर्पण' कविता संग्रह (२०७१) को अध्ययन विश्लेषण गरी यो शोधपत्र तयार पारिएकोछ ।

## १.५ समस्याकथन

उपेन्द्रप्रसाद आचार्यका काव्य विधाका ३ वटा कृति 'केही उखानहरूलाई लयमा कैद गर्दा' (२०६९), 'मेरो गाउँको कहानी' (२०७०) र 'दर्पण' कविता  (२०७१)सङ्ग्रहहरूको अध्ययन विश्लेषण गर्दा निम्न लिखित शोधसमस्या रहनेछन् ।

(क) उपेन्द्रप्रसाद आचार्यको काव्यगत प्रवृत्ति के-कस्तो छ ?

(ख) उपेन्द्रप्रसाद आचार्यको साहित्यिक यात्रा के-कस्तो छ ?

(ग) उपेन्द्रप्रसाद आचार्यका काव्यकृतिहरूमा के-कस्तो बिषय समावेश गरिएको छ ?

(घ) नेपाली साहित्यमा कवि आचार्यको योगदान कस्तो रहेको छ ?

उल्लेखित समस्या तथा तिनीसँग सम्बन्धित विभिन्न समस्याहरूमा केन्द्रित भई प्रस्तुत शोधपत्र तयार गरिएकोछ ।

## १.६ शोधकार्यको उद्देश्य

समस्याको रुपमा देखिएका प्रश्नहरू माथि खोज, अध्ययन, विश्लेषण, मुल्याङ्कन गरेर सही समाधान खोज्नुनै यस कार्यको मुख्य उद्देश्य रहेको छ ।

(क) नेपाली साहित्यमा उपेन्द्रप्रसाद आचार्यको काव्यगत प्रवृत्ति केलाउनु ,

(ख) आचार्यको साहित्यिकयात्राको चरण विभाजन गर्नु,

(ग) उपेन्द्रप्रसाद आचार्यका काव्यकृतिहरूमा समावेश भएका विषयको चर्चा गर्नु ।

घ) उनले साहित्य जगत्‌मा दिएको योगदानको चर्चा गर्नु ।

## १.७ पूर्वकार्यको समीक्षा

नेपालकोसुदुर पर्वूमा जन्मिएका नेपाली साहित्यका सर्जक कवि उपेन्द्रप्रसाद आचार्यको काव्यकारितामा केही पत्रपत्रिकाहरूले उनका क्रान्तिकारी एवम् प्रगतिशील काव्यहरूका भूमिकामा सामान्य चर्चा र पूर्व शोधार्थीहरू म.र.ब. क्याम्पस इलामका नरेन्द्रकुमार मिश्रले उनको जीवनी, व्यक्तित्व र कृतित्वको सामान्य अध्ययन गरेका छन् ।

१. देव शक्तेन पौवा सारताप ७ चिम्फूला पाँचथरले उपेन्द्रप्रसाद आचार्यको कविता सङ्ग्रह 'केही उखानहरूलाई लयमा कैद गर्दा' (२०६९) को भूमिका लेख्ने क्रममा आचार्य आफ्नो कृयाशील काव्यकर्मको पुरानो कडीलाई तोड्ने होइन, जोड्ने सघर्षमा पुनः नारिएका छन् भनी उनी प्रति सादुभाव प्रकट गरेका छन् ।

२. देव शक्तेन राँके भञ्ज्याङ्ग पाँचथरले उपेन्द्रप्रसाद आचार्यको कविता सङ्ग्रह 'मेरो गाउँको कहानी' (२०७०) को भूमिका लेख्ने क्रममा आचार्यको वैचारिक चेत, व्यङ्ग्यात्मक ओज र आशावादी सोचहरू प्रतिध्वनित भएका छन् र विषयवस्तु, प्रसङ्गको पृथक प्रस्तुतिमा रचित कविताका केही प्रकृतिहरू वेगल रुप र वेजोड स्वाद पस्किएको कुरा उल्लेख गरेका छन् ।

३. देव शक्तेन राँके भञ्ज्याङ्ग पाँचथरले नै उपेन्द्रप्रसाद आचार्यको कविता सङ्ग्रह 'दर्पण' कविता (२०७१) को भूमिकामा आचार्य मूलत यथार्थवादी कवि हुन उनीले जे देखे, भोगे र पचाए त्यही लेखे भनि प्रसंशा गरेका छन् ।

४. रामप्रसाद गुरागाँई सहप्राध्यापक, विभागीय प्रमुख, नेपाली विभाग, म.र.ब. क्याम्पस इलामले आचार्यको 'तीर्थाटन र त्यसको इतिवृत्ति' (२०७२) नियात्राको भूमिकामा कृतिमा विशाल भारतसँग केही पक्षका विच तुलना गरिएको हुँदा लेखकमा भएको तार्किक क्षमता र प्रगतिशीलताले यो नियात्रात्मक रचना पाठक वर्गकालागि अवश्य पठनीय र मननीय भएको कुरा उल्लेख गरेका छन् ।

५. डा.देवी क्षेत्री दुलाले आचार्यको कृति 'क प सङगालो दृष्टान्त' (२०७५) कथा र पत्रको भूमिका लेख्ने क्रममा आचार्यलाई वैचारिक धारका आलोकमा सक्रिय एक जना प्रगतिशील कथाकारका रुपमा उभिन पुगेको कुरा उल्लेख गरेका छन् ।

६. मुकुन्दप्रसाद गुरागाई म.र.ब. क्याम्पस, इलामले आचार्यको कृति 'क प सङगालो दृष्टान्त' (२०७५) कथा र पत्रको भूमिकामा यो कृति लेखकको अन्तर कथा हुदाँहुँदै पनि नेपाली समाज र विश्व राजनैतिक परिवेशको चित्रण गर्नमा समेत यो सफल रहेको कुरा उल्लेख गरेका छन् ।

७. म.र.ब. क्याम्पस इलाममा स्नातकोत्तर तह द्वितीय वर्ष नेपाली विषयका (२०७२) शोधार्थी नरेन्द्रकुमार मिश्रले आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको शोधपत्र तयार गर्ने क्रममा उपेन्द्रप्रसाद आचार्य र उनका कृतिलाई सामान्य रुपमा चिनारी गरेका छन् ।

## १.८. शोधको औचित्व तथा महत्व

साहित्य लेखनमा क्रियाशिल आचार्यका बारेमा इलामबाट प्रकशिन हुने पत्रपत्रिकाले कवि आचार्यका कविताहरूमाथि विश्लेषण गरेको पाइन्छ । यसै गरी म.र.ब. क्याम्पस इलामका शोधार्थी नरेन्द्रकुमार मिश्रले पनि आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको शोधपत्र तयार गर्ने क्रममा उनको र उनका कृतिको सामान्य चिनारी गरेका छन । तर उनका प्रकाशित कविता कृतिको शुक्ष्म अध्ययन हुन सकेको छैन । तसर्थ 'कवि उपेन्द्रप्रसाद आचार्यका कविता कृतिको अध्ययन' शीर्षकको यो शोधपत्रले समवर्ती र उत्तरवर्ती शोधार्थीहरूलाई शोधकार्य गर्न सहयोग गर्ने भएकाले यो शोधको औचित्व तथा महत्व रहेको छ ।

## १.९ शोधपत्र अध्ययनको सीमाङ्कन

इलाम जिल्लामा अनवरत रुपमा साहित्यको सृजना गरिरहेका कवि उपेन्द्रप्रसाद आचार्यका प्रकाशित कविता कृतिहरू 'केही उखानहरूलाई लयमा कैद गर्दा' (२०६९), 'मेरो गाउँको कहानी' (२०७०) र 'दर्पण' कविता सग्रह (२०७१) को अध्ययन विश्लेषण गरिएको छ ।

## १.१० सामग्री संकलन विधि

'कवि उपेन्द्रप्रसाद आचार्यका कविता कृतिको अध्ययन' शीर्षकमा शोध कार्य सम्पन्न गर्नुपर्ने भएकाले आचार्यका प्रकाशित कविता कृतिको अध्ययनसँग सम्बन्धित सामग्री सङ्कलनको प्राथामिक सामाग्री सङ्कलन विधि र उनका बारेमा लेखिएका समालोचकका

विचार, उनका रचनामा रहेका विभिन्न पुस्तक तथा पत्रपत्रिका, स्वयम् कविसँगको भेटघाट र कुराकानी, पुर्व शोधार्थीको शोधपत्र, आचार्यका परिवारजन, समकालिन सिहित्यिक व्यक्तत्वसँग पनि शोधबुझ गरी पुस्तकालयीय सामग्री सङ्कलन विधिलाई प्रयोग गरी शोधकार्य सम्पन्न गरिएकोछ ।

## १.११ शोधविधि

शोध शीर्षकको क्षेत्र अनुसार सम्बद्ध विषयका सामाग्रीहरूको अध्ययनका लागि ऐतिहासिक, वर्णनात्मक तथा विश्लेषणात्मक बिधि तथा आवश्यकता अनुसार अन्य बिधिको पनि उपयोय गरिएकोछ ।

## १.१२ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको विषयवस्तुलाई सङ्गठित र व्यवस्थित गर्न बिभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी निम्न परिच्छेद रहेकाछन् ।

(क) पहिलो परिच्छेद – शोध परिचय

(ख) दोस्रो परिच्छेद – कविताको सैद्धान्तिक परिचय

(ग) तेस्रो परिच्छेद – आचार्यको परिचय र उनको साहित्यिक यात्रा

(घ) चौथो परिच्छेद – कवि उपेन्दप्रसाद आचार्यका कविता कृतिको अध्ययन, विश्लेषण

(ङ) पाचौ परिच्छेद – उपसंहार एंव निष्कर्ष

**परिशिष्ट.**

**सन्दर्भग्रन्थसूची**

*

# दोश्रो परिच्छेद

# उपेन्द्रप्रसाद आचार्यको परिचय र साहित्यिक यात्रा

## २.१ जीवनी

### २.१.१ जन्म

उपेन्द्रप्रसाद आचार्यको जन्म वि.सं. २०१७ साल वैशाख १ गते पूर्व मेचीको पाँचथर जिल्लाको साविक इम्बुङ्ग गाउँविकास समिति वाडा न. ५, वर्तमानको फाल्गुनन्द गाउँपालिका २ नम्बर वडामा स्वर्गीय पिता पुष्पलाल आचार्य र स्वर्गीय माता नर्वदा आचार्यका कान्छा सुपुत्रका रुपमा भएको हो (शोधनायकबाट प्राप्त जानकारी अनुसार मिति २०७५/०९/०२)।

उनका दुई दाजु र पाँच दिदीहरू रहेका छन् । उनका दुई दाजुहरूमा जेठा दाजु स्वर्गीय छविलाल आचार्य र माहिला दाजु स्वर्गीय भीमप्रसाद आचार्य हुन । आचार्यका पाँच दिदीहरूमा क्रमस जेठी दिदी जामित्रा पौडेल मोरङको विराटनगरमा,माहिली दिदी मोहन माया काफ्ले झापाको हल्दिबारीमा,साँहिली दिदी चन्द्रकला भट्टराई इलामको जमुनामा काँहिली दिदी मित्रकला घिमिरे झापाको खुदुनावारी र कान्छी दिदी उर्वाशादेवी ढकाल मोरङको पथ्री मा घरगृहस्थी चलाउँदै आएका छन् (शोधनायकबाट प्राप्त जानकारी अनुसार)।

## २.२ पारिवारिक पृष्ठभूमि

कवि उपेन्द्रप्रसाद आचार्यका हजुरबुवा स्वर्गीय श्री जयनारायण आचार्यका जम्मा ५ जना छोराहरू थिए । जसमा जेठा त्रिलोचन आभार्य कवि आचार्यका वडिवा हुन्, माहिला पुष्पलाल आचार्य उनका पिता हुन् । साँहिला काका हेमराज आचार्य, काहिँला काका जयकृष्ण आचार्य र कान्छा काका थलप्रसाद आचार्य हुन् । उनका दुई दाजुहरू जेठो दाजु छविलाल आचार्य वि.सं. २००६ सालमा नै स्वर्गीय भएका हुन् भने माहिला दाजु भीमप्रसाद आचार्यको वि.सं. २०७१ सालमा देहसान भएको हो (शोधनायकबाट प्राप्त जानकारी अनुसार)।

कवि आचार्य ठूलो परिवारमा जन्मिए पनि सबै दाजु दिदीका कान्छा भाइ भएकाले सुख सयलमै हुर्केका थिए । उनका पिताको मुख्य पेशा खेती किसानी नै थियो ता पनि प्रभाव स्वरप समाज, संस्कृति र परम्पराको प्रभाव कवि उपेन्द्रप्रसादमा परेको पाइन्छ । उनी समाज संस्कृति र परम्पराको अघात माया र आस्था राख्दछन् तर समाज भित्रको विकृति र विसङ्गतिप्रति साहित्य सृजनाबाट तिखो व्यङ्ग्य गर्न सिपालु छन् ।

उनको परिवारको शैक्षिक स्तरको कुरा गर्दा उनका माहिला दाजु भीमप्रसाद आचार्यले प्रथामिक तहसम्मको औपचारिक शिक्षा आर्जन गरेको र जेठा दाजु उनी जन्मनु भन्दा करिव ११ वर्ष अगाडी नै यो संसारबाट विदा लिएका र दिदीहरू पनि सामान्य रुपमा साक्षर रहेको कुरा उनी बताउँछन् । निम्नमध्यम् वर्गीय परिवारमा जन्मिएका उपेन्द्रप्रसाद आचार्यको बाल्यकाल भने दाजु दिदीहरूको माया ममताका साथै सामान्य शैक्षिक वातावरणमै वितेको पाइन्छ । उनी जन्मेको एक वर्ष पछि उनका पिताको निधन भएको थियो । पितृस्नेहबाट बञ्चित भएपनि आमा, दिदी र दाजुहरूको अघात माया र उचित भरण पोषणका कारण उनको बाल्यकाल राम्रोसँग वितेको उनी बताउँछन् । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

## २.३ शिक्षादीक्षा

मध्यम्वर्गीय एवम् ब्राह्मण परिवारमा उपेन्द्रप्रसाद आचार्यको जन्म भएको हो । उनको प्रारम्भिक शिक्षा घरमै दाजु भीमप्रसाद आचार्यबाट अक्षरारम्भ र गणितीय सामान्य ज्ञान हासिल गरेका थिए । उपेन्द्रप्रसाद आचार्यको अध्ययनको सुरुवात घरमै सामान्य अक्षर चिन्ने र सिक्ने क्रममा भएको कुरा उनी बताउछन् । उनले घरमा गरेको सामान्य स्वअध्ययनकै क्रममा तत्कालीन समयको कक्षा एक सम्मको ज्ञान हाशील गरेको कुरा उनी बताउँछन् । आफ्नै घरमा सामान्य शिक्षा आरम्भ गरिसकेपछि उनले औपचारिक शिक्षामा प्रवेश गरेका थिए । उनले औपचारिक शिक्षा आरम्भ गरेको विद्यालयको नाम हिमालय बालकन्या प्रा.वि थियो । उनी यस स्कुलमा भर्ना हुँदा एकै चोटि कक्षा दुईमा भर्ना भएका थिए । आचार्यले सो स्कुलमा दुई वर्ष मात्र अध्ययन गरे । त्यसपछि उनीले ४ देखि कक्षा ७ सम्म श्री सारताप नि.मा.वि. पाँचथरमा अध्ययन गरे । त्यसै गरी कक्षा ८ देखि १० सम्म फिदिम ब्या. मा.वि. फिदिमबाट र आइ.एड. म.र.ब. क्याम्पस इलाममा अध्ययन गरेको उनी बताउँछन् । त्यसै गरी वि.एड. धनकुटा बहुमुखी क्याम्पस धनकुटा र एम.एड. केन्द्रीय

क्याम्पस त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुर काठमाण्डौबाट पुरा गरी आफ्नो औपचारिक शिक्षा पूरा गरेका हुन् । उनको परिवार त्यसवेला निम्नमध्यम्वर्गीय रहेको थियो । आर्थिक अवस्था शिक्षा आर्जको लागि त्यति राम्रो नभएको कारण उनले अध्ययनको क्रममा केही दुख कष्ट झेल्नु परेको अवस्था उनी बताउँछन् (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

## २.४ विवाह/सन्तान

कवि उपेन्द्रप्रसाद आचार्यको वि.सं. २०४३ साल माघ १२ गते तत्कालीन समयमा इलाम जिल्लाको सोयाङ्ग गा.वि.स निवासी स्वर्गीय पिता अभिनारायण खतिवडा र माता यशोदा खतिवडाकी सुपुत्री कमला खतिवडासँग लगनगाँठो कसी वैवाहिक जीवनको सुरुवात भएको हो । उनको विवाह पछि जीवन यात्रामा केही आर्थिक सुधार आएको कुरा शोधको क्रममा बुझिन्छ । श्रीमती कमला आचार्य विवाह हुनुभन्दा अगाडि नै शिक्षण पेशामा संलग्न थिइन् । उनी वि.सं. २०४० माघ १४ देखि प्रथामिक तहको अस्थायी दर्वन्दीमा कार्यरत थिइन् । श्रीमती आचार्यको मेहनत र लगावको फलस्वरुप उनले वि स. २०४३ सालको शिक्षा आयोग पास गरी सोही असार देखि स्थायी दर्वन्दीमा रही शिक्षण गर्दै आएकी थिइन् । कम्युष्टि राजनीतिमा धेरै झुकाव राख्ने श्रीमती आचार्यले वि.सं. २०७४ वैशाख ७ गते शिक्षण पेशाबाट राजिनामा दिई २०७४ सालको स्थानीय तहको निर्वाचनमा उमेरद्वारी दिई चुनाव लडिन र उनको कुशल राजनीति र मेहनतीपनको फलस्वरुप उनी अत्याधिक मतले विजयी बनी हाल अर्जुनधारा गरपालिकाको उपमेयर बनि आफ्नो कार्यकाललाई उर्जाशिल र विकसित काल बनाई कार्य गरिरहेकी छन् (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

उपेन्द्रप्रसाद आचार्यको वि.सं. २०४३ माघमा कमला खतिवडासँग वैवाहिक जीवन गाँसेका थिए । आचार्य दम्पतिका सन्तानका रुपमा हाल जेष्ठ सन्तानका रुपमा उसव आचार्य (२०४६), प्राविधिक तर्फको कम्युनिकेशन एण्ड इलेक्ट्रोनिक्स इन्जिनियर सम्मको अध्ययन पूरा गरी सुचना प्राविधिक इन्जिनियरको रुपमा पाँचथरको फाल्गुनन्द गाउँपालिका (पूर्ख्यौली गाउँ) मा कार्यरत छन् । दोस्रो सन्तान तथा एक मात्र छोरी निशा आचार्य ( २०४८) ब्याचलर नसिङ्ग गरी हाल वी.एण्ड. सी अस्पताल विर्तामोडमा नर्सको रुपमा कार्यरत छिन् भने तेश्रो सन्तान तथा कान्छो छोरो उत्तम आचार्य (२०५०) इलेक्ट्रिकल इन्जिनियरिङ्गको अध्ययन पूरा गरी विद्युत वितरण केन्द्र मकवानपुरमा कार्यरत छन् ( शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

## २.५ कार्य क्षेत्र

कवि उपेन्द्रप्रसाद आचार्य आफ्नो अध्ययन कालदेखि नै साहित्यमा रुचि राख्दथे । आफ्नो औपचारिक अध्ययनलाई स्नातकोत्तर मै थाँति राखेका छन् । आचार्य जागिरे जीवनमा आफ्नो प्रवेशिका परीक्षा उत्तिर्ण नगरी सेन्टप टेष्ट पास गरेसँगै प्रवेश गर्दछन् । वि.सं. २०३५ वैशाख १९ गतेदेखि प्राथामिक विद्यालयको स्थायी दरबन्दीमा तत्कालीन शिक्षक सेवा आयोग पास गरी प्राथमिक तहका शिक्षक बनेर ३ वर्ष सम्म काम गरे । वि स. २०३८ सालमा बेतलबी विदा लिएर प्रमाण पत्र तह अध्ययन गर्न म.र.ब. क्याम्पस इलाम गए । त्यस पछि वि.सं. २०४० देखि २०४३ आश्विनसम्म पञ्चायती व्यवस्थाको विरोधी ठानी जेल जीवन बिताएका आचार्यले वि.सं. २०४३ देखि पुनः शिक्षण पेशा शुरु गरे । तर बिचमा वि.सं. जनआन्दोलन समयमा झापा पक्रउपरी चन्द्रगडी जेल परेर बहुदलको घोषणासँगै बाहिरिएर पुनः पेशामा फर्किए । वि.सं. २०४९ मा प्रा.वि शिक्षक पदबाट राजिनामा दिई एम.एड. अध्ययन गर्न काठमाण्डौ पुगेका आचार्य वि.सं. २०५२ देखि उ.मा.वि. शिक्षण गर्न डोटी जिल्लाको जोरायल क्षेत्रको श्री घण्टेश्वर उ.मा.वि. लक्ष्मीनगर पुगे । यहाँ वि.सं. २०५५ सम्म काम गरे । वि.सं. २०५५ मङ्सिर १७ देखि म.र.ब. क्याम्पस इलाममा भूगोल शिक्षाको शिक्षण सहायक बनी अध्यापन गरी वि.सं. २०६४ मा स्थायी दरबन्दीमा नियुक्त भई हालसम्म उपप्राध्यापक भइ प्राध्यापन पेसामा कार्यरत छन् (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

साहित्यकार आचार्यको सामाजिक व्यक्तित्व समाज सापेक्ष नै देखिन्छ । सामाजिक क्रियाकलापमा उनी सदा अग्रसर देखिन्छन् । आचार्य जातीय विभेद तथा छुवाछुत लगायत सामाजिक कुरीति र कुप्रथाको खुलेर विरोध गर्दछन् । सामाजिक तथा साहित्यिक सघ सस्थामा उनी सक्रिय रहिरहन्छन् । उनी राजनीतिमा पनि आफ्नो समय खर्चने गर्दछन् । उनले जुन काममा हात हाले पनि कुशलताका साथ पूरा गरी छोड्छन् ।

## २.६ आर्थिक स्थिति

साहित्यकार उपेन्द्रप्रसाद आचार्य संयुक्त निम्नमध्यम परिवारमा हुर्केका हुन् । उनी निम्नमध्यम् वर्गीय परिवारका सदस्य हुन् । आर्थिक अवस्था भन्नाले गाँस, बास र कपास तथा पारिवारिक व्यवस्थापनका लागि नियमित रुपमा आवश्यक पर्ने सामग्रीहरूको उपलब्धताको अवस्थालाई जनाउछ । यस्ता नियमित आवश्यक सामग्रीहरूको उपलब्धतामा

सहज छ भने राम्रो आर्थिक अवस्थाको स्थितिमा राखिन्छ । आवश्यक पर्ने सामग्रीहरूको असहज छ भने त्यस्तो अवस्थालाई आर्थिक अवस्थाको निम्न स्थितिमा राखिन्छ । यस्तै गरी यहाँ उपेन्द्रप्रसाद आचार्यको आर्थिक अवस्थालाई हेर्दा उनी पूर्वी नेपालको पाँचथर जिल्लाको ग्रामीण भेगमा साविकको इम्बुङ्ग गाउँविकास समिति, वर्तमानको फाल्गुनन्द गाउँपालिकामा निम्नमध्यम् वर्गीय परिवारमा जन्म भएकाले उनले विभिन्न आर्थिक चुनौतिहरूको सामना गर्दै स्नातकोत्तर तहसम्मको अध्ययन गरेका हुन् (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

हाल उनी महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा प्राध्यापन गर्दछन् । यसका साथै उनकी धर्मपत्नी कमला आचार्य झापा जिल्ला खुदुनावारी स्थित श्री जनता उ.मा.वि.मा शिक्षण पेशा गर्दै गरेको अवस्थाबाट राजिनामा गरी हाल अर्जुनधारा नगरपालिकाकी उपमेयर बनेर कार्य गर्दै छिन् । यसै गरी उनका दुवै जना छोराहरू प्राविधिक इन्जिनियर पदमा कार्यरत र छोरी पनि नर्स बनेर वि.एण्ड सी. अस्पतालमा कार्यरत छिन् । यसरी हेर्दा आचार्यको परिवारमा ५ जना सदस्यमा सवै उच्चस्तरको जागिरे भएका कारण उनको हालको आर्थिक अवस्था सम्पन्न रहेको बुझिन्छ । आचार्यले पाँचथरको पूर्खेली घरलाई छोडी झापाको अर्जुनधारा नगरपालिकामा साथै इलामको महेन्द्ररत्न बहुमुखी क्याम्पस छेउमा पनि घर निर्माण गरी आर्थिक रुपमा सुखमय जीवनयापन गर्दै आएका छन् (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

## २.७ रुचि तथा स्वभाव

कवि उपेन्द्रप्रसाद आचार्य कविता, कथा, निबन्ध लगायतका विभिन्न विधाको रचना गर्न अत्याधिक रुचि राख्दछन् । मानिसलाई आफ्नो कर्म क्षेत्रमा प्रवृत गराउने प्रमुख कारक भनेको उसको रुचि हो । रुचिकै कारण मान्छे आफ्नो कार्य क्षेत्रमा प्रवृत्त हुन्छ र सफल पनि हुन्छ व्याक्तिको सम्पूर्णतालाई बुझ्न उसको रुचिलाई बुझ्न आवश्यक हुन्छ । उनी नयाँ नयाँ ठाउँमा घुम्ने पुस्तक पढ्ने, साहित्यिक समारोहमा भाग लिने गर्दछन् । उनी फुर्सतको समयमा रेडियो टि.भि.बाट मनोरञ्जन लिने, सामाजिक सञ्जाल मार्फत विभिन्न उपयोगि कुरा पोष्ट गरेर सबै माझ जानकारी गराउने गर्दछन् । कवि आचार्य राजनीति गर्ने विभिन्न सभा गोष्ठिमा भाग लिने, नयाँ खोज अनुसन्धान गर्ने, पत्रपत्रिका पढ्ने, नेपालीका विभिन्न दर्शनहरूको अध्ययन गर्ने रुचि आचार्यको देखिन्छ । उनको व्याक्तित्व सफा छ र घर आँगन र कोठाहरू मिलेको सफा र चिटिक्क राख्न रुचाउँछन् । आचार्यको कोठाहरू सफा र व्यवस्थित देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

उपेन्द्रप्रसाद आचार्य सानै उमेर देखि छलकपट नगर्ने, पेटमा कुविचार नराख्ने, सत्य कुरा मात्र बोल्ने, आफ्ना सहकर्मीहरूको उन्नती र प्रगतिमा ईर्ष्या नगर्ने, आफ्नो सोचविचार, चिन्तन र मनन प्रति विश्वस्त र कडा स्वभाव भएका व्यक्तिका रुपमा परिचित छन् । समाजमा रहेका गरिव दुःखीप्रति  माया भाव व्यक्त गर्ने, उनी धनी वर्ग प्रति आक्रोस भाव प्रकट गर्ने गर्दछन् । समाजमा छुवाछुत प्रथाको अन्त्य गरेर नयाँ सामाजिक संरचनाको शुरुवातमा उनी दृढ भएर लागि पर्दछन् ।

घरमा वस्ता सामान्य पोशाकमा रहने आचार्य बाहिर हिड्दा सर्ट पेन्ट, नेपाली टोपी कम्मरमा छालाको पेटी, जुत्ता मोजामा विशेष रुचिका साथ सजिएर हिड्ने गर्दछन् । उनले आँगन, कोठा सबै सफा र आर्कषक देखिन्छ । खानाको कुरा गर्दा उनी सामान्य दाल, भात र सागमै रमाउँछन् ।

## २.८ साहित्यिक क्षेत्रमा प्रवेश

माध्यमिक तहमा अध्ययन गर्दा देखिनै फुटकर कविता रचना गर्न थालेका आचार्य कवि शिरोमणि लेखनाथ पौड्यालको 'पिँजडाको सुगा' कविताको अध्ययन गरे पश्चात कविता विधामा विषेश चाख देखाएका थिए । कविता विधाबाट साहित्यिक यात्रा शुरु गरेका आचार्यले फुटकर कथा, नियात्रा, दैनिकी पत्रात्मक साहित्यमा  कलमचलाएका छन् । माध्यमिक तहमा अध्ययन गर्दा देखिनै फूटकर कवितामा रुची राख्ने आचार्य नेपाली काव्य फाँटमा एक उत्कृष्ठ कवि बनेका छन् ।  आचार्यको पहिलो प्रकाशित कृति 'केही उखानहरूलाई लयमा कैद गर्दा' (२०६९) हो । दोस्रो कविता कृति 'मेरो गाउँको कहानी' (२०७०) हो भने उनको पछिल्लो कविता कृति 'दर्पण' कविता सग्रह (२०७१) हो । उनी साहित्यिक फाँटमा कविकै रुपमा चिनिन्छन् । उनका कविता सङग्रह बाहेक 'तीर्थाटन र त्यसको इतिवृत्ति' (२०७२) नियात्रा, 'सिक्किम भ्रमण र त्यसको पुराण' (२०७३) नियात्रा, 'क प सङ्गालो दृष्टान्त' (२०७५) कथा र पत्र  कृतिहरू पनि प्रकाशित छन् । आचार्य साहित्यिक फाटमा अझै पनि निरन्तर लागिरहेका छन् । उनले आफूँलाई लागेको रोग र 'मस्तिष्क घात' बाट मुक्ति पाई डा. उपेन्द्र देवकोटाले उनलाई पुनःजीवन दिएको कुरा समेटी उनले अर्को कृति प्रकाशनको मुखमा पुऱ्याएका छन् । उनी हाल पनि साहित्यिक फाँटमा, प्राध्यापनमा र समाज सेवामा निरन्तर लागिरहेका छन् शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

## २.९ प्रकाशित कृतिहरूको सूची

साहित्यको कविता विधा अँगालेर साहित्यको साधना सुरु गरेका आचार्यले हाल सम्ममा विशेष कविता क्षेत्रमै सफलता पाएका छन् । आचार्य विचर र नविन शैली शिल्पका साथ कविता लेखनबाट साहितियिक लेखनमा लेखनमा प्रवेश गरेका हुन् । उनको रचना कवि गोष्ठी, साहित्यिक कार्यक्रम, पत्रपत्रिका तथा सामाजिक सञ्जालमा धेरै कविताहरू प्रस्तुत गरे पनि उनका हालसम्म प्रकाशित किताबकार कृति निम्न छन् :

| क्र.स | कृतिको नाम | प्रकाशन वर्ष | विधा |
|---|---|---|---|
| १ | केही उखानहरूलाई लयमा कैद गर्दा | वि.सं.२०६९ | कविता सङ्ग्रह |
| २ | मेरो गाउँको कहानी | वि.सं.२०७० | कविता सङ्ग्रह |
| ३ | दपर्ण | वि.सं.२०७१ | कविता सङ्ग्रह |
| ४ | तीर्थाटन र त्यसको इतिवृत्ति | वि.सं.२०७२ | नियात्रा |
| ५ | सिक्किम भ्रमण र त्यसको पुराण | वि.सं.२०७३ | नियात्रा |
| ६ | क प सङ्गालो दृष्टान्त | वि.सं.२०७५ | कथा र पत्र |

आचार्यका उल्लेखित कृति बाहेक आफूलाई लागेको घातक रोग ब्रेन ह्यामरेजबाट छुटकारा पाएको कुरालाई समेटी अर्को कृतिलाई प्रकाशनको मुखमा पुऱ्याएका छन् । त्यसै गरी उनले आत्माकथा कृति पनि तयार गरी मुद्रणका लागि समय पर्खेको कुरा उनी वताउँछन् ।

## २.१० साहित्यिक मान्यता र जीवन दर्शन

आफ्नै जीवनका सुख दुःखका अनुभूतिको कलात्मक अभिव्यक्तिलाई साहित्य भनिन्छ भन्ने मान्यता कवि उपेन्द्रप्रसाद आचार्यको रहेको छ । कवि उपेन्द्रप्रसाद आचार्यले पश्चिमी साहित्य तथा पूर्वीय साहित्यको अध्ययन गरी कविता लेखेको पाइन्छ । आफ्नो व्यक्तित्व र देशको तथा समाजको स्थितिले कविको कवित्वमा प्रभाव परेको पाइन्छ ।

साहित्यलाई कवि उपेन्द्रप्रसाद आचार्यले निम्न र निमुखा वर्गका जनताको पृष्ठपोषणका रुपमा चिनाएका छन् । साहित्यले सामाजिक असमानता र विकृतिको व्याख्या गर्दै समाजलाई प्रगतितर्फ डोऱ्याउने खालको हुनुपर्ने मान्यता राखेको देखिन्छ । आचार्यले आदर्श समाजको परिकल्पनालाई जोड दिएका छन् । यही कल्पनालाई साकार पार्न आर्थिक

विषमता, सामाजिक भेदभाव अन्याय अत्यचारको बिरोधनै साहित्यमा देखाउन खोजेको विषय हो भन्ने ठान्दछन् । आचार्य शिक्षालाई जीवनको प्रगति र उन्नतिको वाहाक ठान्दछन् । सभ्यतालाई शालीन व्यवहार ठान्दछन् । उनी कसैका कृतिलाई हौसला दिने खालको समालोचना दिनु पर्छ भन्दछन् । व्यक्ति, समाज, समुदायमा कसैलाई डर,त्रास,नदिई हरबखत खुशी रहन दिनु जीवन अभिव्यक्ति हो तसर्थ साहित्यले हँसाउनु पर्छ रुवाउनु होइन भन्दछन् । साहित्य निष्पक्ष हुनुपर्छ  उदाहरणीय,अनुकरणीय हुनुपर्छ । साहित्य छुटिहाल्ने होइन जुटिरहने हुनुपर्छ भन्ने शिक्षा साहित्यबाट पाइनु पर्दछ । साहितिक व्यक्तित्व बालकदेखि बृद्ध  सम्म तिनका बिचार आत्मासाथ गर्ने किसिमको हुनु पर्छ । यसरी आचार्य साहित्यलाई र जीवनलाई प्रतिफलको पर्याय ठान्दछन् । (स्रष्टासँगको कुराकानिबाट)

## २.११ उपेन्द्रप्रसाद आचार्यका विविध पाटा मध्ये शारीरिक व्यक्तित्व

कवि उपेन्द्रप्रसाद आचार्य शारीरिक संरचनाका दृष्टिले होचो कद, गोलो अनुहार, मिलेका दाँत, शरीरलाई सुहाउने नाक भएका व्यक्ति हुन् । गहुँगोरो बाक्ला दाह्री जुँगा, केही मात्रामा  दाह्री जुँगा र केश फुलेका छन् । हाल ५८ बर्षका भए पनि हेर्दा निरोगी सुस्वास्थ्य देखिनु उनको बाह्य व्यक्तित्व हो । उनले ५८ औ बसन्त पार गर्दा पनि अशक्त जस्तो नदेखिने जाँगरिला, फूर्तिला र युवा जोशका देखिन्छन् । उनको व्यक्तिगत तथा साहित्यिक जोसले धेरै जसो प्रौढ तथा युवा वर्गलाई आकर्षित गर्छ । उनको जीवन शैली सरल र स्वलम्वी देखिन्छ । उनी आफ्नो घर भित्रको काममा पनि समय दिन्छन् ।

साहित्यिक तथा सामाजिक काममा भने दिन रात खर्चिन पनि पछि पर्दैनन् । उनमा दया उदरता का भावना  छन् । समग्रमा भन्नु पर्दा उनी कार्यमा लगनशील र उनको जीवन शैली ज्यादै सरल छ । उनी समाजमा सम्मानित पनि छन् ।

आचार्य साहित्य, सङगीत, समाजसेवा, शिक्षण आदि विविध क्षेत्रमा कार्यरत रही महत्वपूर्ण अनुभव बटुलेका संर्घषशील एक आर्दश व्यक्तित्व हुन् । यही नै उनको  व्यक्तित्व हो । उनी प्रतिभाशाली, आत्मा विश्वाशी भएका कारण उनको सानै उमेरदेखि पढाइमा निरन्तरता दिदै गएको पाइन्छ । औपचारिक शिक्षाकालागि पाँचथर, इलाम, धनकुटा, काठमाण्डौ लगायतका ठाउँमा अध्ययन गरेका उनले त्रिभूवन विश्वविद्यालय, र्कीतिपूर काठमाण्डौबाट स्नातकोत्तर सम्मको अध्ययन पूरा गरेका हुन् । उनी एक  कुशल प्राध्यपक, हँसिला तथा फूर्तिला साहित्यकारका रुपमा समेत चिनिन्छन् । चाँहिदो मात्रामा सुबिधाको

उपयोग गर्नु, सँधै हँसिलो मुद्रामा देखिनु, उनको बानी रहेको छ । बोलीवचनमा मिठास्, स्वभावमा शिष्टता, कार्यगत सहजता देखिनु पनि उनको व्यक्तित्वको परिचय हो । आचार्य सानै उमेरदेखि साहित्य प्रतिको अभिरुचि तथा झुकाव राख्ने देखिन्छन् । उनको व्यक्तित्व बहुमुखी छ । यसरी नेपाली साहित्य कला, संस्कृति, समाज सेवा लगायत मानव जीवनसँग सम्बन्धित सम्पूर्ण क्षेत्रमा उनको संलग्नता र सक्रियता भएकै कारण आचार्य पूर्वी नेपालका एक नक्षत्र रत्नका रुपमा चिनाउन सकिने व्यक्ति हुन् भन्न सकिन्छ ।

| **उपेन्द्रप्रसाद आचार्यको व्यक्तित्व** | |
|---|---|
| साहित्यिक व्यक्तित्व | साहित्येतर व्यत्तित्व |
| कवि व्यक्तित्व | शैक्षिक व्यक्तित्व |
| आख्यानकार व्यक्तित्व | प्राध्यापक व्यक्तित्व |
| | राजनैतिक व्यक्तित्व |

## २.११.१ साहित्यिक व्यक्तित्व

साहित्यिक व्यक्तित्व भन्नाले साहित्यसँग सम्बन्ध राख्ने व्यक्तित्व भन्ने बुझिन्छ । उपेन्द्रप्रसाद आचार्यको माध्यमिक तहमा पढ्दादेखि नै साहित्य प्रतिको झुकाव थियो । आचार्यले उपयुक्त पृष्ठभूमिमा आफ्ना उत्कृष्ट प्रतिभाका कारण 'केही उखानहरूलाई लयमा कैद गर्दा' नामक कविता सङ्ग्रह प्रकाशित गरेर साहित्यको औपचारिक यात्रा शुरुवात गरे । वि.सं.२०६९ सालमा ५२ बर्षको उमेरमा कविता संग्रह प्रकाशित गर्न सफल भएका छन् । उक्त कविता संङ्ग्रह केही उखानहरूलाई लयमा कैद गर्दा' हो । पत्रपत्रिकामा छापिएका कवितादेखि कथा, नियात्रा, पत्रसाहित्य लगायतका कृति प्रकाशित गरेका छन् । उनलाई कविताका सिद्धहस्त व्यक्तित्व का रुपमा लिन सकिन्छ । उनको साहित्यिक व्यक्तित्व, कवि निबन्धकार कथाकारका रुपमा समेत पाउन सकिन्छ उनमा काव्य साहित्य र नियात्रा तथा पत्र साहित्यसम्म पनि पाउन सकिन्छ ।

### २.११.१.१ कवि व्यक्तित्व

उपेन्द्रप्रसाद आचार्यले साहित्य लेखनका शुरुवातका दिनहरूमा फुटकर कविता लेखेको पाइन्छ । उनले कविता लेख्दा गद्य लयमा लेखेको पाइन्छ । उनले पहिला धेरै फुटकर कविताहरू लेखे तर प्रकाशन भने गरेका थिएनन्, उनले पहिला लेखेका कवितालाई

छोडेर केही उखानहरू बटुली, लय दिए अनि साथिहरूलाई सुनाउने क्रममा समकालिन साथिहरूको सल्लाह बमोजिम प्रकाशन पनि गरे । यो पहिला प्रकाशन गरिएको कृतिको नाम 'केही उखानहरूलाई लयमा कैद गर्दा' हो । उनले पहिला लेखेका कवितालाई संङकलन गरेर प्रकाशन गर्न भने केही ढिलो गरेको देखिन्छ । उनको फुटकर कविताको संग्रह गरेर प्रकाशित कृति दोस्रो प्रकाशित कृति हो । उनले यो कविता संङग्रहको नाम 'मेरो गाउँको कहानी' नाम दिएर प्रकाशित गरेका छन् । यस कृतिमा जम्मा ६८ वटा कविता समावेश गरिएका छन् । यो कृतिको प्रकाशन २०७० सालमा गरिएको हो । यस कविता सङग्रहमा संग्रहित कविताहरूले, प्रगतिवादी, मानव अधिकार, राष्ट्र प्रेम, मानवीय प्रेम, राजनीति, सामाजिक विकृति, प्रकृति प्रेम आदिको प्रतिनिधित्व गरेका छन् । उनका फुटकर कविताको अर्को सङ्ग्रह पनि प्रकाशित छ । यसमा सङ्ग्रहित कविताहरू पनि कविले नेपालमा पञ्चायती साशन व्यवस्था घटना देखि गणतन्त्रसम्मका रचना गरिएका कविताहरू पनि रचना समय अनुसार क्रमिक रुपमा सङ्ग्रहित गरेका छन् । उनको तेश्रो कविता सङ्ग्रह 'दर्पण' हो । यो सङग्रहको प्रकाशन २०७१ सालमा भएको हो । यस कृतिमा जम्मा ५२ वटा कविता समावेश  गरिएका छन् । यस कविता संग्रहमा संग्रहित कविताहरूले पनि प्रगतिवादी, मानव अधिकार, राष्ट्र प्रेम, मानवीय प्रेम, राजनीति सामाजिक विकृति, प्रकृति प्रेम आदिको प्रतिनिधित्व गरेका छन् ।

### २.११.१.२ आख्यानकार व्यक्तित्व

साहित्यकार उपेन्द्रप्रसाद आचार्य आख्यानकार व्यक्तित्व पनि हुन् । उनले नियात्रा, कथा, पत्र साहित्य पनि प्रकाशन गरेका छन् । उनले पहिला प्रकाशन गरेको आख्यानकार कृति 'तिर्थाटन र त्यसको इतिवृत्ति' हो । यो कृति नियात्रा हो । यो नियात्रा कृतिको प्रकाशन २०७२ सालमा गरेका हुन् । यसमा निबन्धकारले आफू लगायत १४ जनाले गरेको भारतका विभिन्न तिर्थस्थलहरूको भ्रमणको इतिवृत्ति प्रस्तुत गरेका छन् । यसमा यात्राक्रममा गरिएका भ्रमणहरूको क्रमिक रुपमा  विभिन्न १२ वटा उपशीर्षकहरू राखिएका छन् । नियात्रा कै दोश्रो कृति हो 'सिक्किम भ्रमण र त्यसको पुराण' । यो कृतिको प्रकाशन २०७३ सालमा गरिएको हो । यसमा नियात्राकारले भ्रमणका विभिन्न ९ वटा उपशीर्षक चयन गरेका छन् । यसमा नियात्राकारले आफू, श्रीमती कमला, साढुभाई र सालीको भारतको अवलोकन भ्रमण र त्यसको पुराणको बर्णन गरेका छन् । यस्तै गरी आचार्यको अर्को प्रकाशित आख्यानात्मक कृति क प सङ्गालो दृष्टान्त हो । यस कृतिमा कथाहरू र पत्रहरू समावेश गरिएका छन् ।

यस कृतिको प्रकाशन २०७५ सालमा गरिएको हो । यसमा दुई खण्डहरू रहेका छन् । पहिलो खण्डमा विभिन्न शीर्षकका ९ वटा कथाहरू रहेका छन् । दोश्रो खण्डमा भिन्ना भिन्नै शीर्षकका १० वटा पत्र साहित्य रहेका छन् । उनका आख्यानात्मक अन्य रचनाहरू पनि आगामी दिनमा प्रकाशन गर्नका लागि सुरक्षित रहेका छन् ।

यसरी साहित्यको क्षेत्रमा फुटकर कविता हुँदै नियात्रा, पत्र साहित्यसम्मको सृजना गर्ने कविका कृतिहरूमा सरलता, सहजता र काव्य भाषाको प्रयोग गरेको पाइन्छ । लयबद्धता, सामाजिक विकृति, विसंगति, अन्याय अत्यचार, शोषण, दमन पनि उनका कविताका विषयहरू हुन् ।

## २.११.२ साहित्येतर व्यक्तित्व

उपेन्दप्रसाद्र आचार्यको साहितियक व्यक्तित्व जति महत्वको पाइन्छ साहित्येतर व्यक्तित्व पनि कम महत्वको पाइँदैन । आफ्नो जीवनको धेरै समय शिक्षण पेशामा विताएका आचार्यका सामाजिक कार्य पनि उतिकै सक्रिय रहेका छन् । उनको राजनैतीक व्यक्तित्व पनि धेरै सक्रिय रहेको पाइन्छ ।

## २.११.२.१ शैक्षिक व्यक्तित्व

प्रारम्भिक शिक्षा घरमै दाजु भीमप्रसाद आचार्यबाट अक्षराम्भ र गणितीय सामान्य ज्ञान हासिल गरेका थिए । उपेन्द्रप्रसाद आचार्यको अध्ययनको शुरुवात घरमै सामान्य अक्षर चिन्ने र सिक्ने क्रममा भएको हो । उनले घरमा गरेको सामान्य स्वअध्ययनकै क्रममा तत्कालीन समयको कक्षा एक सम्मको ज्ञान हाशील गरेका थिए । आफ्नै घरमा सामान्य शिक्षा आरम्भ गरिसकेपछि उनले औपचारिक शिक्षामा प्रवेश गरेका थिए । उनले औपचारिक शिक्षा आरम्भ गरेको विद्यालयको श्री नाम हिमालय बालकन्या प्रा.वि थियो । उनी यस स्कुलमा भर्ना हुँदा एकै चोटि कक्षा दुईमा भर्ना भएका थिए । आचार्यले सो स्कुलमा दुई वर्ष मात्र अध्ययन गरे । त्यसपछि उनी ४ देखि कक्षा ७ सम्म श्री सारताप नि.मा.वि. पाँचथरमा अध्ययन गरे । त्यसै गरी कक्षा ८ देखि १० सम्म फिदिम ब्या.मा.वि. फिदिमबाट र आइ.एड. म.र.ब. क्याम्पस इलाममा अध्ययन गरेका हुन् । त्यसै गरी वि.एड. धनकुटा बहुमुखी क्याम्पस धनकुटा र एम. एड.केन्द्रिय क्याम्पस त्रिभुवन विश्वविद्यालय कीर्तिपुर काठमाण्डौबाट पुरा गरी आफ्नो औपचारिक शिक्षा पूरा गरेका हुन् ।

### २.११.२.२ प्राध्यापक व्यक्तित्व

उपेन्द्रप्रसाद आचार्यका व्यक्तित्वका विविधपाटा मध्ये प्राध्यापक व्यक्तित्व एक महत्वपूर्ण व्यक्तित्व रहेको छ । यो पाटो उनको जीवन निर्वाहको पाटो रहेको छ । आफ्नो औपचारिक अध्ययनलाई स्नातकोत्तरतहमानै थाति राखेका छन् । आचार्य जागिरे जीवनमा आफ्नो प्रवेशिका परिक्षा उत्तिर्ण नगरी सेन्टप टेष्ट पास गरेसँगै प्रवेश गर्दछन् । वि.सं. २०३५ वैशाख १९ गतेदेखि प्राथामिक विद्यालयको स्थायी दरबन्दीमा तत्कालीन शिक्षक सेवा आयोग पास गरी प्राथामिक तहका शिक्षक बनेर ३ वर्ष सम्म काम गरे । वि स. २०३८ सालमा बेतलबी विदा लिएर प्रमाण पत्र तह अध्ययन गर्न म.र.ब. क्याम्पस इलाम गए । त्यस पछि वि.सं. २०४० देखि २०४३ आश्विनसम्म पञ्चायती व्यवस्थाको विरोधी ठानी जेल जीवन बिताएका आचार्यले वि.सं. २०४३ देखि पुनः शिक्षण पेशामा पूनवहाली भई पेशाम सुरु गरे । बिचमा शिक्षण पेशा खारेजी प्रकृयामा गएको साथै वि.सं. २०४६ को जनआन्दोलनमा झापाबाट पक्राउ परी चन्द्रगडी जेल परे बहुदलको घोषणसागै बाहिरिएका उनी पाँचथर गई पेशा पूनवहाली गरेर शिक्षक भए । वि.सं. २०४९ मा प्रा.वि शिक्षक पदबाट राजिनामा दिई एम.एड. अध्ययन गर्न काठमाण्डौ पुगेका आचार्य वि.सं. २०५२ देखि उ.मा.वि. शिक्षण गर्न डोटी जिल्लाको जोरायल क्षेत्रको श्री घण्टेश्वर उ.मा.वि. लक्ष्मीनगर पुगे । यहाँ वि.सं. २०५५ सम्म काम गरे । वि.सं. २०५५ मङ्सीर १७ देखि म.र.ब. क्याम्पस इलाममा भूगोल शिक्षाको शिक्षण सहायक बनी अध्यापन गरी वि.सं. २०६४ मा स्थायी दरबन्दीमा नियुक्त भई हाल सम्म उप प्राध्यपक भइ प्राध्यापन पेसामा कार्यरत छन् ।

### २.११.२.३ राजनीतिक व्यक्तित्व

उपेन्द्रप्रसाद आचार्य राजनीतिमा पनि उल्लेखनिय नाम हो । आचार्यले साम्यवादी राजनीतिलाई विद्यार्थी कालदेखि नै अँगालेको पाइन्छ । वि.सं.२०३६ सालको जनमतसंग्रहदेखि राजनीतिक आकर्षण बढेपछि उनी वि.सं. २०३८ सालमा म.र.ब. क्याम्पस इलाममा सङ्घ सङ्गठन प्रति आकर्षित बनी अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनमा आवद्व भएर राजनैतीक जीवन पनि सुरु गरे । यसरी विद्यार्थी समयमै राजनीतिमा होमिएका आचार्य २०३९ मा अ.नें.रा.स्व.वि.यु. क्याम्पस प्रारम्भिक कमिटिको सचिव भएका थिए । वि.सं. २०४० सालमा सिन्धुपाल्चोक जिल्लाको पिस्कर भन्ने टाउँमा माघे संक्रान्ति मेला बजारमा प्रहरी दमन हुँदा केही मानिसहरूको प्रहरीको गोलीद्वारा मृत्यु भएको र त्यसको विरोधमा

विद्यार्थी संगठनले राष्ट्रव्यापी विरोध कार्यक्रम सञ्चालन गर्दा म.र.ब. क्याम्पस इलामको अ.न.रा.स्व.वि.यु.कमिटिको विरोध कार्यक्रम अन्तर्गत पर्चा पोष्टरिङ्ग गर्ने क्रममा इलाम बजारबाट साँझ ८ बजे तिर पक्राउ परि करिव ३०-३२ दिन इलाम कष्टडीमा राखेर तत्कालीन अञ्चलाधिषको कार्यलय झापा सदरमुकाम चन्द्रगढी बयान गराई जेल चलान भएका थिए । पछि ३ वर्षे जेलजीवन विताइ २०४३ असोजमा छुटेका हुन् । दोस्रो पटक उनी २०४६ को जनआन्दोलनमा झापाबाटै पक्राउ परी पञ्चायत कालको अन्त्य भई प्रजातन्त्रको आगमनसगै जेलबाट छुटकारा पाएका थिए ।

उनले आफ्नो जन्म स्थान पाँचथरमा रहँदा नेपाल कन्युनिष्ट पार्टी मालेको जिल्ला संगठन कमिटी साथै स्थानिय स्तरको संगठनमा रही काम गरेका र वि.सं. २०४६ साल पछि पनि ने.क.पा मालेको पाँचथरको जिल्ला कमिटिमा संगठीत भई काम गरेका थिए ॥ हाल पनि उनी ने.क.पा.को संगठित पार्टी सदस्य रहेका छन् ।

## २.१२ सम्मान तथा पुरस्कारहरू

जोसुकै मानिससँग कुनै न कुनै विशिष्टता रहेको हुन्छ । त्यस्ताको प्रतिभाले बाहिर प्रस्फुटन हुने अवसर पाएन भने त्यस्ता प्रतिभा ओइलाउने गर्दछन् । व्यक्तिले आफ्नो प्रतिभा र क्षमतालाई समाज सामुदेखाएमा तत्कालीन समाज र परिवेशले त्यस व्यक्तिको प्रतिभाको लेखाजोखा गर्ने गर्दछ । नेपाली साहित्यको विकास तथा उत्थानमा र राजनीतिका विभिन्न आन्दोलन तथा देश विकासमा सहयोग पुर्‍याए बापत समाजका बिभिन्न संघसंस्थाबाट उपेन्द्रप्रसाद आचार्यलाई प्राप्त भएको सम्मान तथा पुरस्कारहरू निम्न अनुसार रहेका छन् ।

| क्र.स. | सम्मान गर्ने संघसंस्थाहरू | साल |
|---|---|---|
| १ | ने.क.पा (एमाले) इलाका कमिटी इलाका नं. ७, पाँचथर | वि.सं. २०७२ |
| २ | श्रीमद्‌भागवत महापुराण आयोजक मूल समिति साप्सु मन्दिर इम्बुङ्ग ५, पाँचथर | वि.सं. २०७२ |
| ३ | राष्ट्रिय जनसांस्कृतिक महा संघ, नेपाल राष्ट्रिय समिति वि.सं. २०७२ | |
| ४ | खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिति, खुदुनाबारी झापा २०७१ फागुन २ गते | |
| ५ | झापा काठमाण्डौ जिल्ला सम्पर्क मञ्च २०६८ माघ ३ गते | |

## २.१३. जीवनी व्यक्तित्व र कृतित्वबीच अन्तरसम्बन्ध

उपेन्द्रप्रसाद आचार्यको जीवनीको यात्राको क्रममा अनेक क्षेत्रमा संलग्न भई महत्वपूर्ण कार्यहरू गर्दै आएका एक सामान्य व्यक्तित्व भन्दा भिन्न व्यक्तित्वका रुपमा स्थापित भएको पाइन्छ। उनको व्यक्तित्व र उनले लेखेका कृतिहरूको सम्बन्ध निकट रहेको देखिन्छ। उनका कृतिहरूले उनमा आएका जीवन यात्राका हरेक क्रियाकलापको वोध रहेको पाइन्छ । आचार्य निम्नमध्यम स्तरीय आर्थिक अवस्थाका कारण शिक्षा प्राप्त गर्न केही संङघर्ष गर्नुपरेको देखिन्छ। उनी नेपाली  लगायत र अग्रेज्री  भाषामा पनि ज्ञान रहेको बताउँछन्। उनको मूल कार्य क्षेत्र शिक्षण रहे पनि उनको साहित्यमा विशेष दखल रहेको उनी बताउछन् । आचार्यको साहित्य लेखन बिस्तार सहजबाट गहन र जटिल क्षेत्रतिर मोडिएको पाइन्छ। प्रारम्भमा कविता लेख्न थालेका कवि आचार्यले कविता सङ्ग्रहरू तयार गर्दै हाल आख्यानकारका रुपमा पनि उनी स्थापित भएका छन्। उनका कविताकृतिहरूले नविनतम् मूल्य  स्थापित गराउन सफल भएको पाइन्छ।

विभिन्न क्षेत्रसँग सम्बद्ध रहेकाले उनी धेरै व्यस्त रहेको देखिन्छ । आचार्यको मानसिक अवस्थामा भएको भावनाको विपुलता र कल्पनात्मक शक्ति प्रचुरताको परिमाण स्वरुप उनको साहित्यिक लेखन अगाडि बढेको देखिन्छ। समग्र जीवनीका मुलभूत पक्षहरू महत्वपूर्ण कार्यहरूको रुपमा अगाडि बढिरहेको पाइन्छ । तिनबाट बनेको उनको उच्च व्यक्तित्व तथा तिनै जीवनीका विविध पक्षमाहरू देखापरेको पाइन्छ । व्यक्तित्वको प्रभाव उनको लेखनमा परेको देखिन्छ। उनको व्यक्तित्व राजनीतिमा पनि उच्च देखिन्छ।

*

# तेस्रो परिच्छेद

# कविता

## ३.१ कविताको सैद्धान्तिक परिचय

### ३.१.१ कविताको परिचय

साहित्यका विभिन्न विधा मध्ये कविता एउटा प्रचीन विधा हो । साहित्यको ऐतिहासिक पृष्ठभूमि हेर्दा यसको स्थान उच्च रहेको छ । कविता सौन्दर्यपरक लयात्मक भाषिक कलाको अभिव्यक्तिको वाङ्मय पनि हो । कविता सर्जकलाई कवि भनिन्छ । "कवि शब्दमा य" प्रत्यय लागेपछि काव्य शब्द बन्दछ (त्रिपाठी, २०५३:१५) । कविको भावानात्मक लयात्मक अभिव्यक्ति नै कविता हो । कविता शब्द कव् धातुमा इ प्रत्यय लागेर बनेको हो ( ढुङ्गेल रदाहाल, २०६६:१) । संरचनाका दृष्टिले लघुत्तमदेखि लघुस्वरुप सम्मको आयमका वृद्धि हुदै जाँदा आाख्यान वा कथांशका योगले कविताको स्वरुपमा वृद्धि हुन्छ । काव्य शब्दले कवि मुक्तक, गजल, कविता, खण्डकाव्य, लामो कविता महाकाव्य र गीतिकाव्यलाई समेत बुझाउँछ । कविताका विभिन्न उपविधाका सन्र्दभमा आख्यानीकरण नाटकीकरणको सम्भाव्य भूमिकालाई दृष्टिगत गर्दा साहित्यका आख्यान र नाटक जस्ता विधासँग तुलनागरी कविता विधालाई प्रस्ट्याउन सकिन्छ (त्रिपाठी, २०५३: १५) ।

काव्य शब्दको उत्पति हेर्दा कवि कविता र काव्यको एकआपसी सम्बन्धबाट भएको देखिन्छ । वेदमा काव्यलाई वेदवाणी ब्राम्हणलाई प्रथम कवि भनि न्यायकोषमा बिशेषणयुक्त विशिष्ट पदावलीलाई काव्य भनिएको छ (त्रिपाठी, २०५३: १५) । काव्यमा भाव पक्ष र कला पक्ष गरी २ पक्ष रहेका हुन्छन् । भावले कविताको आन्तरिक संरचना वा रुपलाई अँगाल्छ । कविताको आत्मानै भाव हो । त्यस्तै कला पक्ष भन्नु कविताको बाहिरी पक्ष वा रुप हो । कविताको शरीरका यस कला पक्षको बेग्लै महत्व रहेको हुन्छ । त्यसैले कविता बन्नकालागि कला र भाव दुबै अनिवार्य पक्ष बनेका छन् (त्रिपाठी २०५३: १५) ।

कवितामा भाव र कला पक्षको उपस्थिति भएन भने कविताको स्तर निर्धारण गर्न सकिँदैन कविता लेखनको शुरुवात अघि यसको लोक सम्बन्ध जीवनसँग सम्बन्धित रहेको पाएन्छ । सोही लोकजीवनसँग सम्बन्धित भएर प्रकट भएको लोकगीतले केही समयको

अन्तरमा कविताको रुप प्राप्त गर्‍यो भन्न सकिन्छ । लाकेगीतले प्राप्त गरेको सो रुप कविता लेखनको कार्य थालनी भएको हो । पूर्वमा ऋग्वेद, रामायण, महाभारत, पश्चिममा इलियट, ओडेसी जस्ता वृहत आकारका काव्यकृति देखा परेका छन् । यी काव्य कृतिबाट नै कविताले व्यापक रुपमा विस्तारित हुने अवसर प्राप्त गर्‍यो (त्रिपाठी, २०५३: १) ।

कविताको रुप धारण पश्चात कविता लेखनमा बढी तिब्रता आएको पाइन्छ । कवितालाई परिभाषा गर्नु पूर्वका ऋग्वेद, रावायण, माहाभारत, पश्चिमका इलियट, ओडेसी जस्ता ग्रन्थहरूबाट कविताको कलात्मक छोटो आख्यानयुक्त वा लामो आख्यान भएको भाव परक रचना हो (ढुङ्गेल र दाहाल, २०६६: १) ।

## ३.१.२ कविताको पाश्चात्य मान्यता

पाश्चात्य साहित्यमा पनि कविताको प्रयोग प्राचीन कालदेखिनै हुँदै आएको पाइन्छ । पाश्चात्य कविताका विधागत यात्रामा देखा परेका नव घटना मध्ये इस्वी सम्वत उन्नाइसौ सताब्दी यता लघु रुपको फूटकर लिरिक्सका रुपमा निकै मौलाएको पाइन्छ । मझौला रुपको एवंम फूटकर कविता भन्दा अपेक्षाकृत लामो कविता विभिन्न भाव प्रवाह र रुपाकृति तथा ढाँचामा केही मात्रामा जागृत भएको पाइन्छ । पत्रपत्रिका तथा गोष्ठीका कारणबाट समेत अत्याधिक लोकप्रिय भएको पाइन्छ । त्यसबेला लामो कविता स्वच्छन्दतावादी युगमा तेजिलो कविता प्राप्ति हो (ढुङ्गेल र दहाल, २०६६:१) ।

अग्रेजी शब्द poem को समनार्थी नेपाली शब्द कविता हो । यसको अर्थ कविद्धरा सिर्जित पद्यात्मक रचना अथवा कवि कर्म भन्ने बुझिन्छ । अग्रेजी शब्द poetry लाई पाश्चात्य साहित्यमा नेपाली शब्द कविताको समनार्थी शब्दको रुपमा लिइन्छ । उक्त poetry शब्द poet बाट बनेको हो (ढुङ्गेल र दाहाल, २०६६:१) ।

यसरी हेर्दा पाश्चात्य साहित्यमा प्रयोग भएका शब्दहरू Poetry, poet, poem का बीच पारस्परिक सम्बन्ध रहेको देखिन्छ । कविता वा काव्य poetry का रचनाकारलाई कवि र poet र कविताको कृतिलाई काव्य कविता poem भनिन्छ (ढुङ्गेल र दहाल, २०६६:१) ।

बिशौ शताब्दीको अन्त्यतिर युरोपेली वा पाश्चात्य कविताले अझ नविन विश्रृङखलताहरूलाई उत्तरोत्तर प्रयोग गरेको पाइन्छ । जसलाई आधुनिक तथा उत्तर

आधुनिक पनि भन्ने गरेको पाइन्छ । यसरी पाश्चात्य साहित्य जगतमा कविता मौलाउदै आउने क्रममा पश्चिमा विद्वान्हरूले आ आफ्नै तरिकाले कविताको व्याख्या गरेको पाइन्छ । जसमा म्याथ्यु अर्नाडले काव्य भनेको जीवनको समालोचना भनेका छन् (ढुङ्गेल र दहाल २०६६: ३) । अर्का विद्वान क्रोचेले अभिव्यञ्जनालाई अभिव्यक्त गरेका छन् । यहाँ भाव पक्षलाई जोड दिएको छ (ढुङ्गेल र दाहाल २०६६:३) ।

## ३.१.३ कविताको पूर्वीय मान्यता

पूर्वीय साहित्य परम्परामा कविता काव्य शब्द प्राचीन कालदेखिनै प्रयोगमा आएको पाइन्छ । पूर्वीय आचार्यहरूले काव्य र साहित्यलाई पर्यायवाची अर्थमा प्रयोग गरेका छन् । काव्यको परिभाषा दिने क्रममा पूर्वीय विद्वान्मा भामह छैटौ शताब्दीदेखि जगन्नाथ सोह्रौ शताब्दीसम्म आइपुग्दा कविता सम्बन्धी मान्यताहरू अनेक रुपमा देखिएको पाइन्छ । उनीहरूले सुन्दर चमत्कारयुक्त गुणलङ्कार पूर्ण काव्यगुणले भरिएको बक्रोक्तिपूर्ण रमणीय अर्थ दिने रसात्मक शब्द र अर्थयुक्त पदावलीलाई कविताको रुपमा स्वीकारेको पाइन्छ ( त्रिपाठी, २०५३: १) ।

पूर्वीय साहित्य परम्परामा चौधौ शताब्दीको विश्वनाथको साहित्य दपर्ण ग्रन्थदेखि यता श्रव्य र दृश्य दुई वर्गमा बढी श्रव्य वर्ग अन्तर्गत पद्य र गद्यलाई दृश्य वर्ग अन्तगर्त रुपकलाई राखेको देखिन्छ । सातौ शताब्दीका दण्डीले उक्त काव्यका गद्य, पद्य र मिश्र तीन विधाभेद पाइन्छ । पूर्वीय आचार्यहरूमा भामहले अलङ्कारलाई प्रधानता दिएका छन् । वामनले रिती मिलेको रचना काव्य भनेका छन्  (त्रीपाठी, २०५३ :१) ।

## ३.१.४ कविताको परिभाषा

कुनै पनि विषयलाई परिभाषित गर्नु कठिन कुरा हो । किनकि परिभाषा शब्द आफैमा कठिन छ । परिभाषाका सन्दर्भमा विभिन्न विद्वानको मत फरक फरक रहेको हुन्छ । परिभाषा स्थीर पनि रहन सक्दैन समय अनुसार केही बिषयको परिभाषा  स्थीर पनि हुन्छ । विभिन्न विद्वानहरूको मतलाई संयोजन गरी कुनै विषयको परिभाषाका रुपमा प्रस्तुत गर्ने प्रचलन पनि छ । ती फरक फरक मतहरूलाई कविताको परिभाषाका सन्दर्भमा विभिन्न विद्वानहरूले आ–आफ्ना भनाइहरू प्रस्तुत गरेका छन् । जस मध्ये केही महत्वपूर्ण परिभाषाहरू यहाँ प्रस्तुत गरिएका छन् ।

### ३.१.४.१ पूर्वीय मत

भरतमुनिका अनुसार “कोमल र ललित शब्दयुक्त गुढ शब्द र अर्थ नभएको सबैले सजिलै बुझ्न सक्ने नृत्यमा सजिलै प्रयोग गर्न सकिने अनेक रसहरू भएको सन्धियुक्त काव्यनै श्रेष्ठ काव्य हो” (ढुङ्गे्ल र  दाहाल, २०६५: ५) ।

भामहका अनुसार “शब्द र अर्थको सहभाव नै काव्य हो” (ढुँङ्गेल र दहाल, २०६५:५) ।

विश्वनाथका अनुसार “रसिलो वाक्य नै काव्य हो” (ढुँङ्गेल र दहाल, २०६६: ३) ।

जगन्नाथका अनुसार “रमणीय अर्थ प्रतिपादन गर्ने शब्द नै काव्य हो” । (ढुँङ्गेल र दहाल, २०६६: ३) ।

यस प्रकार पूर्वीय आचार्यहरूले आ-आफ्ना मत दिएर काव्यलाई परिभाषित गरेका छन् । पूर्वीय साहित्य चिन्तनमा सर्वत्र काव्य शब्दको प्रयोग साहित्यको पर्यायका रुपमा भएको पाइन्छ ।

### ३.१.४.२ पाश्चात्य मत

अरस्तुका अनुसार “कविता भाषका माध्यम्बाट अभिव्यक्त हुने अनुकरणात्मक कला हो” । (ढुँङ्गेल र दहाल, २०६६:३) ।

म्याथ्युका अनुसार “कविता मूल रुपमा जीवनको आलोचना हो” । (ढुँङ्गेल र दहाल, २०६६: ३)

हड्सनका अनुसार “कल्पना र सम्वेगद्धारा गरिएको जीवनको व्याख्या कविता हो” । (ढुँङ्गेल र दहाल, २०६६ :३) ।

यसरी पाश्चात्य विद्वान्ले पनि काव्यको परिभाषा माथि आ आफ्ना मत प्रस्तुत गरेका छन् । पूर्वीय र पाश्चात्य मान्यतालाई हेर्दा सबै विद्वान्हरूको परिभाषा एकमत हुन सकेको देखिदैन । तर के प्रष्ट हुन्छ भने कविताका २ पक्षहरू कला र भावमा दुवै तिरका विद्वान् सहमत देखिन्छन् । त्यसमा पनि कुनै विद्वान्ले भाव पक्षलाई बढी जोड दिएको पाइन्छ । कुनै विद्वान्ले कला पक्षलाई बढी जोड दिएको पाइन्छ । आ-आफ्ना मान्यतालाई

स्थापित गराउन विद्वान्हरूले गहन विचारहरू प्रस्तुत गर्नाले कविताको ऐतिहासिक चर्चा विशेष महत्व राखेको स्पष्ट हुन्छ ।

### ३.१.४.३ नेपाली मत

बालकृष्ण समका अनुसार, "भावनाको बौद्धिक कोमलता नै कविता हो" (पराजुली, २०३९: ६४) । लक्ष्मी प्रसाद देवकोटाका अनुसार, "अस्वस्थ कल्पनाले मानिस पागल हुन्छ, स्वस्थ कल्पनाले हुन्छ कवि" (पराजुली, २०३९: ६४) ।

वसुदेव त्रिपाठीका अनुसार,"कविता जीवन जगतका मुल्यवान् अनूभवको काल्पनिक कलात्मक बद्ध र मुक्त लयात्मक भाषिक सङ्कथन हो" (पराजुली, २०३९: ६४) ।

शोमनाथ सिग्देलका अनुसार, "काव्य भनेको कुनै बिषय वा कथा लिएर मनोहर शैलिको सूत्रमा गुथिएका शब्द र अर्थको समुचित योगात्मक गुम्फन हो" (पराजुली, २०३९ :६४) ।

कविता सम्बन्धी परिभाषा विभिन्न विद्वानले दिएको मत फरक फरक राखेतापनि संक्षेपमा 'बिषय वस्तुलाई लयात्मक भाषाका माध्यम्बाट अभिव्यक्ति गरिने सुन्दर रचना नै कविता हो' भनेर परिभाषित गर्न सकिन्छ ।

### ३.१.५ कविताका तत्व

वस्तुलाई अस्थित्वमा ल्याउने तत्वलाई त्यस वस्तुको कारक भनिन्छ । मुख्य तत्वको योगबाट संरचनाको निर्माण हुन्छ । साहित्यमा पनि विभिन्न विधाका आ–आफ्नै तत्व हुन्छन् मनव शरीरलाई अस्थित्वमा राख्नकालागि मानवीय अङ्गहरूको आवश्यक परे झैं कविता मुख्य तत्वले कवितालाई परिचित गराएको छ । साहित्य तर्फका लय पक्ष बाहेक सबै तत्व कविताका साहित्यका अन्य विधाका तत्वसँग मेल खान्छन् ।

पाश्चात्य र पूर्वीय दुवै तर्फ नै साहितियिक तत्वका बारेमा नयाँ तथा पुराना अनेक दृष्टिकोण पाइन्छ । उनीहरूका बीच केही समानता र केही भिन्नता समेत रहेको पाइन्छ । पाश्चत्य साहित्यमा शब्द योजना, बिषयवस्तु छन्द, लय,भाषाशैली आदिलाई कविताको तत्व मानिएको छ । पूर्वीय मान्यतामा कविता छोटो लयात्मक रचना हो । जहाँ कविको अनुभूति हुन्छ । कुनै विषय प्रति कविको कल्पना र वौद्धिकताको चातुर्य समेटिएको हुन्छ । कविताको

कलापक्ष, भावपक्ष, बुद्धितत्व र रचनातत्व गरेर चारवटा तत्व हुन्छन् । कविताको विधागत भेद मध्ये गजलका तत्व केही फरक छन् । मुक्तक, फूटकर कविता खण्डकाव्य महाकाव्यसम्मको स्वरुपलाई हेर्दा निम्न लिखित तत्व छन् ।

३.१.५.१ शीर्षक

३.१.५.२ संरचना

३.१.५.३ विषयवस्तु

३.१.५.४ भावविधान

३.१.५.५ लयविधान

३.१.५.६ विम्ब–प्रतीक र अलङ्कार विधान

३.१.५.७ कथनपद्धति

३.१.५.८ दृष्टिविन्दु

३.१.५.९ भाषाशैली

### ३.१.५.१ शीर्षक

शीर्षक कविताको नामकरण मात्र नभएर कृतिको सारभूत भावविचारको संकेत हुनुपर्ने हो । कविताको शीर्षक सापेक्ष र निरपेक्ष पनि हुन्छ । शीर्षकले आलाङ्कारिक अर्थ पनि दिन्छ । मुख्य पात्रको भूमिकाबाट पनि शीर्षक राखिन्छ । विषय वस्तुको भाव वा विचारको सारको संकेत शीर्षकले गर्दछ । कवितामा शीर्षक र केन्द्रीय कथ्य विचारमा बाहिरी वा आन्तरिक संगती हुनुपर्छ (त्रिपाठी, २०५३ :१७) ।

### ३.१.५.२ संरचना

वस्तु वा शिल्पको समष्टिलाई अथवा कविताको रुपमा पाइने समष्टिलाई कविताको संरचना भनिन्छ । कविताको वाह्य संरचना भाषिक वा शैलीगत प्राप्ति पनि हो । कविताको आयम्सँग बाह्य संरचना सम्बन्धित हुन्छ । कविता कृतिको आन्तरिक संरचना चाहिँ त्यस कृतिमा अँगालिएको कथन पद्धतिका माध्यमबाट थालिन्छ । कविता कथन आख्यानीकरण र

नाटकीकरणका सूक्ष्म वा स्थूल प्रक्रिया पनि कथन पद्धतिकै भेद तथा सामाग्रीको कथन कविता कृतिमा गरिएको हुन्छ (त्रिपाठी, २०५३ : १७) ।

कृतिको संरचना भनेको सिङ्गो वा पूर्ण रुप हो । कुनै पनि वस्तुको मुख्य स्वरुप नै संरचना हो । कविताको संरचनालाई विभिन्न भागमा बाँडेर हेरिन्छ ।

## क) प्रगीतात्मक संरचना

प्रगीतात्मक संरचना भनेको प्रथम पुरुषीय शैलीमा लेखिएको कविता हो । केन्द्रीय भाव भएको फूटकर कविताको संरचना प्रगीतात्मक हुन्छ । यस्तो संरचनामा पंक्ति गुच्छाको पुनरावृत्ति गरिन्छ । यसमा कविताको भावानुभूति नै सशक्त भएर आएको हुन्छ ( त्रिपाठी,२०५३) ।

## ख) आख्यानात्मक

कविताको आख्यानात्मक संरचनामा कथावस्तुको आदि, मध्य र अन्त्यलाई योजनाबद्ध रुपमा विकास गरिएको हुन्छ । विविध विषयवस्तुको विस्तार पूर्वक वर्णन गरिएको आख्यानात्मक संरचना भएको कविता आँफैमा लामो हुन्छ । लामो कविता खण्डकाव्यमा कथानक, पात्र र परिवेशको प्रयोग गरिएको हुन्छ । हलुका पारामा कथाकथन गरिएको कवितामा कथाकथन आख्यानात्मक हुन्छ । यस्तो संरचनामा कथावस्तुको आदि, मध्य र अन्त्य सजिलै छुट्याउन सकिन्छ (त्रिपाठी, २०५३: १८) ।

## ग) नाटकीयता

कवितामा दुई विरोधी पात्र वा भावका बीचमा द्वन्द्व संवादात्मक कथाकथनको नाटकीकरण हुन्छ अथवा नाटकीय प्रभाव उत्पन्न गर्ने तत्वहरू भएको कवितालाई नाटकीकरण भएको कविता अथवा नाटकीयता संरचना भएको कविता भनिन्छ । वस्तुको आकस्मिक मोडहरूनै नाटकीय संरचना भएको कविताको खास खास पहिचान हुन् । नाटकीयता संरचना भएको कवितामा तर्क, वितर्क द्धन्द हुन्छ । जुन एकालाप र वार्तालाप पनि हुनसक्छ (त्रिपाठी, २०५३: १८) ।

### ३.१.५.३ विषयवस्तु

कविताको अनिवार्य तत्व विषयवस्तु हो । कविता रचनाकालागि छनौट गरिएको कथ्य वा वस्तुलाई नै विषयवस्तु भनिन्छ । रचनाकार विषयवस्तु छान्न स्वतन्त्र हुन्छ । काव्यमा प्रयोग गरिने विषयवस्तु जति उपयुक्त हुन्छ कविता पनि त्यति नै शसक्त र जीवन्त बन्छ । कविलाई यही विषयवस्तुमा कविता रचना गर्नुपर्छभन्ने अनिवार्य हुँदैन । जीवन भोगाइका क्रममा जुन वस्तुले कविलाई अभिप्रेरित गर्छ त्यही उत्प्रेरित वस्तु नै कविताको विषयवस्तु हुन्छ । विषयवस्तुमा जीवन जगतको कुनै एक अंश वा भावलाई अनुभूतिमय वा भावमय तुल्याई कलात्मक रुपमा प्रस्तुत गरिन्छ । यसमा कवि जीवननका अभिप्रेरित घटना शृङ्खलित रुपमा प्रस्तुत गरिन्छ ।

### ३.१.५.४ भावविधान

कविता भाषिक संरचाना भएकाले यहि भाषिक संरचनाभित्र भाव अभिव्यक्ति भएको हुन्छ । भाव भनेको कविताको शब्दशक्ति हो, भने विधान भनेको भावलाई प्रष्ट्याउने तरिकालाई बुझिन्छ । पूर्वीय काव्यमा वस्तु, नेता, रस काव्यका प्रमुख अङ्ग मानिन्छन् । भाव शब्दले अर्थको समान अर्थीको काम पनि गर्ने गर्छ । विषयमा भाव रहने भएकाले कवितामा भाव अति आवश्यक अङ्ग मानिन्छ । भावमा शब्दको र समग्र रचनाको अर्थ फरक पर्छ । कविले विविध विषयलाई समेटेर काव्यको रचना गर्ने भएकोले स्रष्टाको अनुभूति अनुसार भावमा फरक पर्न सक्छ । कविताको भाषाशैली, रुपाकृति आदि तत्व अनुसार भाव प्रकट हुन्छ (त्रिपाठी, २०५३: २०) ।

कविताबाट पाठकहरूले लिने मूल अर्थ नै भाव हुने भएकाले यसलाई अनिवार्य तत्वका रुपमा लिइन्छ । कविको समय विशेषको अभिव्यक्ति कवितामा निहित भएकाले कविको जीवनको क्षणिक वा समग्रताको प्रस्तुतीकरण हुन्छ । आख्यानिकृत र नाटकिकृत जुन रुपमा जीवन जगतको कथन गरिए पनि त्यसको केन्द्रीँय तत्व मा नै हुन्छ ।

### ३.१.५.५ लयविधान

कविताको मुख्य विधागत परिचात्मक स्वरुप तत्व लयविधान नै हो । यो भाषिक स्वरुप-स्वर-व्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्य, वैसाम्य दुबै भएको वितरण प्रक्रियाको कलागत प्राप्ति हो । कविता कृतिको गति क्रम र यतिविधानबाट थालिन्छ । पङ्क्तिगत

स्तरमा आन्तरिक अनुप्रासीयता पङ्क्ति पङक्तिका बीचको अनुप्रासीयताबाट छन्दहरू मिठो हुन्छ र गद्य कवित्वको अन्तर्लय नै पनि अरु समृद्ध हुन पुग्दछ । कविता उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत नै लयविधानको लक्ष हो । कविता कृतिको भाषाशैलीले  बाह्य संरचना हुँदै आन्तरिक संरचनाका क्रममा भावविम्वसँगै लयविधानलाई वहन गर्नुपर्ने हुँदा लयतत्वका निम्ति उपलब्ध भाषिक विकल्पका एक सीमा भित्रैबाट लयात्मक श्रुतिरम्य चयन गर्नु खास गरी छन्दोबद्ध कवितामा चुनौतिपूर्ण नै रहने गर्दछ ( त्रिपाठी, २०५३ :१८) ।

यथार्थमा विशिष्ट लय वा भाव नै कविताको मूल तत्व हो । कविता कृतिको भाषाशैलीले बाह्य संरचना हुदै आन्तरिक संरचनाका क्रममा अर्थ तत्व र रुप तत्वसँग लयविधानलाई बहन गर्नुपर्ने हुँदा लयतत्वका निम्न उपलब्द्ध भाषिक बिकल्पका एक सीमा भित्रैबाट लयात्मक श्रुतिरम्य चयन गर्नु खासगरी छन्दोबद्ध कवितामा चुनौति पूर्ण नै रहने गर्दछ ।

## ३.१.५.६ बिम्ब प्रतीक अलङ्कार विधान

कुनै कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रुपमा आउने अर्को सहप्रस्तुत अर्थ बिम्ब हो (त्रिपाठी, २०५३ः २०) । कुनै लाक्षणिक अर्थ बुझउन बिम्बको प्रयोग गरिन्छ । बिम्बले शब्द वस्तुको प्रतिछायाका रुपमा विशिष्ट अर्थको बोध गराउँछ  कुनै सांसारिक वस्तु वा जीवन जगतका व्यापक सर्न्दभबाट टिपिएका सामाग्रीहरू नै बिम्ब हुन् । प्रस्तुतबाट अप्रस्तुतको बोध गराउनु वा प्रयुक्त शब्दका माध्यमबाट अन्यअर्थको बोध गराउनु नै बिम्ब विधान, अलङ्कार विधान हो । बिम्ब कै कारणबाट अर्थमा आलाङ्कारिक चमत्कार उत्पन्न हुन्छ (शर्मा र लुइटेल, २०६७ः ५८) ।

भावनालाई गहन र प्रभाव मूलक कवितामा शब्दालङ्कार र अर्थालङ्कारवादी आचार्य भामहले अलङ्कारलाई व्यापक तात्पर्यमा स्वीकार्दै काव्य सौन्दर्य नै अलङ्कार भएकोले यो नै काव्यको आत्मा भएको बताएका छन् । सौन्दर्य काव्य सिर्जनाको मूल कारक तत्व नै अलङ्कार हो । कविताको भाव सम्प्रेषणकोलागि बिम्ब विधान अलङ्कार विधान आवश्यक हुन्छ । अलङ्कारले काव्यमा आभूषणको काम गर्छ । काव्यमा बिम्बको प्रयोगले कलात्मक सौन्दर्य थप्छ । बिम्बलाई शब्दशक्तिका लक्षणकृति वा व्यञ्जन कृति पनि भनिन्छ  (शर्मा र लुइटेल, २०६७ : ५८) ।

### ३.१.५.७ कथनपद्धति

कथन पद्धति कविताको एक मुख्य तत्व हो । कवितामा कविले आफ्ना आत्मालापी कथ्य कुरालाई आख्यानिकृत गर्दछ । कथन खासगरी तृतीय पुरुष वा प्रथम पुरुषमा र कहीँ कहीँ द्वितीय पुरुषमा पनि कथित वा आत्मालापी हुन सक्दछ । यहाँ कथयिता वा आत्मलापी कविले आफ्नै वस्तुपरक वा आत्मपरक कथ्य आँफै गुनगुनाउँदा पनि कसैप्रति सम्बोधित गरी भन्दछ र यो कथन खास गरी तृतीय पुरुष वा प्रथम पुरुषमा र कहिलेकाहीँ द्वितीय पुरुषमा पनि कथित हुन सक्छ । कवितात्मक कथनमा तीनवटै पद्धतिहरूको मिश्रण सम्भव छ । (त्रिपाठी, २०५३ :१९) ।

### ३.१.५.८ दृष्टिबिन्दु

दृष्टिविन्दु भन्नाले स्रष्टाले आफ्ना विचार, अनुभूति वा अभिव्यक्तिलाई पाठक समक्ष पुऱ्याउे माध्यम् भन्ने बुझिन्छ । स्रष्टा र पाठककाबीच विचार विनिमय गर्ने साधन दृष्टिविन्दु हो । कविको चिन्तन, भावना, अनुभूति संवेग चिन्तन आदिलाई अभिव्यक्त गर्ने सूक्ष्म प्रक्रिया दृष्टिविन्दु हो । दृष्टिबिन्दु दुई प्रकारका हुन्छन । प्रथम पुरुष दृष्टिबिन्दु यसलाई आन्तरिक दृष्टिबिन्दु पनि भनिन्छ । तृतीय पुरुष दृष्टिबिन्दु यसलाई बाह्य दृष्टिबिन्दु पनि भनिन्छ ।

### ३.१.५.९ भाषाशैली

कविताको भाषाशैली भनेको वर्ण, शब्द, पद, पदावली, वाक्यखण्ड वाक्य र अनुच्छेदविधान समेतको क्रमिक प्रस्तुत हुने रुप हो । भाषाशैलीबाटै कविताले आफ्नो रुप प्राप्त गर्दछ । कवितालाई प्रस्तुत गर्ने माध्यम भाषा हो भने यसलाई प्रस्तुत गर्ने तरिका शैली हो । अथवा भाषाका माध्यमबाट गरिने अभिव्यक्तिको प्रकार नै भाषाशैली हो ।

कवितामा प्रयोग हुने भाषाशैली वर्णनात्मक, आलङ्कारिक, सरल, नाटकीय आदि हुन्छन् । कविताको निजी परिचय दिनेकाम भाषाशैलीले गर्दछ । कविताको अभिव्यक्तिका भाषाशैली गद्यात्यामक वा पद्यात्यामक हुन्छन् । कवितामा भाषिक कला हुने भएकाले कवितालाई भाषिक ललितकला अन्तगर्त राखिन्छ (त्रिपाठी,२०५३:१९) ।

### ३.१.६ कविताको वर्गीकरण

साहित्यको सबैभन्दा पुरानो र विकसित विधाकारुपमा कवितालाई लिएको पाइन्छ । कवितालाई पूर्वीय तथा पाश्चात्य विद्वनले आ–आफ्नै तरिकाले वर्गीकरण गरेका छन् ।

पूर्वीय विद्वन्हरूले कवितालाई चिनाउने क्रममा भामहले सर्वप्रथम वृतबन्ध र अवृतबन्ध गरी २ भागमा विभाजन गरेको पाइन्छ भने अर्का विद्वन् आनन्दवर्धनले कवितालाई मुक्तक, युगमक, विशेषक, कलापक र कलकगरी पाँच भागमा बाँडेको पाइन्छ । त्यसैगरी अर्का विद्वान विश्वनाथले काव्य, कोषकाव्य, खण्डकाव्य र महाकाव्य गरी ४ भागमा वर्गीकरण गरेको पाइन्छ (शर्मा र लुइटेल, २०६७: ६०) । यसरी पूर्वीय साहित्यमा कवितालाई आ-आफ्नो तरिकाले वर्गीकरण गरेको पाइन्छ ।

क) गीतिकाव्य (lyric)

ख) नाट्यकाव्य (dramatic)

ग) प्रबन्धकाव्य (epic)

गरी ३ भागमा काव्यलाई वर्गीकरण गरिएको पाइन्छ भने केही विद्वन्हरूले पाश्चात्य साहित्यमा कवितालाई यसरी पनि वर्गीकरण गरेको पाइन्छ ।

**१ छोटो कविता**

क) सुक्त ख) प्रगीत

**२ लामो कविता**

क) गाथा ख) आख्यानात्मक ग) रोमाञ्चकाव्य

घ) शोककाव्य ङ) लामो कविता

यसरी पूर्वीय तथा पाश्चात्यमा कविताको वर्गीकरण आ-आफ्नो तरिकाले गरिएको भएतापनि यस्ता विभाजनलाई संक्षेपमा हेर्दा नेपाली साहित्यमा कवितालाई चार भागमा वर्गीकरण गरिएको पाइन्छ । जुन यस प्रकार छन् ।

क) लघुतम् रुप (मुक्तक) ख) लघुरुप (फटकर कविता तथा गजलहरू)

ग) मध्यम् रुप (खण्डकाव्य) घ) वृहत रुप ( महाकाव्य )

## क) लघुतम् रुप (मुक्तक)

जीवन जगतका अनुभूतिहरूलाई कलात्मक किसिमले भाषाका माध्यमबाट भन्ने क्रममा लयात्मकता अंगालिदा प्रकट हुने कविता विधाको स्वयममा पूर्ण रहने सबैभन्दा

सानो एकाइलाई लघुतम् कविताको रुप भनिन्छ । यो रुप मुख्यतः मुक्तकका नामले संस्कृत तथा नेपाली साहित्यमा परिचित रहेको छ (त्रिपाठी, २०५३ः २८) ।

सामान्यतयः मुक्तकलाई फूटकर कविता कै रुपमा सम्झेता पनि संरचनात्मक दृष्टिले फूटकर कविता भन्दा पनि सानो एकाइ भित्र कविताको लघुतम् रुप वा मुक्तकलाई राखिएको छ । यस भित्र दुईदेखि पाँच श्लोक सम्मका रचना पर्दछन् । यसको अभिव्यक्ति निकै कसिलो र चोटिलो हुन्छ ।

## ख) लघु रुप (फूटकर कविता तथा गजलहरू)

कविताका चार रुप मध्ये यही लघुरुप वा फूटकर कविता तथा गजल बढी मात्रामा लोकप्रिय पनि छ । लघुरुप भन्दा माथिल्लो र मध्यम् रुप भन्दा तल्लो एकाइका रुपमा रहेको रचनालाई लघुरुप वा फूटकर कविता तथा गजल भनिन्छ । अहिले पत्रपत्रिका तथा कवि गोष्ठीहरूमा निकै वाचन गरिएका कविताहरू यसै रुपका कविताहरू हुन् । फूटकर कविता कोर्दा कोर्दै स्रष्टाले काव्यमा आफ्नो भावनात्मक अभिव्यक्तिलाई खारेर उच्चतम् बिन्दु हाँसिल गर्छ । फूटकर कविताहरू सयौ पंक्तिसम्म लेखिन्छन् । कविताको लघुरुपमा कविको कुनै खास मनोदशा वा भावधाराको सिंगो अभिव्यक्ति भएको हुन्छ (त्रिपाठी, २०५३ः ५४) ।

## ग) मध्यम् रुप (खण्डकाव्य)

जीवनजगतको सट्टा जीवनको कुनै एक अंश वा खण्डको प्रस्तुति गरिएर संरचना गरिएको (काव्य) लाई कविताको मध्यम् रुप भनिन्छ । कविता विधाको लघु रुप मानिने फूटकर र वृहत रुप मानिने महाकाव्यको बीचमा रहेको कवितात्मक रचनानै मध्यम् रुप वा खण्डकाव्य हो । नेपाली कविता परम्परामा देखा परेको लामो कविता पनि मध्यम् रुप अथवा खण्डकाव्य कै स्तरमा स्थापित भएको पाइन्छ । यसैगरी शतक काव्यलाई पनि कविताको मध्यम् रुप अन्तर्गत नै लिइने गरिन्छ । महाकाव्यको तुलनामा छोटो कथानक कम पात्र, एउटै घटना तथा छोटो परिवेश र प्रभावलाई खण्डकाव्यमा समेटिएको हुन्छ (आचार्य, २०६४ः ३१२) ।

## घ) बृहत रुप (महाकाव्य)

कविता विधाको क्षेत्रमा सबैभन्दा ठूलो रुप, बृहत्रुपमा रहेको महाकाव्यमा जीवनको सम्पूर्णताको चित्रण गरिएको हुन्छ । कथानकका दृष्टिले समेत महाकाव्य बृहत रचना

भएकाले पनि यसमा पात्रहरूको बाहुल्यता रहनु स्वभाविक ठहरिन्छ । यसमा आख्यानको अनिवार्यता रहन्छ । यसमा कुनै युगको सामाजिक जीवनलाई प्रस्तुत गरिएको पाइन्छ । महाकाव्यमा कुनै एक रसको प्रमुखता रहेतापनि अन्य सहायक रसहरू पनि आउन सक्छन् । आदि, मध्य र अन्त मिलेको अनुभूति का व्यापक र विशिष्ट रुपाकृतिलाई महाकाव्य भनिन्छ । महाकाव्य रचनामा विशाल भावराशि, विपुल लयप्रवाह तथा समग्र जीवनजगतको आख्यानीकरण र भाषिक संकथनका संरचना मुख्य चार पक्षका रुपमा रही कविताको विस्तृत र व्यत्तित्वका साथै घनत्वलाई अभिव्यक्त गर्दछ (आचार्य, २०६४: ३१४) ।

## ३.२ नेपाली कविताको पृष्ठभूमि र कालविभाजन

### ३.२.१ नेपाली कविताको विकासक्रम

नेपाली कविताको थालनी नेपाली भाषाको थालनी भएसँगै साहित्य जगतमा देखा परेको अनुमान गरिएको छ । विक्रमको एघारौ शताब्दीतिर भारतवर्षीय अन्य नव्य आर्यभाषा सरह नेपाली भाषाको उद्भव भएको मानिन्छ । कविता साहित्य विधाको एक भेद हो भने साहित्य भाषाका माध्यमबाट प्रकट भएको एक सृजनात्मक वा कलात्मक अभिव्यक्ति हो ।

यही एघारौं शताब्दीतिर नै नेपाली भाषामा लोक स्तरका गीत र गाथाहरूका माध्यमबाट नेपाली कविताको मौखिक परम्परा थालिएको हो । नेपाली भाषाको लेखन परम्पराको सबैभन्दा पुरानो सामाग्रीका रुपमा दामुपालको अति संक्षिप्त दुल्लु अभिलेख ( वि.सं. १०३८) फेला पर्न आएको हो (त्रिपाठी, २०५३: ९७) । नेपाली भाषामा साहित्येतर नेपाली लेख्य वाङ्मयको सबैभन्दा पुरानो साक्ष्य 'भास्वती टीका'ले प्रदान गरेको छ । नेपाली भाषामा वंशावली लेखनको परम्परा उपयुक्त ग्रन्थभन्दा पनि पुरानो हुन सक्छ तर लेखन समय निश्चित रुपमा थाहा भएको त्यस्तो कुनै वंशावली ग्रन्थ फेला पर्न सकेको छैन । हालै भास्कोटी वंशावलीको पूर्वाद्ध भागको वंशावली वर्णन अन्तर्गतको एक अंशलाई प्रध्यापक बालकृष्ण पोखरेलले 'बडे राजा मलय बम्म' शीर्षक दिई गद्यकविताका रुपमा प्रस्तुत गरी जेठो नेपाली कविता वा कवित्व ठहऱ्याएको र यसका रचनाकार मलय बम्मका छोरा मोदिनी बम्मका ज्ञात समयका आधारमा त्यस वंशावली अंशलाई वि.सं. १४५० तिरको ठानेको पाइन्छ । नेपाली भाषामा लेख्य वाङ्मय परम्परा विक्रमको पन्ध्रौ शताब्दीतिर थालिएको र त्यस्तै एक वंशावली ग्रन्थको अंश विशेषलाई गद्य कविताको रुप दिई प्रस्तुत गर्न सकिने सम्भावनालाई यसबाट देखिन आएको छ (त्रिपाठी, २०५३ :९७) ।

यसरी नेपाली मौखिक परम्परामा नेपाली कविताको लोक धारा विक्रमको एघारौ शताब्दीदेखि नै थालिए पनि त्यसको प्रतिनिधित्व गर्ने लोक सामाग्री भने विक्रमको चौधौं शताब्दीका पूर्वाद्धका अन्त्य तिरका मात्र पाउन थालिएको हो । नेपाली लेख्य परम्परामा चाँहि उक्त पध्रौ शताब्दीको मध्यावधितिरदेखि वाङमय रचना थालिएको हो । त्यस अन्तर्गत राजा गगनिराजको यात्रा गद्यकृति (वि.सं. १५५०) देखिए जस्तै कवितात्मक प्रारुप पनि फेला पर्दै जाने सम्भावना छदैछ । उक्त विक्रमीय चौधौ शताब्दीदेखि अठारौ शताब्दीका बीच लेख्य परम्परामा ज्योतिष, धर्मशात्र, औषधोपचार, वंशावली, जीवनी आदि साहित्येतर गद्य लेख्य वाङमयका कृतिसँगै मौखिक परम्परामा लोक धाराका गीत, गाथा र गाथानाट्य एवम् लोक गद्य पनि प्रभावित भएको ठान्न सकिन्छ । जेहोस नेपाली भाषामा लेख्य वा शिष्ट कविताको खास परम्परा चाहिँ विक्रम उन्नाइसौं शताब्दी मा श्री ५ बडामहाराज पृथ्वीनारायण शाहाको नव नेपालको निर्माणको वीरतापूर्ण विजयाभियानसँगै थालिएको पाइन्छ । सुवानन्ददासको पृथ्वीनारारायण सम्बन्धी वीरगानको कविता (वि.सं. १८२६) तिर नै लेख्य नेपाली कविता परम्पराको उद्घाटक कृति मानिदै आएको छ । ( त्रिपाठी, २०५३: १०० )विक्रमको उन्नइसौ शताब्दीका नेपाली कविताको लेख्य परम्परा थालिनु भन्दा अघिको विक्रमीय एघारौदेखि अठाह्रौ शताब्दीसम्मको समय अवधि नेपाली कविताका विकास यात्रामा पृष्ठभूमिकालका रुपमा देखा पर्दछ । यो नेपाली कविताको पूर्वाधार वा पूर्वपीठिका हो र यसलाई लोकधार वा मौखिक धारा पनि भनिन्छ (त्रिपाठी, २०५३: ९८) ।

नेपाली कविताका यस पृष्ठभूमि कालमा लोकधाराका उपयुक्त मौखिक सामग्रीहरू बाहेक खास गरी वंशावली र जीवनी जस्ता साहित्य निकट लेख्य वाङ्मयका सन्दर्भमा नेपाली लेख्य कविता चेष्टा वा कविताप्रारुप फेला पर्न सक्ने सम्भाव्यता छँदैछ । प्राध्यापक बालकृष्ण पोखरेलद्वारा प्रस्तुत'बडे राजा मलय बम्म' (वि.सं. १४५० तिर) कविता यसै दिशा तर्फकाको एक प्रयास देखा पर्दछ (त्रिपाठी, २०५३ :१०३) ।

नेपाल राष्ट्रको निर्माणक्रम र इतिहासका घटना प्रतिघटनाका साथै नेपाली समाजमा सामाजिक साँस्कृतिक एवम् राजनैतिक, आर्थिक क्रिया प्रतिक्रिया तथा नेपाल बाहिरको बृहत नेपाली समाजका जीवनक्रममा घुमेका घुम्तीहरूलाई नेपाली शिष्ट लेख्य कविताको परमपराले बहन गर्दै आएको छ । यस सन्दर्भमा राष्ट्रियता र नेपाली जातीयताका साथै

अन्तराष्ट्रिय बीचका पूर्वीय र पाश्चात्य मूल्य एवम् पद्धति प्रतिनिधिका बीच परम्परा, आरोह अवरोह, आधुनिकता बीचका द्वन्द तथा समन्वय र संश्लेषणका विभिन्न मोड घुम्ती हुँदै नेपाल र वृहत् नेपाली समाजले भोगेका मानसिक, वौद्धिक चेतना पुञ्जको सारलाई लयात्मक वा विविध माध्यम्बाट गर्ने शिष्ट लेख्य नेपाली भाषामा व्यक्त गर्ने सिर्जनात्मक गतीशिल परम्परा नेपाली कविताको विक्रमीय अठारौ शताब्दीसम्मको पारुप र त्यस पछिको दुई सय बर्षको शिष्ट लेख्य नेपाली कविताको विभाज्य कालको रुपमा देखा पदर्छ ।

## ३.२.२ नेपाली कविताको काल विभाजन

नेपाली कविताको काल विभाजन विभिन्न विद्वनले आ आफ्नै तरिकाले गरेका छन् । विभिन्न विद्वनले गरेको नेपाली कविताको काल विभाजन निम्न प्रकार रहेको छ ।

### ३.२.२.१ बाबुराम आचार्य

क) पुरानो समय (१९६०) पूर्व

ख) नयाँ समय (१९६१) उत्तर (आचार्य,२०६४:३१२)

### ३.२.२.२ ईश्वर बराल

क) प्रथामिककाल (१८३३–१९४०)

ख) माध्यमिककाल (१९४१–१९८५)

ग) आधुनिककाल (१९८३–२००७)

घ) प्रजातन्त्रकाल (२००७–२०१८)

ङ) पञ्चायतकाल (२०१९) (आचार्य,२०६४:३१२)

### ३.२.२.३ तारानाथ शर्मा

क) भानुभक्त पूर्वयुग

ख) भानूभक्त युग

ग) मोतिराम युग

घ) क्रान्तिपूर्व युग

ङ) क्रान्तिउत्तर युग (आचार्य, २०६४: ३१२)

यसरी नेपाली कविताको विकासक्रमलाई कसैले राजनैतिक मोडका आधारमा त कसैले केन्द्री प्रतिभाका आधारमा, कसैले प्रकृतिका आधारमा विभाजन गरेका छन् । विभिन्न विद्वानहरूले आ-आफ्ना तरिकाबाट कविताको काल विभाजन गरेतापनि समग्र रुपमा अध्ययन गर्न होस् भन्नका खातिर विभिन्न विद्वान र राष्ट्रिय स्तरका साहित्यिक संघ संस्थाहरूको सहमतिमा निम्न प्रकारले कविताको विकासक्रमको काल विभाजन गरेको पाइन्छ ।

३.२.३ प्राथामिककाल (वि.सं. १८२६-१९४०)

३.२.४ माध्यमिककाल (वि.सं. १९४१-१९७४)

३.२.५ आधुनिककाल (वि.सं. १९७५-हालसम्म)

## ३.२.३ नेपाली कविताको प्रथामिककाल (वि.सं. १८२६-१९४०)

शिष्ट लेख्य नेपाली कविता परम्पराको थालनीका नाताले लेखोटकालका रुपमा प्रथामिककाललाई चिनिन्छ । यस कालका नेपाली कविताका मुख्य प्रेरक परिवेशका रुपमा श्री ५ बडामहाराज पृथ्वीनारायण शाहका नेतृत्वमा गोरखाबाट थालनी भएको नव नेपाल राष्ट्रको निर्माणक्रम र इतिहास प्रसिद्ध नेपाल अंग्रेजयुद्ध एवम् सुगौलीसन्धि (वि.सं.१८७२) र कोतपर्व  एवम् जङ्गबहादुर राणको अभ्युदय (वि.सं.१९०३) र जहानिय राणा शासनको पहिलो पुस्ता जस्ता घटनाक्रमबाट निर्मित भएको छ (त्रिपाठी,२०५३:१०३) ।

प्राथामिककालीन कविताले वीरगीती र लोकगीतीका भावधारा  तथा विभिन्न लोक छन्द एवम् लोक कविता प्रारुपका गीत, गाथा, लोक पद्य एवम् नाट्यगाथाले यस कालका कविता प्रयासलाई उत्प्रेरित गरेका छन् । यस कालका कविताहरू साधुक्कडी परम्परा हुँदै नेपालकै जोगी र सन्त परम्पराबाट समेत आध्यात्मिक उत्तप्रेरणा यस कालको नेपाली कविताले प्राप्त गरेको छ । नविन नेपाल अधिराज्यको रचनाक्रम सँगै हुर्किएको नेपाली समाजमा नेपाली भाषाले क्रमश राष्ट्रभाषाको भूमिका खेल्न लागेको बखत संस्कृतका पन्डित, लोकप्रतिभा, ब्रज अवधी मैथिलीबाट प्रेरित प्रतिभा एवम् जोगी सन्त प्रतिभा

समेतको लेखनीको साझा प्राप्तिको रुपमा नेपाली कविताको प्राथामिककाललाई लिन सकिन्छ । यो लेख्य नेपाली कविताको प्राथामिक खोजी र प्राप्तिको काल हो । नेपाली कविताको प्रथामिक कालको समयावधि करिव ११४ बर्ष रहेको पाइन्छ (त्रिपाठी, २०५३: १०४) । यस काललाई मोटामोटी दुई भागमा बाँड्न सकिन्छ ।

३.२.३.१ पूर्वाद्ध/वीरधाराकाल (१८२६–१८७२)

३.२.३.२ उत्तरार्द्ध/भक्तिधाराकाल (वि.सं.१८७३–१९४०)

## ३.२.३.१ पूर्वाद्ध/वीरधाराकाल (१८२६–१८७२)

नेपाल एकीकरणको विजयाभियानमा जुटेका पृथ्वी नारायण शाहको गुणगान गाइएको कविता 'वीरबन्दना' कविताबाट सुरु भएको नेपाली कविताको वीरधारा काल लगभग ४० बर्ष सम्म रह्यो । यस समयमा वीरतापूर्ण भाव भएका अथवा राष्ट्रनायक तत्कालीन ठूला मानिने अथवा राष्ट्र सेवकको गुणगानलाई कविताको विषयवस्तु बनाएर वीर रसयुक्त कविता बढी मात्रामा लेखिए । फट्फूट् रुपमा हाँस्य, शृङ्गार, तथा आध्यात्मिक र नैतिक सामाजिक प्रवृत्तिहरू भएका कविताहरू पनि फेला परेतापनि प्रधानताका दृष्टिले प्राथामिककालका कविताहरूलाई वीरधाराका कविताका रुपमा स्वीकारियो । यस धाराका कविताहरूमा खासगरी युद्धवर्णन, वीर वन्दना, राजभक्ति, राजनीतिक सचेतता, शासकस्तुति, देशप्रेम र राष्ट्रियता, नैतिक चेत र व्यङ्ग्य चेतना आदि भाव प्रकट भएका छन् ( त्रिपाठी,२०५३:१०४) ।

सुवानन्द दाशले "पृथ्वीनारायण" शीर्षकबाट सुरु गरेको वीरवन्दना कविताले वीरताको उर्वरता प्राप्त गर्दछ । यस धाराका अन्य कविहरूमा शक्तिबल्भ अर्ज्याल, सुन्दरानन्द बाँडा, रामचन्द्र रेग्मी, उदयानन्द अर्ज्याल, राधा वल्लभ, यदुनाथ पोखरेल, गुमानी पन्त आदि रहेका छन् । यस क्रममा एक पछि अर्को गर्दै वीरधारालाई सञ्चित गर्ने उद्देश्यले अन्य कविताहरूले पनि वीरता प्रधान भएका कविताहरू रचना गरेको पाइन्छ । हाल ज्ञानमणी नेपालबाट प्राप्त हुन आएका नयाँ जानकारीलाई समेत दृष्टिगत गर्दा यस धाराका केन्द्रिय कविका रुपमा उदयनन्द अर्ज्याल हुन् । उनको बेताल पचीसी  खण्डकाव्य र पृथ्वीन्द्र वीरकाव्यले वीरधाराको कवित्वलाई निकै ठूलो रचना परिमाणका साथै मौलिक महाकाव्यात्मक अल्प व्याप्ति समेत प्रदान गरेको छ । उदयानन्दको  पुरानोवातको अर्जी,

शक्ति बल्लभ अर्यालको तनहँ भकुण्डो, अज्ञात कविको साँढ्याको कविता यस धाराका उल्लेखनीय कविता यस धाराका कविताहरू हुन् (त्रिपाठी,२०५३:१०५) ।

यस धाराका कविताहरू निकट गीतिचेतको प्रयोग गरिएका छन् । मुक्त गद्य कविता साथै नेपाली शिलोक, परम्परामा अनुपम, अनेक सस्कृत वर्णमात्रिक छन्दको प्रयोग यस धाराका कवितामा गरिएको छ । साथमा लोक बिम्ब, अनेक प्रतिक, अलङ्कार कुड संकेत प्रयोग तर्फ पनि तत्कालिन कविको चासो रहेको देखिन्छ । (त्रिपाठी, २०५३ :१०५)

### ३.२.३.२ उत्तरार्द्ध/भक्तिधाराकाल (वि.सं.१८७३–१९४०)

वीरतापूर्ण भावना बोकेका कविहरूको भावना भगवानभक्ति तर्फ मोडिन्छ र भक्तिधाराको प्रारम्भ हुन्छ । ईश्वरको स्तुति गरी भक्ति भावमा लाग्नाले ईश्वरबाट रक्षा हुन्छ भन्ने धारणा यसधाराका कविको रहेको छ । वि.सं. १८७३ देखि १९४० सम्म लगभग ६७ बर्षको समयअवधिलाई नेपाली कविताको इतिहासमा भक्तिकाल भनिन्छ । पृथ्वी नारायण शाहले अघि सारेको नेपाल एकीकरणको अभियानलाई उनी पछिका वीर वीरङगनाहरूले पनि कायमै राखेको पाइन्छ । नेपाल एकीकरणमा जुटेका सबै वीरहरूको वीरता एवम् साहसीपूर्ण कार्यको वर्णन गर्ने क्रममा वि. स.१८७३ पछि इतिहासले र साहित्य प्रभावले कोल्टे फेर्छ र वीरधारामा वहिरहेको साहित्यको खोलो भक्तिधारा भई बहन्छ । वि.सं. १८७२/७३ तिर नेपाल राज्यको सीमा विस्तार वा नेपाल एकीकरणको काम रोकियो नेपाल र अङ्ग्रेजको बीचमा भएको युद्धमा नेपालको हार भएपछि मुलुक नैराश्यको भावनाले ढाक्छ । वीरतापूर्ण भावना बोकेका नेपाली कविहरू पनि वीरधाराबाट टाडिदै भक्तिधारामा समर्पित भए । युद्धबाट पराजित र आफन्तहरूको वियोगबाट तड्पिएका नेपालीहरूको मनस्थिति ईश्वरीय चिन्तन तिर प्रकट भयो । तत्कालीन नेपाली कविहरू पनि यस परिवेशबाट अलग रहन सकेनन् । फल स्वरुपः नेपाली कविता नै वीरवन्दनाबाट ईश्वरका स्तुतितर्फ रुपायित भयो । कविहरूले पनि ईश्वरीय रुपको भक्तिभाव आ-आफ्नै तरिकाले प्रस्तुत गर्न थाले (त्रिपाठी, २०५३:१०६) । भक्ति धारालाई पनि २ भागमा बाँडिएको छ ।

क) सगुण भक्तिधारा

ख) निर्गुण भक्तिधारा

## क) सगुण भक्तिधारा

सगुण भक्तिधारा पनि केही कविहरूले कृष्णको भक्तिभावका कविता रचना गरे भने केही कविहरूले रामको भक्तिभावका कविताहरू रचना गरे त्यसकारण सगुण भक्तिधारालाई पनि २ भागमा वर्गीकरण गरिएको छ ।

अ) कृष्ण भक्तिधारा

आ) राम भक्तिधारा

## अ) कृष्ण भक्तिधारा

सगुण भक्तिधारा अन्तर्गतको कृष्ण भक्ति उपधारामा श्री कृष्ण भगवानको जीवनचक्रसँग सम्बन्धित पक्षलाई विषयवस्तु बनाएर आफ्ना भावना व्यक्त गर्ने कविहरू यस धारा अन्तर्गत पर्दछन् । कृष्ण भक्तिधाराका मुख्य कविहरू इन्दिरस, विद्यारण्य केशरी, वसन्त शर्मा, यदुनाथ पोखऱ्याल, हीनव्याकरणी, विद्यापति, पतञ्जलि गजुऱ्याल, छविलाल नेपाल, हरिदास आदि हुन् । यस उपधाराका वीरशाली पन्तका र षडानन्द लोहनीका कृष्ण चरित्र भने चर्चित छन् । तर उपलब्ध भने हुन सकेका छैनन् । यस उपधाराका कवि इन्दिरस र विधारण्य केशरीका कवितामा ब्रज अवधी भाषाका बढी प्रभाव परेको पाइन्छ । यस उपधाराका केन्द्रीय कविका रुपमा वसन्त शर्मालाई मान्न सकिन्छ भने वीरधाराका अवशिष्ट कविका रुपमा चाहि यदुनाथ पोखऱ्याल शक्तिशाली हुन् (त्रिपाठी, २०५३ : १०८) ।

## आ) राम भक्तिधारा

सगुण भक्तिधारा अन्तगर्तको रामभक्ति उपधारामा श्री राम भगवानको जीवनीसँग सम्बन्धित पक्षलाई विषयवस्तु बनाई आफ्ना भावना व्यक्त गर्ने कविहरू यस धारा अन्तगर्त पर्दछन् । यस उपधारामा भगवान श्रीरामको स्तुतीगान गरी कविताहरूमा भाव अभिव्यक्त गर्ने गरिन्छ । राम भक्ति उपधाराका मुख्य कविहरू हुन रघुनाथ पोखऱ्याल , भानुभक्त आचार्य ,पतञ्जली गजुऱ्याल रामदास आदि भानुभक्त आचार्य नै यस उपधाराका केन्द्रीय कवि हुन् । उत्तर प्रथामिक काल वा भक्तिधाराका सर्वोच कविका रुपमा भानुभक्त आचार्य देखा पर्दछन । आदिकवि भानुभक्त आचार्यले सामाजिक, साँस्कृतिक र राजनैतिक परिवेशलाई स्पर्श गर्दै सरल र सरस शैलीको प्रयोग गरी वाल्मिकीको आध्यात्म रामायणलाई

आधार सामग्रीको रुपमा लिएर रामको गाथा गाउने कार्यमा आदिकवि भानुभक्त आचार्यले सफलता हाँसिल गरेका छन् । नेपाली भाषामा लेखिएको रामायण नेपालीको पहिलो महाकाव्य बन्न सफल भएको छ । यस रामभक्ति उपधारा कालमा भगवान रामलाई केन्द्र मानेर कविता रचना गर्ने कविहरूले रामको कष्टकर अनुशासित तथा आदर्श जीवनबाट प्रेरित भएर रामप्रति भक्तिभाव दर्शाउने कार्य गरेको पाइन्छ (त्रिपाठी, २०५३ :१०८) ।

### ख) निर्गुण भक्तिधारा

नेपाली कविताको विकासक्रममा प्रथामिककालको भक्तिधारा अन्तर्गत पर्ने सगुण भक्तिउपधाराको आरम्भ जोशमनि शन्तका रचनाबाट भएको हो । यस उपधाराका कविहरूले सगुण ब्राम्हको निषेध गरेका छैनन् । सगुण भक्तिधाराका कविहरू अदृश्य सत्तामाथि विश्वास गर्दै वास्तविक ईश्वरका रुपमा ब्राम्हालाई स्वीकार गरेका छन् सन्त कविहरूको मुख्य उद्देश्य जातिगत विभेद अत्याचार, दुराचारको विरोध र मानवतावादको समर्थन गरी मुक्तिको चाना राख्नु हो । यस धारा अन्तर्गतका कविहरू शशिधर, अगमदिलदास, अखण्ड दिलदास, ज्ञान दिलदास, हुन् । यस धाराका केन्दीय कविका रुपमा ज्ञान दिलदास रहेका थिए । ज्ञान दिलदासका कविताहरूमा तत्कालीन समयको आर्थिक, सामाजिक र प्रशासनिक स्थितिको यथार्थ चित्रण गरी व्याङ्ग्यात्मक भावको अभिव्यक्ति दिएको पाइन्छ (त्रिपाठी, २०५३ :७) ।

## ३.२.४ नेपाली कविताको माध्यमिककाल (वि.सं.१९४१-१९७४)

नेपाली कविताको प्राथमिककाललाई लेखोटको काल भनिन्छ । माध्यमिक काललाई छापाखानाको युगका रुपमा चिनिन्छ । प्रथामिककालको अन्त्य भक्तिधाराबाट भए सँगै मोतिराम भट्टले माध्यमिक कालको प्रर्वतन गरे । यस माध्यमिक कालको साहित्यकै सिंगो युग मोतीराम भट्टले नेतृत्व गरेका छन् । माध्यमिकलीन नेपाली कविताको प्रवृत्ति भने श्रृङ्ग्रारीक भावधारा रहेको थियो । यस युगको नेपाली कवितामा विभिन्न रसभाव अभिव्यक्ति रहे पनि यस युगलाई चिनाउने मुख्य नव प्रवृत्ति श्रृङ्ग्रारिकता नै हो । यस कालको मुख्य घटना मोतीराम भट्टद्वारा बनारसबाट छपाइएको भानुभक्तीय रामायणको बालकाण्डको प्रकाशन यस प्रसङंगमा उल्लेखनीय छँदैछ । यस कालका नेपाली कविताको प्रवर्तन र विकासक्रममा मोतीराम भट्ट र अन्य कविका श्रृङ्गारिक रचनाहरूको महत्वपूर्ण

भूमिका रहेको छ भने यस श्रृङ्ग्रारिक कविता धाराको अन्तिम समग्रविन्दुका रुपमा 'सुक्तिसिन्धु' कविता-सग्रह (वि.सं.१९७४) को श्रृङ्ग्रारिकता बहुचर्चित रहेको छ । प्राथमिक नेपाली कविता र आधुनिक नेपाली कविताका बीचको सङ्क्रान्तिकाल नै यो माध्यमिक काल हो । यस कालका नेपाली कविताहरू परिचायक प्रवृत्ति मध्ये अनुवाद रुपान्तरणको प्रवृत्ति कम भै मौलिक अभिव्यक्ति प्रति चासो बढ्नु र कविताको सौन्दर्य तथा कलापक्ष प्रतिको तिर्खामा केही बृद्धि हुनु पनि हो । नेपाली कविताको माध्यमिक काल नेपालको इतिहासको राणा शासन अघिको एक खास समयसँग जोडिन पुगेको छ । यसक्रममा इतिहास प्रसिद्ध '४२ साल पर्व' उल्लेखनिय रहेको छ (त्रिपाठी, २०५३ :१०९) ।

उर्दुमार्फत गजल-सायरीको परम्पराबाट पनि प्रेरित हुनु यसको पहिचान रहेको छ । एकातर्फ समस्या पूर्ति र शेरबाट पनि प्रेरित हुनु यसको पहिचान रहेको छ भने अर्कातर्फ फूटकर कविता र गजलको रुपमा यस धाराले कविताको लघु रुपलाई अँगालेको छ । यस कालको खासगरी श्रृङ्ग्रारधारामा शब्दालङ्कारको सचेतता बढेका अर्थालङ्कारको चासोको वृद्धि भएको पाइन्छ । नेपाली कविताको माध्यमिक कालको श्रड्गृारधारालाई मोटामोटिमा पूर्वार्द्ध (वि.सं.१९४१–६१) र उत्तरार्द्ध (वि.सं.१९६२–७४) का रुपमा बाँड्न सकिन्छ (त्रिपाठी, २०५३:११०) ।

माध्यमिक कालीन कविताका प्रर्वतक तथा श्रृङ्ग्रारधाराका केन्द्रिय एवम् अगुवा कवि मोतीराम भट्ट हुन् । उनका केन्द्रीयतामा देखा परेका मोतीमण्डली र समस्या पूर्ति परम्परा एवम् कविता गोष्टीहरूले कविताको सामूहिक वातावरणको प्रारम्भ गरेको पाइन्छ । समस्या पूर्ति गजल, फूटकर कविता र खण्डकाव्य समेतका माध्यम्बाट यस श्रृङ्ग्रार धारालाई मोतीरामले प्रतिष्ठित तथा सम्वृद्ध तुल्याएको पाइन्छ । युग कवि मोतीराम भट्टमा सहज प्रतिभा र कल्पना शक्ति तथा तिख्खर सौन्दर्यचेत रहेको तर अल्पायु मै उनको निधन भएकाले उनका कविताले भाव र भाषाशैली एवम् शिल्पको परिपाक भने पाउन बाँकी रहेको भेटिन्छ । माध्यमिक कालको पूर्वार्द्धमा श्रड्गृार धारा मुख्यत मोतीराम भट्ट र मोतीमण्डली कै सृजनाबाट निर्मित भएको पाइन्छ । मोतीरामको शृङ्ग्रारचेत लगभग शिष्टताकै परिधि भित्र सौन्दर्य सचेत रुपमा प्रकट भएको छ (त्रिपाठी, २०५३: १११) ।

माध्यमिक कालको उत्तरार्द्धमा लेखनाथ पौड्याल जस्ता कविले श्रृङ्ग्रारधारालाई तोड्दै नेपाली कवितामा नव युगको आमन्त्रणको प्रयास गरिरहे तापनि 'सुक्तिसिन्धु'

श्रृङ्ग्रारिक कविता सङ्ग्रह (वि.सं. १९७४) श्रृङ्ग्रारिक धाराको चर्चित कविता सङ्ग्रह बन्न पुग्यो । यहाँसम्म आइपुग्दा श्रृङ्ग्रार धाराले पद्यक्षेत्रमै समेत शिष्टताको सीमा केही मिचे पनि श्रृङ्ग्रारिकता र कविताका शैलिशील्पको दृष्टिले श्रङ्गूग्रारिक कविता धारा चहकिएकै पाइन्छ । 'सूक्तिसिन्धु' एक प्रकारले माध्यमिक श्रङ्गूग्रारिक नेपाली कविताको अन्तिम निशानि बन्न पुग्यो ।

माध्यमिककालीन श्रृङ्गारधाराका मुख्य कविहरू हुन–: राजीवलोचन लोचन जोशी, मोतीराम भट्ट, लक्ष्मी दत्त पन्त, गोपिनाथ लोहनी, शिखरनाथ सुवेदी, तिर्थराज पाण्डे, देवराज लामिछाने, दानराज लामिछाने, दुर्गाप्रसाद घिमिरे, दधिराम मरासिनी,राधानाथ लोहनी, केशवनाथ पौड्याल, श्यामजी अर्याल, देवीदक्त पारजुली शम्भूप्रसाद ढुङ्ग्याल, कृष्णप्रसाद रेग्मी, पहलमानसिह स्वार, आदि । यी मध्ये आशु कवि शम्भुप्रसाद ढुङग्याल माध्यमिक कालको उत्तरार्द्धका अत्यान्त सशत्त कवि हुन् भने गजल क्षेत्रमा लक्ष्मीदत्त पन्त पनि स्मरणीय कवि हुन् । माध्यमिक कालका उत्तरार्द्धमा श्रङ्गूग्रारिक धारामा सम्विलीत भई राम्रा कविता लेखदै नवयुग तर्फ क्रमस प्रवेश गर्ने प्रमुख कविशरु हुन् लेखनाथ पौड्याल, सोमनाथ सिग्द्याल, चक्रपाणि चालिसे आदि (त्रिपाठी, २०५३ :११२) ।

## ३.२.५ नेपाली कविताको आधुनिक काल (वि.सं.१९७५देखि हालसम्म)

नेपाली कविताको आधुनिककाल माध्यमिककालीन श्रृङ्ग्रारिक कविता सङ्ग्रह 'सूक्तिसिन्धु' (वि.सं. १९७४) पछि थालिएको हो । (वि.सं. १९७५) देखि अहिलेसम्म पनि गतिशील नै छ र यो अझै चालु रहने काल हो । आधुनिक भारतीय बङ्गला, हिन्दी जस्ता उत्तर भारतीय भाषाका आधुनिक कविताका नवनव धारा र प्रवृत्ति प्रति आकर्षित हुन लाग्नु अनि पाश्चात्य कविता विभिन्न धारा प्रवृत्ति प्रति उपर्युक्त उत्तर भारतीय भाषाका साथै अन्तराष्ट्रिय भाषा अग्रेजी मार्फत चाखिँदै जानु पनि आधुनिक कविताको विकास हो ।

मोटामोटीमा वि.सं. १९७५ देखि २०१६ सम्मको चार दशकको समयावधि आधुनिक नेपाली कविताको पूर्वाद्ध काल हो । वि.सं. २०१७ देखि यताको अहिलेसम्मको तीन दशकको समयावधिलाई नेपाली कविताको उत्तरार्द्धकाल हो (त्रिपाठी, २०५३: ११३) ।

आधुनिक नेपाली कविताको थालनी लेखनाथ पौड्यालले गरेका छन् । कवि लेखनाथ पौड्यालबाट माध्यमिककालीन श्रृङ्ग्रारिक धारालाई त्याग्दै नेपाली कवितालाई नविन दिशा,

नविन लय, सौन्दर्य, नविन भाषाशैली शिल्प संरचनाले सुसज्जित बनाउँदै सामाजिक तथा सांस्कृतिक कथावस्तुको प्रयोग गरेका छन् । पौड्यालका कृतिहरू मध्ये 'ऋतुविचार', 'बुद्धिविनोद'ले नैतिक सन्देस दिनुका साथै साहित्यिक स्वरलाई अघि सारेको छ । 'पिंजडाको सुगा' जस्ता कविताहरूले नविन काव्य मूल्यको स्थापना गरेको देखिन्छ । उनले कवितालाई परिस्कृत परिमार्जित भाषाशैलीमा श्रृङ्ग्रारिकताबाट बौद्धिकता तर्फ अभिमुख गराई पूर्वीय शास्त्रीय छन्दका परिधिमा शास्त्रीय कविताको स्वरुप पनि प्रदान गरेका छन् । आधुनिक नेपाली कविताको प्रयोगवादी मानिने सबैभन्दा परिष्कृत धारा पनि यसै बर्ष थालिएको हो । वि.सं. १९७५ देखि २०१६ साल सम्म लगभग ४१ बर्षको समयलाई नेपाली कविताको आधुनिक कालको पूवार्द्ध काल मान्न सकिन्छ । वि.सं. २०१७ सालदेखि यता हाल सम्मको समयावधिलाई नेपाली कविताको आधुनिक कालको उत्तरार्द्धकाल मान्न सकिन्छ । यसरी वि.सं. १९७५ सालमा लेखनाथ पौड्यालले थालनी गरेको नेपाली कविताको आधुनिक काल भित्र पनि अनेक धाराहरू देखिन्छन (त्रिपाठी, २०५३: ११३ र ११४) ।

३.२.५.१ परिष्कारवादी धारा (१९७५–१९९०)

३.२.५.२ स्वच्छन्दतावादी धारा (१९९१–२०१६)

३.२.५.३ प्रयोगवादी धारा (२०१७–२०२९)

३.२.५.४ समसामयिक धारा (२०२०–हालसम्म)

### ३.२.५.१ परिष्कारवादी धारा (१९७५–१९९०)

नेपाली कविताको माध्यमिक काललाई तोड्दै नेपाली कविताको आधुनिक काललाई निम्त्याउने प्रमुख श्रेय कवि शिरोमणि लेखनाथ पौड्याललाई जान्छ । कवि पौड्याल नेपाली आधुनिक कविता काल भित्रको परिष्कारवादी धाराका प्रवर्तक तथा केन्द्रीय प्रतिभा हुन् । कवि लेखनाथ पौडेलले, माधवी पत्रिकाले अँगालेको हलन्त बहिष्कारमा आधारित लेख व्याकरणले स्वीकार गरेको पाइन्छ । नेपाली कविताको आधुनिक कालको पूर्वार्द्धमा देखापरेको दुई धारा मध्ये परिष्कारवादी धारा पहिलो हो । परिष्कारवादी धारालाई क्लासिकल वा शास्त्रीयतावादी धाराका नामले पनि चिनिन्छ । लेख्य व्याकरणको शैली , शिल्प परिष्कार अनुशासनमा कवितालाई हिडाउने प्रयास भैरहेको परिप्रेक्षमा कविताको स्तरीकरणका साथै नविन कवितापथको खोज र प्रयोग हुने क्रममा वि.सं. १९७५/७६ तिर नेपाली कविताको

आधुनिक काल भित्रको प्रथम धाराका रुपमा परिष्कारवादी धाराको सूत्रपात भयो । शिल्प संरचनाका समयका साथै सन्तुलन एवम् परिष्कार परिमार्जन चाहने परिप्रेक्षमा नै मुख्यत यस धारालाई परिष्कारवादी धारा भनिएको हो ।

लेखनाथ पौड्यालले नैतिक एवम् धार्मिक, आध्यात्मिक चेतनाको स्थापना, प्रकृतिप्रति सहमति जनाउदै कविता लेख्न थाले । फूटकर कविताका माध्यमबाट उनले आफ्नो नयाँ कविता प्रथाको घोषणा पनि गरे । प्रकृतिको सौन्दर्य सामाजिक, नैतिक चेतना, आध्यात्मिक भाषाशैली र शिल्पअलङ्कार एवम् कथन पद्धति समष्टि संरचनाका साथै द्वन्द्व भावविधानलाई पनि परिपाक र परिष्कार गरी उनले नवीन कविता सौन्दर्यलाई निम्त्याउने र कविताको स्तरीकरण समेत गरेका छन् । 'ऋतुविचार','सत्यकालीन संवाद', 'तरुण तपसी', 'बुद्धिविनोद' आदि प्रमुख रचना पौड्यालले गरेका छन् । परिष्कारवादी धारालाई अँगाल्दै काव्य रचना गर्ने अर्का कवि बालकृष्ण सम पनि हुन् । लेखनाथ पौड्याल र बालकृष्ण समले बौद्धिकता र पाश्चात्य क्लासिकल, शैली सिल्प र संरचनालाई नेपाली कवितामा भित्र्याउने काम गरेका छन् । यसैगरी सोमनाथ सिग्द्याल र चन्द्रगौतमले पूर्वीय काव्य तत्व तथा शास्त्रीयताको प्रवर्तन कार्यमा महत्वपूर्ण भूमिका खेलेका छन् (त्रिपाठी, २०५३ः १८ र १९) ।

कविता परिष्कृत सौन्दर्यको प्राप्तिका दृष्टिले यो परिष्कारवादी कित्ता समग्र नेपाली कविताकै एक उच्च प्राप्ति हुन आएको छ । परिष्कारवादका शास्त्रीयतका दृष्टिले उत्तरवर्ती समयका कवि माधवप्रसाद देवकोटा उल्लेखनीय रहेका छन् । परिष्कारवादी धारामा क्रान्ती स्वरलाई प्रखर रुपमा २००७ सालका पूर्वापर सन्दर्भमा सुसेल्ने कविका रुपमा पूर्णप्रसाद ब्राह्मणलाई पनि सम्झन सकिन्छ । परिष्कारवादी काव्यधाराका मूलभूत उद्देश्य नै जातीय जागरणका साथै सामाजिक चेतना जगाउनु रहेको छ । यसरी नै संयमित प्रस्तुतिकरण, वस्तुपरक कविता रचना र शिष्ट शालीन कविता रचनामा केन्द्रिकृत रहनु अर्को विशेषता हो । वि.सं. १९७५ देखि वि.सं. १९९० मम्मको करिब डेढ दशकको कविता यात्रा परिष्कारवादी धाराको उर्वर काल मानिन्छ (त्रिपाठी, २०५३ः १२० र १२१) ।

### ३.२.५.२ स्वच्छन्दवादी धारा (१९९१–२०१६)

आधुनिक नेपाली कविताको परिष्कारवाद पछिको अर्को महत्वपूर्ण मोडसँग सम्बन्धित स्वच्छन्दतावादी धारा रहेको छ । वि.सं.१९९१/९२ तिर प्रकट भएको आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराले आफ्नो प्रथम चरण (१९९१–२००३) सालको अवधिलाई

पार गरी वि.सं. २००४–१६ का अवधिमा दोस्रो चरणमा प्रवेश गर्दै व्यङ्ग्यविद्रोहको प्रवृत्ति अपेक्षाकृत साङ्केतिक दोस्रो चरणमा यो बढी तीब्र हुन पुग्यो । २००७ साल पछिका दशकका राजनैतिक सन्दर्भमा नेपाली कवितामा प्रगतिवादको आफ्नै अलग प्रखरता पनि देखा पर्दछ तर त्यसमा कलात्मक उत्कृष्टताचाहिं अपेक्षाँकृत कम देखा पर्दछ (त्रिपाठी, २०५३ :१२२) ।

नेपाली कवितामा स्वच्छन्दतावादलाई निम्त्याउनमा 'शारदा' पत्रिकाको महत्वपूर्ण योगदान छ र स्वच्छन्दतावादका सह प्रवर्तकका रुपमा कवि लक्ष्मी प्रसाद देवकोटा र कवि सिद्धिचरण श्रेष्ठको भूमिका रहेको छ । स्वच्छन्दतावादी धाराका प्रमुख कविहरू हुन युद्धप्रसाद मिश्र, गोपाल प्रसाद रिमाल, माघव घिमिरे, भवानि भिक्षु, केदारमान व्यथित, गोपालसिंह नेपाली, गोमा, प्रेमराजेश्वरी आदि (ढुंगेल र दाहाल, २०६६: २१) ।

स्वच्छन्दतावाद वैयक्तिकतामा वा आत्मापरकतामा बढी रमाउँछ । यो धारा अंग्रेजी रोमान्टिक धाराबाट प्रभावित हो । त्यस्तै सहज स्वच्छन्द अभिव्यक्ति सौन्दर्यप्रति स्वच्छन्दतावाद आकर्षित हुन्छ । प्रकृति प्रेम, मानवतावाद, आस्तिक र आध्यात्मिक चेतना र क्रान्तिचेत, अतीतप्रतिको मोह र भविष्यप्रतिको स्वप्निल परिकल्पना तथा वर्तमानसँगका असन्तुष्टि एवम् वेदनाका साथै करुणा र व्यङ्ग्यचेतलाई पनि स्वच्छन्दतावादले अँगाल्न सक्छ । प्रखर देशभक्ति एवम् राष्ट्रियचेत पनि स्वच्छन्दतावादी धारामा भेटिने गर्दछ । आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धारा अन्तराष्ट्रिय सचेतता र विश्ववोधका साथै मानव भातृत्वप्रति बढी सजक देखिन्छ ।

नेपाली कविताको स्वच्छन्दतावादी धाराको प्रथम चरणमा क्रान्तिचेतलाई साङ्केतिक रुपमा व्यक्त गरिएको पाइन्छ भने नेपालको राजनीतिक परिवर्तनका सन्दर्भमा वि.सं. १९९७ को सहिदपर्व, वि.सं. २००४ पछिको क्रान्ति चेत, वि.सं. २००७ सालको प्रजातान्त्रिक थालनी आदि बिषयमा कविताहरू लेखिए । यस धारामा लक्ष्मी प्रसाद देवकोटाको मुनामदन खण्डकाव्यले नेपाली कविताको फाँटमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । अन्य कृतिहरूमा सिद्धिचरण श्रेष्ठको उर्वशी खण्डकाव्य, माधव घिमिरेको 'राजेश्वरी' तथा देवकोटाको 'शाकुन्तल' उल्लेखनीय कृतिका रुपमा रहेका छन् (ढुंगेल र दहाल, २०६६: २१) ।

नेपाली फूटकर कविताको उत्तकर्ष कालकै रुपमा यो स्वच्छन्दतावादी युग देखा पर्छ । यस स्वच्छन्दतावादी धाराले परम्परागत वर्णमात्रिक छन्दमा आफ्ना पाराले

नवमाधुर्यको सञ्चार गर्दै मात्रिक छन्दमा उत्कृष्ट कविता सौन्दर्य सिर्जेको छ । यस धाराका केन्द्रीय प्रतिभा देवकोटाले कविताका लघु, मध्यम्, वृहत तीनवटै उपविधामा र लय विधाका वर्णमात्रिक, मात्रिक, लोकलयात्मक एवम् गद्यकवितात्मक चारै थरी प्रक्रियामा वैशिष्ट देखाई आफ्नै तिब्र कल्पना शक्ति र आशु कवित्वको वेगमा स्वच्छन्दतावादी व्यङ्ग्य विद्रोह एवम् क्रान्तिको चेतलाई अभिव्यक्ति दिएका छन् । नेपाली गद्य कविताका पिता मानिने गोपाल प्रसाद रिमाल क्रन्तिकारी भावलाई ओकल्न सक्षम मानिन्छन् । माधव घिमिरे लोकछन्द र वर्णमात्रिक छन्दलाई बढी रुचाउँदछन् । सिद्धिचरण श्रेष्ठ मात्रिक छन्दमा रुचि लिएको पाइन्छ । युद्धप्रसाद मिश्र तथा भूपि शेरचनले राजनीतिक, आर्थिक, सामाजिक विसंगतीका विरुद्धमा आवाज उठाएको पाइन्छ । यस धाराका अन्य उल्लेखिय कविहरूमा लक्ष्मी नन्दन चालिशे, म.वि.वि शाह आदि हुन् (त्रिपाठी, २०५३: १२३) ।

नेपाली कविताको आधुनिककालको स्वच्छन्दतावादी धाराले नेपाली साहित्य क्षेत्रमा धेरै नौलोपन थपेर फराकिलो बनाएको छ । यस अवधिमा कविता लेखनमा दृढता, राष्ट्रिय भावना, साङ्गीतिकता, क्रान्तिचेत, आध्यत्मिकता प्रवृति र अतितप्रति मोह, विसंगती प्रति विद्रोह साथै विभिन्न बिम्ब र अलङ्कारको प्रयोग गरिएको पाइन्छ । यस कालमा नै स्वदेशी र प्रवासी कविहरू निकै मात्रामा उदाएको भए तापनि यस धाराको केन्द्रीय प्रतिभा भने महाकवि लक्ष्मीप्रसाद देवकोटा नै हुन् ।

### ३.२.५.३ प्रयोगवादी धारा (वि.सं.२०१७–२०२९)

आधुनिक नेपाली कविताको पूर्वाद्धकालको समाप्ति लक्ष्मीप्रसाद देवकोटाको देहवसान (वि.सं. २०१६)पछि हुनपुग्यो । रुपरेखा पत्रिका (वि.स २०१७)को 'घाइतेयुग' कविताका माध्यमबाट उत्तरार्द्ध यात्राका साथै त्यसको प्रथम प्रहरस्वरुप प्रयोगवादी धारालाई आमन्त्रित गऱ्यो । विभिन्न साहित्यक धारा र प्रयोगहरूको नेपाली समष्टि संज्ञाका रुपमा प्रचलित यस प्रयोगवादी धाराले नेपाली कविता लेखनका परम्परा र पद्धतिमा निकै नै नयाँ मोड ल्यायो ।

प्रयोगवादी धारामा एकातर्फ प्रतीकवादी, अतियथार्थवादी र विसङ्गतिवादी अवचेतन लेखन र अमूर्त लेखनका विश्रृङ्खलताको समष्टि प्रभावमा कविता अर्थिनुपर्ने स्थिति अब देखा पऱ्यो भने परिष्कारवादी र स्वच्छन्दतावादी परम्पराका नेपाली पाठकहरूका निम्ति यो प्रयोगवादी धारा निकै दुर्बोध्य र क्लिष्ट रही विवादास्पद हुन पुग्यो । कवितात्मा अभिव्यक्ति प्रक्रियाका दृष्टिले यस लेखनले ज्यादा जसो अमूर्त चित्रकलाबाट प्रेरणा लियो र अवचेतन

मनका तत्क्षणका अनुभूतिपुञ्जलाई ज्यादाजसो विश्रृङ्खल र विसङ्गत रुपमा पोख्ने चेष्टा गऱ्यो ।

यस प्रयोगवादी धाराका केन्द्रीय कवि मोहन कोइराला हुन् भने यिनको २०३० पछिका दशकमा केही खारिई सम्प्रेणतर्फ बढी सचेत हुन खोजेको पाइन्छ । यस धाराका अन्य कविहरू हुन द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, मदन रेग्मी, जगदीश शमशेर राणा, तुलसी दिवस, पुष्कर लोहनी, उपेन्द्र श्रेष्ठ, पारिजात, कुन्दन शर्मा, कुमार नेपाल, पोषण पाण्डे, रत्नशमशेर थापा, कृष्णप्रसाद श्रेष्ठ आदि । यी कविहरूमा सम्प्रेसणियता र अन्य प्रवृत्तिका दृष्टिले कतिपय भिन्नताका साथै निजत्व पनि पाइन्छ (त्रिपाठी, २०५३ः ११७ र ११८) ।

आधुनिक नेपाली कविताको प्रयोगवादी धारा मा २०२० सालदेखि तेस्रो आयाम अथवा आयमेली आन्दोलनको थालनी गरिएको हो । यस आयमिक कविता धारामा ईश्वर बल्लभ, बैरागी काँइलाका कवितामा  नयाँ आयाम थपिएको छ । उनका कविताले मान्छेका जीवनको जटिलतालाई विभिन्न ढंगबाट हेर्ने काम गरेको पाइन्छ । इश्वर बल्लभका कविताहरूमा विभिन्न प्रकारका बिम्ब प्रतीक र मिथकहरूको प्रयोग भएको भेटिन्छ । यिनले सुरु सुरुमा सामाजिक विसङ्गतिप्रति रुचि लिएका भएतापनि २०२० पछिको आयमेली आन्दोलनको थालनी भएपछि भने जीवनलाई सकारात्मक दृष्टिले हेर्न थालेको पाइन्छ । उनका कविता संग्रह समानानतर एउटा शहरको किनारमा आगोको फूल्काहरू हुन्, आगोका फूलहरू होइनन् (त्रिपाठी, २०५३ः १२९) ।

आधुनिक लेपाली कविताको विकास प्रक्रियामा प्रयोगवादी धारा वि.सं. २०१७ देखि २०२९ सम्म लगभग बाह्र बर्षमा थुप्रै कविहरू उदाए र उनीहरूबाट नेपाली कविता क्षेत्रले मौलाउने मौका पाएको थियो । यही समयमा लामो कविताका खण्डकाव्य निकट अनेक प्रयोगका साथै लामो माध्यमबाट महाकाव्यात्मक विस्तार तर्फ पनि चासो राखिएको पाइन्छ (त्रिपाठी, २०५३ः १२९) ।

## ३.२.५.४ समसामयिक धारा (वि.सं.२०३० देखि हालसम्म)

आधुनिक नेपाली कविताको प्रयोगवादी धारा बित्दा नबित्तै अकविता, भोको पिंढी, मन्त्र बुटपालीस, अमलेख आदि अभियानका नयाँ चहलपहल नेपाली कवितामा देखा पर्न थाले । समसामयिक शब्दले सामान्यतय वर्तमानलाई बुझाउँछ । हिजोको वर्तमान आज

भूतमा परिवर्तन हुने हुँदा यस शब्दले चिरस्थायी अर्थ भने दिन सक्दैन । नेपाली कविताको विकासक्रममा २०३० देखि हालसम्मको समयअवधिलाई आधुनिक नेपाली कविताको समसामयिक धारा अन्तर्गत राखेर अध्ययन गरिन्छ । यस धारा अर्न्तगत रहेर कविता लेख्न कविहरूले कवितालाई सरल र संप्रेषणीय बनाउने तर्फ सचेतता अपनाएका छन् । यस समयमा तत्कालीन राजनैतिक अवस्था प्रयोगवादी क्लिष्टताको दुर्बोध्यताको चुलीमा पुगिसके पछि एक दशकको समयाामावधिमा कविता लेख्नेहरूको संख्या द्रुतगतिमा बढ्न गई प्रयोगवादी धारा क्रमश पछि पर्न थाल्यो ।

२०३० का दशकका सुरुतिर नवलेखन र युवा लेखन पनि भनिएको छ । आधुनिक नेपाली कविताको नवप्रगतिवादी र नवयथार्थवादी पुनःस्थापना पनि भन्न सकिने समसामयिक धाराका मुख्य प्रगतिगत पहिचान हुन् । सम्प्रेषणीयताको प्रत्यावर्तन, लघु ( मुक्तक) कविता प्रति विशेष आकर्षण रहेको पाइन्छ । समसामयिक विकासोन्मुख नेपाली समाजका वि.सं.२०४६ साल अघि पछिका सामाजिक, राजनीतिक एवम् आर्थिक र अन्य क्षेत्रमा देखापरेका विसङ्गतिका टड्कारा सन्दर्भ र समस्याप्रतिको तीब्र संवेदनशीलता रहेको छ । जागरुकता युगिन वैयक्तिक मानविय अनि राष्ट्रिय, अन्तराष्ट्रिय असङ्गति र अन्तर्विरोध एवम् मूल्य विचलनप्रतिको युवासुलभ आक्रोशको प्रखरता, अन्तविद्रोह र आक्रमकता रहेको छ । प्राकृतिक र ग्रामिण परिवेश भन्दा शहरबजारको गन्जागोल परिवेशप्रति बढी जागरुकता, कठोर–कोमल दोहोरो भाषाशैलीप्रति झुकाव, वाग्वैदध्यता तथा व्यङ्ग्य वर्तमान भोगाइका यथार्थ जीवनसन्दर्भप्रति संवेदनशील सटीक–नवीन बिम्ब,प्रतीकको पर्याप्त उपयोग एवम् सम्प्रेष्य तथा धारिलो कथन पद्धति र संरचनाको खोज हुन् । (त्रिपाठी, २०५३ : १३) ।

यस धाराका कविहरू नेपाली समाज र नेपाली जीवनका विविध समस्या तथा विसङ्गति विकृतिप्रति आक्रोशित बनेर व्यङ्ग्य प्रहार गर्न लागेको पाइन्छ । तत्कालीन राजनीतिक आर्थिक स्थितिबाट आक्रान्त बनेका नेपाली कविहरूले त्यसलाई कविताको विषय बनाएर प्रस्तुत गर्ने जमर्को गरेका छन् । मानिसले भोग्नु परेको कटु यथार्थलाई वस्तुपरक ढंगले चित्रण गरिएका छन् । उनीहरूको खस्कदो स्थिति पतनोन्मुख आर्थिक अवस्था सामाजिक मूल्य र मान्यता, अन्याय अत्यचार आदि विविध पक्षलाई कवितात्मक दिनेक्रममा सहज सरल र सरस कथन ढाँचाबाट अभिव्यक्ति दिने प्रयस यस धाराका

कवितामा गरिएको छ । यस युगका स्रष्टाहरूले गद्य लयका माध्यमले स्रष्टा र पाठककाबीचमा सम्बन्ध स्थापित गराउने र दुर्बोध्य स्थितिबाट सम्प्रेष्य वा बोधगम्य बनाउने जस्ता महत्वपूर्ण कार्य गरेका छन् । यस धारामा केन्द्रीत भएर कविता रचना गर्ने अन्य कविहरूमा शिव श्रेष्ठ, गगनविरही, विमल कोइराला आदि हुन् (त्रिपाठी, २०५३: १३५) ।

यसरी प्रयोगवादी धारामा पाठक र कविताका बीचमा सम्प्रेषणको अभाव भैरहेको समसामयिक, राजनीति, सामाजिक र आर्थिक विसङ्गतिले छटपटाएर पाठकका बीचमा रहन सक्ने स्थितिको सिर्जना कवितामा गरिएको छ । समाज सुधारका आवाज घन्काउने उद्देश्य राखेर समसामयिक धारा जीवनका तीता मीठा अनुभवलाई कविता मार्फत व्यक्त गर्दै पाठकलाई आँफूतिर आकर्षण गराएका छन् । परिष्कारवादी कविहरू बढी संयमित भएर शालीन अभिव्यक्ति दिनतिर रुचि लिन्छन् । भने स्वच्छन्दतावादी धाराका कविहरू सहज र स्वतस्फूर्त कविता ओकल्न मन पराउँछन् ।

## ३.३ चरण विभाजनको औचित्व र महत्व

मानिसका साहित्यिक यात्रामा विभिन्न घुम्तीहरू र मोडहरू आउँछन् । यस्ता मोड तथा घुम्तीहरूले स्रष्टाका सृजना र प्रवृत्तिमा परिवर्तन गर्न सक्छ । ती मोडहरू स्रष्टामा देखिनाका विविध कारणहरू हुनसक्तछन् । यसमा साहित्यकारका सुरुको अवस्था, प्रौढ अवस्था, साहित्य लेखनको वातावरण, जीवन भोगाइका क्रमको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसरी हेर्दा उपेन्द्रप्रसाद आचार्यको साहित्यिक यात्रालाई यसरी हेर्न सकिन्छ ।

### ३.३.१ उपेन्द्रप्रसाद आचार्यको साहित्यिक यात्रा

कवि उपेन्द्रप्रसाद आचार्य साहित्यिक फाँटमा (वि.सं.२०६९) सालमा ‘केही उखानहरूलाई लयमा कैद गर्दा’ नामक कविता सङ्ग्रह प्रकाशित गरेसँगै देखा परेका हुन् । विद्यार्थी उमेरदेखिनै साहित्य पढन र कविता कोर्न रुचि राख्ने आचार्यले (वि.सं.२०७०) सालमा ‘मेरो गाउँको कहानी’ नामक कविता सङ्ग्रह पनि प्रकाशित गरे । हालसम्म उनका तीन वटा कविता कृति प्रकाशित छन् । उनको प्रकाशित पहिलो कृति ‘केही उखानहरूलाई लयमा कैद गर्दा’कविता संङ्ग्रह हो भने, दोस्रो प्रकाशित कृति ‘मेरो गाउँको कहानी’ कविता सङ्ग्रह हो र अन्तिम प्रकाशित कविता कृति ‘दर्पण’ कविता  सङ्ग्रह हो । उनी कवि मात्र होइनन् उनका २ वटा नियात्रा र एउटा कथा र पत्रको सयुक्त संङ्ग्रह पनि प्रकाशित छन् ।

त्यसैले उनी आख्यानकार पनि हुन् । उनको साहित्यिक यात्रालाई उनका रचनाको आधारमा अध्ययन गर्दा तीन चरणमा विभाजन गरेर अध्ययन गर्नु उपयुक्त ठहरिन्छ ।

३.३.१.१ आभ्यासिक काल (वि.सं.२०६८ सम्म)

३.३.१.२ प्रथम् चरण (वि.सं.२०६९–२०७२)

३.३.१.३ दोस्रो चरण (वि.सं.२०७३–हालसम्म)

## ३.३.१.१ अभ्यासिक काल (वि.सं.२०३० सम्म)

कवि उपेन्द्रप्रसाद आचार्य विद्यार्थी उमेरदेखि नै कविता लेख्न, पढ्न रुचाउने व्यक्ति हुन् । उनी विभिन्न अवसरको शुभकामना दिनु पर्दा सानै उमेरदेखि सायरी लेखेर दिने गर्दथे । विद्यार्थी जीवनमा उनी अतिरिक्त क्रियाकलापमा सक्रिय सहभागिता जनाउँथे । आचार्यका सायरीहरू उनका सहपाठीहरूले धेरै मन पराउने हुँदा उनलाई साहित्य लेखनमा हौसला मिलेको उनी बताउँछन् । सायरी तथा कवितालाई विद्यालयका शिक्षकले हौसला तथा प्रेरणा दिएका कारण उनको साहित्यमा सक्रियता बढ्यो । मा वि. तहको अध्ययनमा उनी हरेक साहित्यिक कार्यक्रममा सहभागी रहेको बताउँछन् । विद्यालयको वातावरणले आचार्यलाई साहित्यिक यात्राको खुड्किलो चढ्न मद्त गरेको उनी बताउँछन् । तर घरमा भने त्यसबेला साहित्यकोलागि वातावरण प्रतिकूल भएको बुझिन्छ । खाने मुखलाई जुँगाले छेक्तैन भने झै उनी समय निकालेर पनि कविता  लेख्ने गरेको बताउँछन् । वि.सं. २०४०/०४५ सालतीर पञ्चायती शासन विद्रोह चर्किदै गर्दा साहित्यकारहरू पनि जनआवाजमा उर्जा थप्न पञ्चायती शासन विरुद्ध कविता आन्दोलनमा संगठित भएर उठेको बेला उनलाई पनि यो साहित्यकारको कदम मन पर्‍यो । उनी पनि कविता कोर्न थाले । यस सडक कविता आन्दोलनमा उनी पञ्चायती शासन विरुद्ध व्यङ्ग्य प्रहार गरेर कविता लेखेका थिए ।

## ३.३.१.२ प्रथमचरण (वि.सं.२०६९–२०७१)

फूटकर रुपमा कविता लेखेर कार्यक्रममा सुनाउने आचार्यले औपचारिक रुपमा ( वि.सं.२०६९) सालमा 'केही उखानलाई लयमा कैद गर्दा' नामक कविता सङ्ग्रह प्रकाशित गरेसँगै उनको साहित्यिक यात्राको औपचारिक सुरुवात भएको छ । यो कृति पछि उनले

आफ्ना रचनाहरूको सङ्गालो 'मेरो गाउँको कहानी' कविता सङ्ग्रह (२०७०) प्रकाशित गरेका हुन् । यसै गरी आफ्ना फूटकर कविताहरू संकलन गरी उनले आफ्नो कृति प्रकाशित गर्ने क्रममा तेस्रो प्रकाशित कृतिका रुपमा उनले 'दर्पण' नाम दिई (वि.सं. २०७०) सालमा अर्को कविता सङ्ग्रह प्रकाशित गरे ।

आचार्यको यही फूटकर रचनाहरूलाई छाडेर औपचारिक रुपमा कृति प्रकाशित गरी आफ्ना तीन वटा कृतिको  प्रकाशन काल सम्मको समय अवधिलाई उनको काव्य यात्राको प्रथम चरणको रुपमा लिन सकिन्छ ।

### ३.३.१.३ दोस्रो चरण (वि.सं.२०६१–हालसम्म)

कविताका ३ वटा कृति प्रकाशित गरिसकेपछि उनी आख्यान तर्फ आकर्षित भएका देखिन्छन् । उनी वि.सं. २०७२ साल पछि आख्यान लेखनमा सक्रिय रहेका छन् । उनी आफ्ना आख्यान कृतिहरू 'तीर्थाटन र त्यसको इतिवृत्ति' (२०७२), 'सिक्किम भ्रमण र त्यसको पुराण' (२०७३) र 'क प सङ्गालो दृष्टान्त (२०७५) प्रकाशित छन् । वर्तमान समयमा आएर उनी आख्यान लेखनमा नै साधनारत छन् ।

यस समयमा आएर कवि आचार्यको कवित्व खारिएको र अझ तीब्र बनाएको देखिन्छ । यस चरणमा आइपुग्दा कवि आचार्यका कविता सरल, स्पष्ट, सुबोध्य र परिष्कृत भाषाको प्रयोग पाइन्छ । यस चरणमा पनि उनले आफ्ना रचनामा समसामयिक घटनामा व्यङ्ग्य विसंगति र विकृतिलाई काव्यात्मक प्रहार, व्यङ्ग्य मार्फत नै देशको आर्थिक, समाजपरक, राजनीतिक बोल्ने गर्दछन् ।

## ३.५ आधुनिक नेपाली कविताका क्षेत्रमा काव्यकारको सूचीमा उपेन्द्रप्रसाद आचार्यको स्थान निर्धारण

पूर्वी नेपालको पहाडी जिल्ला पाँचथरमा वि.सं. २०१७ साल वैशाख १ गते जन्मिएका उपेन्द्रप्रसाद आचार्य बसाँई सरी झापाको अर्जुनधारा न.पा. गएका हुन् । उनको कर्म थलो भने इलाम भइकोले  उनले साहित्यिक थलो इलाम जिल्लालाई बनाए । इलामेली साहित्यिक भूमिमा आचार्यको साहित्यिक व्यक्तित्व गद्य कवितामा अघि बढ्दै फूटकर कवितादेखि लिएर निबन्धसम्म फैलिएको पाइन्छ । सुरुसुरुमा घरायसी वातावरण साहित्यिक

लेखनका लागि प्रतिकूल भएपनि खाने मुखलाई जुङ्गाले छेक्तैन भनेझै उनी समय निकालेर पनि कविता लेख्ने गर्दथे ।

इलाममा बसेर साहित्यलाई अगाडि बढाउने काममा मुक्त छन्दका कविका रुपमा परिचित छन् । उनको 'मेरो गाउँको कहानी' कविता संग्रहका कविता ग्रामीण परिवेशमा तयार पारिएको र त्यहाँ रहेका कविताहरू मुक्त छन्दमा संरचित छन् । साधारण बोलचालका भाषामा उनका कविता रहेका छन् । कवितामा हाँस्यरसको कम प्रयोग भएपनि ब्यङ्ग्यको चोटिलो प्रहार गर्न सक्नु उनको कविताको मुख्य विशेषता हो । देशको समसामयिक, सामाजिक, राजनीतिक, आर्थिक अवस्थालाई मुक्तकको माध्यमबाट वकालत गरी सुधारोन्मुख बाटो खोज्नु र राष्ट्रहितको समय अनुकुल समयसापेक्ष सुधारको बाटो खोज्नु उनको कविताको अपेक्षा रहेको छ । मुक्त छन्दमा लेखिएका कविता भएकाले समाजका रुढीवादी संस्कारले निम्त्याएका विसंगति र विकृति प्रतिको जनचेतना जगाउने काम गरेको छ ।

आचार्यले पहिलो कृतिको पुस्तक छपाएर प्रकाशन गर्नुभन्दा पहिला फुटकर कविताहरू प्रशस्त मात्रामा लेखेका भएतापनि प्रकाशनका हिसाबले फुटकर कविता पहिलो प्रकाशित कृति 'केही उखानहरूलाई लयमा कैद गर्दा' संग्रह भन्दा प्रकाशनका लागि पछि परेको देखिन्छ । उनले प्रकाशित गरेको दोश्रो कृति 'मेरो गाउँको कहानी' (२०७०) हो । उनले अर्को कविता सङ्ग्रह पनि प्रकाशित गरेका छन् । सो तेश्रो कविता सङ्ग्रह हो 'दर्पण' यसमा पनि वि.सं.२०४० देखि रचना गरिएका कविताहरू रहेका छन् । यसमा उनी लघु कविता लेख्दछन् । गद्यमा मात्र कलम चलाउने भएकाले उनी बोलचालको भाषा प्रयोग गरिने भाषा शैलीको प्रयोग गर्दछन् । जसका कारण सर्वसाधारण पाठकले पनि उनको रचना सजिलै बुझ्न सक्दछन् । उनका कवितामा समसामयिक विषयबस्तुको प्रयोग पाइन्छ । देशको सामाजिक, राजनीतिक, आर्थिक अवस्थाको विकृति विसंगति समेटेर जनचेतना जगाउने उनका कवताको मुख्य प्रवृत्ति हो । राष्ट्रप्रेम, प्रकृतिप्रेम पनि उनका कवितामा मुख्य रुपमा रहेको प्रवृत्ति हो । उनका केही कविताले माया प्रेमको भाव पनि बोलेका छन् ।

*

## चौथो परिच्छेद

# कवि उपेन्द्रप्रसाद आचार्यका कविता कृतिको अध्ययन र विश्लेषण

कवितालाई समग्र रुपमा चिनाउनकालागि यसका निश्चित तत्वहरू रहेका हुन्छन । कविताका आन्तरिक र बाह्य गरि २ तत्व हुन्छन् । कथ्य, विषयवस्तु र भाव आन्तरिक तत्व हुन् भने भाषा, शैली, लय, बिम्ब, प्रतीक बाह्य तत्व हुन् ।

कविताको मूल आन्तरिक तत्व भाव हो । कवितामा भावलाई मूल मेरुदण्डको रुपमा लिइन्छ । भावको उचित संयोजनले कविता उत्कृष्ट बन्छ । भावविधान मानवीय जीवन जगतका यावत् बिषयवस्तुलाई अनुभव अनुभूतिको लयात्मक, रागात्मक र कलात्मक निष्कर्षका रुपमा बिशेष भाव अर्थ प्रदान गर्ने हुनसक्नु पर्दछ । अथवा बिषयवस्तुको गूढँ, गहन, गम्भीर ज्ञान भित्र कलात्मक भाव सृष्टि गर्न सक्नु नै कविताको संम्यक भावविधान हो, तसर्थ उपेन्द्रप्रसाद आचार्यका कविता कृतिले दिएको भाव निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## ४.१ केही उखानहरूलाई लयमा कैद गर्दा कविता सङ्ग्रह

केही उखानहरूलाई लयमा कैद गर्दा उपेन्द्रप्रसाद आचार्यको पहिलो प्रकाशित पुस्तककार कृति तथा पहिलो कविता सङ्ग्रह हो । औपचारिक साहित्यिक यात्राको क्रममा आचार्यले वि.सं. २०६९ सालमा यो कविता सङ्ग्रह प्रकाशित गरेका हुन् । यो कविता सङ्ग्रह ३ खण्डमा बिभाजित छ । यस काव्य सङ्ग्रहका प्रकाशक श्रीमती कमला आचार्य हुन् । यस कृतिको बाहिरी आवरणको रड निलो छ । आवरणमा पुस्तकको नाम सेतो भुइँमा निलो रडले लेखिएको छ भने लेखकको नाम सेतो रडले लेखिएको छ । यस सङ्ग्रहको पहिलो पृष्ठमा किताबको नाम प्रकाशन आदि छ भने दोस्रो पृष्ठमा समर्पण शीर्षकमा कविले आफ्ना माता, पिता र दाजुको नाम लिएका छन् । यस सङ्ंग्रहको भूमिकामा राखिएका पृष्ठहरू क देखि छ सम्म जम्मा ७ वटा छन् भने यसको पृष्ठ संख्या ५६ रहेको छ ।

यस कविता सङ्ग्रहमा ‘उखानहरूको बखान गरिएको कविता कृति’ शीर्षकमा देव शक्तेनले भूमिका लेखेका छन् । भूमिकाकै अर्को पृष्ठमा कविले निजात्मक धारणा शीर्षकमा आफ्ना भनाइ राखेका छन् ।

राजनीति, धर्म, दर्शन, देशप्रेम आदि सम्पूर्ण बिषय भोगेर पोखिएका छचल्काहरू प्रस्तुत कविता सङ्ग्रहमा छन् । यस कविता सङ्ग्रहको मुख्य बिषयवस्तु भनेको देशप्रेम, समाज, धर्म, नीतिनियममा भावना वेदनका सन्देशहरू हुन् । यस कविता सङ्ग्रहका उखानहरूको रचना भने आचार्यको होइन यसमा केही नेपाली उखानलाई आचार्यले लयमा कैद मात्र गरेका छन् ।

अतः उपेन्द्रप्रसाद आचार्यको केहि उखानहरूलाई लयमा कैद गर्दा कविता सङ्ग्रह भित्रको बिभिन्न खण्डमा रहेका काव्यहरूको भाव निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## स्मरण भित्रका केहि उखानलाई जोडजाड गरेँ मैले खुबै मिलाई

'केही उखानहरूलाई लयमा कैद गर्दा' कविता सङ्ग्रह भित्र रहेको पहिलो खण्डको शीर्षक 'स्मरण भित्रका केहि उखानलाई जोडजाड गरेँ मैले खुबै मिलाई' रहेको छ । यहाँ कविता सङ्ग्रहको बारेमा कविको आफ्नो धारणा लयमै प्रस्तुत गरेका छन् । उखानलाई जोडेर केही लेख्ने रहर कविमा जागेको कुरा यस खण्डमा छ । रहरले दिन दिनै उत्साहित बनाएर कविमा लेखन कार्यले स्थान पाएको कुरा यस खण्डका हरफले बताउँछन् । उखानहरू केही सामाजिक हुन्छन् त केही भेदभाव सम्बन्धी हुन्छन् । केही उखानले पूर्ण रुपमा राजनीतिक व्यङ्ग्य प्रस्तुत गरेका हुन्छन् भने केही प्रवृति सम्बन्धी हुन्छन् । केही उखान मानव आचार सम्बन्धी बनिएका हुन्छन् भने केही ज्ञानविज्ञानका कुरा प्रस्तुत भएका हुन्छन् । उखान र उखानका क्षेत्रहरू असिमित हुन्छन् । यो जो जसले परिस्थिति अनुसार बनाएर बोल्ने गर्दछ । कविले पनि यो वा त्यो कुनै पनि उखानलाई नछुट्याई छास्मिस् रुपमा प्रस्तुत गरेको कुरा यस खण्डमा जानकारी गराइको छ ।

उखानको स्वरुप जत्रो भए पनि उखानको एक वाक्यले धेरै लामो कुराको अर्थ दिन्छ । उखानको अर्थ बुझ्यो भने भन्न खोजेको कुरा विस्तृत रुपमा बुझिन्छ । कविमा उब्जेको भावलाई शान्त पार्ने क्रममा झिनो सृजना भनि यहाँ उखानलाई लय दिएर प्रस्तुत गरेको कुरा यस खण्डमा लेखिएको छ । यस खण्डमा कवि गति, छन्द, लय मिल्छ भन्ने आश पनि नराखेको र उखान नयाँ सृष्टि पनि नभएको कुरा यस खण्ड मार्फत जानकारि गराउँछन् । चलेका केही उखानलाई गाँसी, जोडी उनेको र फेरि पनि यसलाई क्रमिकता दिने कुरा कवि बताउँछन् ।

कवि यसै खण्डका हरफहरू मार्फत पाठकबिच पढिदिन अनुरोध गरी त्रुटीमा क्षमाको भिख माग्दछन् । आखिर उखानैत हो पाठकले पनि मनन् गरेकै हुनसक्ने र आफूसँग अरु भए थप्दै जाने कुराको जानकारी कवि यो खण्ड मार्फत गराउँछन् । कविले यस खण्डमा रहेका काव्यिक हरफहरू मार्फत फेरि भेट्ने विश्वास दिलाउँदै उखान तीर लाग्ने र यो खण्डबाट विदा हुने यस खण्डको अन्तिम हरफमा गरेका छन् । यस खण्डमा रहेका काव्यले उखान र कविको उद्देश्य उखानलाई लयमा प्रस्तुत गर्दा सामाजिक सन्देसको भाव प्रतुत गरेको छ । यस खण्डमा रहेका काव्यका केही हरफहरू ।

रुपमा फरक परेपनि सारमा अर्थ बोक्ने गर्छन् ।

अर्थमात्र बुझ्नसके उखानै हुन मिल्न सक्छन् ।

मेरो मनको हुट्हुटीलाई केही शान्त पार्ने काममा ।

बटुल–बाटुल पार्दै कोरेँ "झिनो श्रृजना"को नाममा ॥ख॥ (पृ :१)

## उखानभित्रै छिर्दामात्र अभिष्ट त्यो पुरा बन्ने मनसाय राखेर नै अब त्यतै लाग्नुपर्ने

यो खण्ड कवि आचार्यको 'केहि उखानहरूलाई लयमा कैद गर्दा' कविता सङ्ग्रहको दोस्रो तथा मुख्य खण्ड हो । यस खण्डमा कविले आँफूले संकलन गरेर लयमा कैद गरेका सम्पूर्ण उखानहरू रहेका छन् । यहाँ कविले उखान मार्फत सामाजिक सन्देसको भाव प्रभाह गरेका छन् । यस खण्डमा अनगिन्ती प्रकारका उखानलाई छास्मिस रुपमा कविले प्रस्तुत गरेका छन् । केही उखानले सामाजिक भाव प्रस्तुत गर्छ, केहीले ज्ञानविज्ञान मूलक त केहीले कृषि व्यवसाय मूलक भने केहीले नीतिचेतना मूलक भाव प्रस्तुत गरेको छ । जातीय चारित्रीक र धार्मिक, साँस्कृतिक उखान पनि यस खण्डमा कविले प्रस्तुत गरेका छन् । यहाँ रहेका विभिन्न भाव प्रस्तुत गरिएका उखानलाई यसरी प्रस्तुत गरिएको छ ।

सामाजिक भाव बोकेका उखानले समाजमा विभिनन विषयको भाव बोकेको हुन्छ । सामाजिक उखानले समाजको ऐनाको काम गरेको हुन्छ । कुनै विषयलाई समाजले हेर्ने दृष्टिमा आधारित भई बनेका उखानले दृष्टि सम्बन्धी उखानको भाव बोकेको हुन्छ ।

धार्मिक तथा सास्कृतिक भाव प्रस्तुत भएका उखानले विभिन्न धर्म तथा ग्रन्थका कुरालाई उजागर गर्ने गर्दछन् । नेपालमा परम्परागत रुपमा विभिन्न जातिका आ–आफ्नै धर्म तथा सस्कृति प्रचलित छन् । यहाँ यिनै धर्म तथा संस्कृतिलाई उजागर गर्ने उद्देश्य राखेर कविले

धार्मिक सन्देस तथा भाव प्रकट गर्ने उखानलाई पनि यस खण्डको लयमा कैद गरेका छन् । भाग्यमा विश्वास गर्ने, धार्मिक आस्था राख्ने, ईश्वरप्रतिको भरोसा जस्ता कुराको निचोड अर्थ दिने उखान पनि यस खण्डमा छन् ।

समाजमा केही ठूला वडा भनौदाहरूले निम्नवर्गीय निमुखा वर्ग माथि शासन चलाउने गर्दछन् । ओहदामा रहेका व्यक्तिहरूले तल्ला वर्गका जनताहरूलाई होच्यएर बोल्ने, हेप्ने, विभेद गर्ने प्रवृत्ति समाजमा रहेको हुन्छ । यस्ता भेदभावमूलक भाव बोकेका उखानहरू पनि कविले यस खण्डमा प्रस्तुत गरेका छन् ।

अनेक उखानहरूले भेदभाव विरुद्दको सन्देस प्रभाह गरेका छन् । जातीय चरित्रको अर्थ खुलाउने उखानलाई पनि कवि आचार्य यस खण्डमा राखेका छन् । उनले कुनै विषयको नछुट्याईकन छ्यास्मिस राखेर लय दिएका छन् । मानिसका आचरण, स्वभाव, व्यवहारलाई उजागर गरेका छन् । मानिसका आचारण, स्वभाव, व्यवहारलाई तिपेर बनिएका उखानहरू पनि मानव जनजिब्रोमा प्रचलित रहेको छ । कवि आचार्यले पनि यस्ता विषयमा बनेका उखानहरू यस कविता सङ्ग्रह भित्र राखेर लय दिएका छन्

ज्ञानमुलक उखान पनि नेपाली समाजमा प्रचलित छ । यस ‘केहि उखानहरूलाई लयमा कैद गर्दा’ कृतिमा कविले ज्ञानविज्ञानका उखानहरूलाई पनि लयमा कैद गरेका छन् । यस्ता उखानहरू विषेश गरेर सिद्वान्तमा आधारित हुन्छन् । ज्ञानमुलक उखानले समाजमा रहेका कुराहरूलाई विज्ञानसँग जोडेर बुझ्न सकिन्छ र ज्ञानमूलक सन्देस पनि पाइन्छ । यो वौद्धिक भावमा हुन्छ ।

समाजमा रहेका विभिन्न विषयमा उखानहरू बन्ने क्रममा कृषिसँग सम्बन्धित पनि उखानहरू प्रचलित छन् । कृषिव्यवसायसँग सम्बन्धित उखानले कृषि व्यवसायको पूर्ण अर्थ दिन्छ । नेपाली कृषकहरूले विषेश गरी असार र मंसिरलाई बढी महत्व दिने हुदा यही २ महिनासँग सम्बन्धित उखान बढी मात्रामा प्रचलित छन् । कवि आचार्यले कृषि व्यवसायमूलक उखानलाई पनि लयमा कैद गरेका छन् ।

इतिहासका कुरालाई प्रष्ट पार्ने पनि उखानहरू नेपाली जनजिब्रोमा छन् । यस्ता उखानले इतिहासमूलक अर्थ दिन्छन् । कविले यो खण्डमा यस्ता उखानलाई पनि लयमा कैद गरेका छन् ।

यसरी उखानहरूले इतिहासपरक भाव पनि व्यक्त गरेका हुन्छन् । 'केहि उखानहरूलाई लयमा कैद गर्दा' कृतिमा अन्य पक्ष तथा क्रियाकलापसँग सम्बन्धित पनि धेरै उखानलाई कविले यहाँ लयमा कैद गरेका छन् । कविले आँफूले सुने, भोगे र भेटेका प्राय जसो उखानलाई संकलन गरी यस सङ्ग्रहमा लयमा प्रस्तुत गरेका छन् ।

आचार्यले बिभिन्न भावका उखानलाई नछुट्याइ छासमिस तरिकाले लयमा कैद गरेका छन् । यस खण्डमा भएका केहि उखान निम्न रहेका छन् :

लाटाको नि खुट्टाहरू बाटोभित्र पर्छ भन्छन् ।
लडेका ति ढुङ्गाहरू कहिँ कतै बस्छ भन्छन् ।
खरानीलाई डढ्नेसँग कुनै पीर हुँदैहुन्न ।
अचानोलाई खुकुरीको डरमानी केही हुन्न ॥१३॥ (पृ:३)

"आमाको नै काख बसी मलामीको पूख्यौली" भन्ने ।
"आगो अनि शत्रुहरू साना हुन्नन्" सचेत बन्ने ।
"आजै मऱ्यो भोली ओखत" यस्तो मुर्ख किन बन्ने ?
"आँफूले चिन्या चौतारीलाई स्यम् आफैं भक्ताउने" ?॥१५५॥ (पृ:२४)

"रहे हाड, पलाउँछ मासु" सबै जना यसै भन्छन् ।
"हगे हग् मुते काट्ने" अभर पार्ने त्यसै गर्दछन् ।
"हिमत गरे झोला भरिन्छ" भनेरनै लागि पर्दछन् ।
"हान्ने गोरुको आँखै रातो" परैबाट चिन्ने गर्छन् ॥३१५॥ (पृ:४७)

समग्रमा यस कविता सङ्ग्रहको भावले जीवन जगतको अनेक क्षेत्रको भाव अभिव्यक्ति गरेको देखिन्छ । 'केहि उखानहरूलाई लयमा कैद गर्दा' कविता सङ्ग्रहले उठाएको विषयवस्तु सामाजिक एवं समसामयिक रहेको हुनाले यसले समाजमा परिवर्तनका लहर ल्याउर्नुपर्छ भन्ने एउटा गतिलो सन्देस प्रवाहित गर्न सकेको छ ।

## ४.२ मेरो गाउँको कहानी कविता सङ्ग्रह

कवि उपेन्द्रप्रसाद आचार्यको दोश्रो प्रकाशित कृति 'मेरो गाउँको कहानी' कविता संङ्ग्रह हो । यो सङ्ग्रहको प्रकाशन उनले २०७० श्रावण महिनामा गरेका हुन् । उनले साहित्यिक यात्राको शुरुमै कविता लेखेता पनि कविताहरू वटुलेर प्रकाशन गर्न भने ढिलो गरेको देखिन्छ । 'उनको पहिलो कृतिको रचना भन्दा पहिला यसमा रहेका कविताको रचना गरेका हुन् र ती कविताहरूको प्रकाशन भने रचनाको लगभग ३० वर्ष पछिमात्र गरेका छन् ।

कवि उपेन्द्रप्रसाद आचार्यको यो कृति प्रकाशन कालका तत्कालीन नेपाली साहित्यकारको आधुनिक युगको एक सशक्त हस्तिकारुपमा स्थापित गराउन ठूलो टेवा पुऱ्याएका छन् । यस संङ्ग्रहभित्र आचार्यका ६८ वटा कविताहरू समावेश गरिएको छन् । यस संङ्ग्रहभित्रका कविताहरूमा राष्ट्रियता, राजनीतिक, सामाजिक परिवेश, दुर्व्यसनीका कुरा, प्रकृतिप्रेमका कुराहरू समेटिएका छन् ।

यस कृतिको वाह्‍य आवरणमा साना साना घरहरू र रुखहरूको चिन्ह प्रयोग गरिएको छ भने बाहिरी आवरणको रङ सेतो छ । आवरणमा पुस्तकको नाम रातो रङले लेखिएको छ भने लेखकको नाम कालो रङले लेखिएको छ । यस सङग्रहको पहिलो पृष्ठमा किताबको नाम प्रकाशन आदि छ भने दोस्रो पृष्ठमा समर्पण शीर्षकमा काव्यिक शैलीमा कविले आफ्ना माता, पिता, दाजु पूर्वज पितृहरू, समाजका गरीव, निमुखा वर्ग, बुद्धिजिवी, राष्ट्रप्रेमी आदिको नाम लिएका छन् । यस सङ्ग्रहको भूमिकामा राखिएका पृष्ठहरू क देखि छ सम्म जम्मा ७ वटा छन् भने यसको पृष्ठ संख्या १३० रहेको छ ।

यसै सङ्ग्रहको भूमिकामा पाँचथरमा रहेका साहित्यकार देव शत्तेनले देशप्रेमी कविकारुपमा उपेन्द्रप्रसाद आचार्यलाई चिनाएका छन् । यसै भूमिकामा उनी आफुलाई प्रकाशनमा चासो नराखेको, गहिरो अध्ययन र निरन्तर साधनाको कमी भएको र आफ्ना रचना आफुसँग सुरक्षित गर्न नसक्ने लथालिङगेपनको भएको पनि उनी उल्लेख गर्दछन् । उनले आफ्नो लेखनका लागि सहयोगी भूमिका प्रस्तुत गरेवापत देव शक्तेन लगायत पुस्तक प्रकाशनमा सहयोगी सम्पूर्ण शुभचिन्तकहरू प्रति आभार प्रकट गरेका छन् र आफ्नो लेखनकार्यलाई अगाडि बढाएका छन् । ६८ वटा कविताको संगालोको रुपमा आएको उपेन्द्रप्रसाद आचार्यका 'मेरो गाउँको कहानी' भित्रका कविताहरूको क्रमस अध्ययन तथा विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

## गाइँनेदाइ

'गाइँनेदाइ' कविता कवि उपेन्द्रप्रसाद आचार्यको 'मेरो गाउँको कहानी' कविता सङ्ग्रहको पहिलो कविता हो । यो कविता, कविता सङ्ग्रहको २ खण्डमध्ये खण्ड एकमा रहेको पहिलो कविता हो । यस कवितामा सामाजिक भाव प्रकट गरिएको छ । सामाजिक भावमा लेखिएको यो कवितामा एउटा गाइँनेको वाध्यता र बिवस्थालाई प्रस्तुत गरिएको छ । एउटा गाइँनेलाई हाम्रो समाजमा केवल माग्नेको रुपमा हेर्ने गरिन्छ, तर देश विदेशमा घटेका घटनाहरूलाई संगीतमा भरेर यथार्थता प्रस्तुत गर्दछ । गाइँनेले हत्या गरिएका घटना, बेचिएका चेलीहरूको घटना तथा कसैका दुःख वेदना र विरहलाई संगाल्दै सबैका घर-घरमा गएर, सारङ्गी रेटेर गीत मार्फत त्यसको सत्यतालाई प्रस्तुत गर्दछ । तर हाम्रो समाजमा गाइँने सारङ्गी बोकेर घरमा आएपछि अपहेलीत ब्यवहार गरेर उबाट अनेक घटनाका गीतहरूबाट मनोरञ्जन लिने तर त्यस परिश्रम बापत माग्नेलाई झैं व्यवहार गरी एकमुठी चामल र एक, दुई रुपैया दिएर बिदा गर्ने गर्दछन् । सारङ्गीले धटना परिघटनाको इतिहाँस बोकेर हिडेको हुन्छ तर उ समाजमा कहिल्यै पनि सम्मानित हुन सकेको हुदैन भन्ने गाइँने दाइको दुखेसो यस कविता मार्फत कवि आचार्यले प्रस्तुत गरेका छन् ।

ए ! गाइँने आएछ
एउटा मीठो गीत त गाइदे
पिरा सम्म दिनै बिसिएर ।

हाम्रो समाजको बुझाइमा गाइँने घरको कामकज सिध्याएर फुर्सदको समयमा गाउँका मानिसहरूलाई मनोरञ्जन सारङ्गी बजाएर साँहिली, माहिलीका विरह र वेदनाका गीत गाएर हिड्छ भन्ने हो । तर गाइँनेले जनताका वाध्यता, विवसता, अन्याय अत्यचार, दुर्दशा, शोषण दमन आदिलाई सारङ्गीको धुन मार्फत व्यक्त गर्दै, विद्रोहका विगुल फुक्दै हिड्ने कुरा कविले यस कवितामा प्रस्तुत गरेका छन् । समग्रमा यस कविताले सामाजिक आर्थिक भाव व्यक्त गरेको छ ।

## एउटा डाँडाको रुख म

यो 'मेरो गाउँको कहानी' कविता सङ्ग्रह भित्रको पहिलो खण्डको कविता हो । कविले यो कविता प्रथम् पुरुष दृष्टिविन्दुमा रचना गरेका छन् । यहाँ एउटा सानो रुखको

माध्यम्बाट म पात्रको व्यथा प्रस्तुत गर्न खोजिएको छ । एउटा सानो रुखको बिरुवाले सहनु परेको प्राकृतिक प्रकोप तथा मानिस तथा जङ्गली जनवारले उपयोग गर्दा चुपचाप सहनु परेको घटना यस कवितामा प्रस्तुत छ । डाँडामा उम्रेको विरुवाले रुख बन्ने क्रममा सहनु पर्ने यातना र समयको पर्खाइलाई यस कवितामा प्रस्तुत गरिएको छ । यहाँ बोटबिरुवाको जीवनचक्रलाई यथार्थ रुपमा कविले प्रस्तुत गरेका छन् । यहाँ डाँडाको रुखले झैं म पात्रले पनि अनेक दुःख कष्ठ भोगेर अनेकौ बसन्त पार गरेर अनेकौ अवस्थामा आइपुगेको कुरा यो कविताको भावले प्रस्तुत गर्दछ ।

साँचै कति बाधा र व्यथाहरू सम्हाल्दै

एउटा रुख भएको हुँ म ।

वसन्त ऋतुको आगमन हुँदा रुखमा पालुवा आउँथ्यो तर शिशिर ऋतु लाग्ना साथ रुख नाङ्गिएको वास्तविकतालाई कवितामा प्रस्तुत गरिएको छ । समग्रमा यस कविताले प्रकृति प्रेम र मानव यथार्थको भावलाई प्रस्तुत गरेको छ ।

## धेरै सन्तान जन्माउनु छ

यस कवितामा कविले राजनीतिक भाव प्रस्तुत गरेका छन् । नेपाल आमालाई सम्म्वोधन गरेर रचना गरिएको यो कवितामा देशमा पहिले जन्मिएका, अहिले जन्मदै गरेका र पछि जन्मने सबै खालका सन्तान अथवा सन्तान क्रान्तिकारी होस या समाजवादी, अपाङ्ग होस या सवलम्वी, युवा होस् या प्रौढ या बच्चा सबै खाले सन्तानलाई एकताको सुत्रमा बाँधी नेपाल आमाको मुहार फेरिएको, देशको उन्नति प्रगति भएको, देशमा सुखशान्ती र सम्वृद्धि छाएको हेर्ने रहर कविले यो कविता मार्फत प्रस्तुत गरेका छन् । यहाँ कविले धेरै देशी विदेशी हस्तीहरूको उदाहरण दिएर आफ्नो देशमा पनि यस्तै हस्तीहरू त्था विद्वान्हरूले सत्कर्म गर्न गोर्की आमाले गरेको अभिनय जस्तै पाभेल छोराहरूले विद्रोह गरेर भए पनि सम्पूर्ण नेपालीहरूलाई एकताको सुत्रमा बाँध्न आवहान गरिएको छ ।

आमा साँच्चै अब त तिमीले पनि

गोर्कीका आमाको अभिनय

सर्लक्क उतार्न सिक्नु परेको छ (पृ :६)

## कहिले कंहीको तिम्रो अभिनय नाट्यशाला

राजनीतिक भाव बोकेको कविता 'कहिले कंहीको तिम्रो अभिनय नाट्यशाला' हो । यस कवितामा कविले शासक वर्गले अथवा सत्तामा रहेका हरूले सर्वसाधारण जनता माथि गरेको शोषण र दमनको खुलस्थ गरेका छन् । यहाँ उच्च वर्गका सत्ताधारीहरूले नेपाली चेलीहरूको कुनै इज्जत र मान प्रतिष्ठाको ख्याल नगरी विभिन्न खले जर्वजस्ती, आतंक र बलत्कारीका सिकार कनाउने गरेको कठु यथार्थ चित्रित छ । यहाँ ठूला भनौदाहरूको चरित्रहिन व्यवहारबाट प्रतेक नेपाली चेली तथा सिधासाधा जनताहरू त्रशित बनेको कुराको प्रस्तुति गरिएको छ । यहाँ आफ्नो दैनिकी चलाउन दैनिक रुपमा भारी बोक्ने, आफ्नो परिश्रमको पसिना बगाउनेहरूले पनि आफ्नो कार्य स्थलमा त्रशित हुनु परेको  यथार्थ कुरा यस कवितामा प्रस्तुत छ । केही समय अघि नेपालमा राणा शासकहरूले शससितहरू मथि गरेको व्यवहारको कुरा यहाा प्रसतुत छ । तर नेपालमा प्रजातन्त्र आएपछि पहिला पिडामा परेका नेपाली जनता तथा चेलीहरू छोरी, बुहारीहरू पनि ऋुर निरङ्कुश शासनका विरुद्धमा लागेका छन् । अन्याय, अत्यचार शोषण दमन गर्ने शासक र उनीहरूका अघि पछि लागेर हिड्नेहरूले आफूले गरेको कुकृतयको फल भोग्ने छन्, भन्ने कुरा कविले व्यक्त गरेका छन् ।

यो त मोज मस्ती र आरामको सफर न हो

जहाँ जस्लाई जे मन लाग्छ गर्दै जाऊ भोग्दै जाऊ (पृ:८)

राजनीतिक भाव व्यक्त भएको यो कवितामा कविले राणा शासन र प्रजातन्त्र आए पछिका कुरा प्रस्तुत गरेका छन् ।

## माष्टर जागिर

यस कवितामा कविले विद्यालय पढ्न जाने गरिब बिद्यार्थी र पढाउने शिक्षकको वाध्यता प्रस्तुत गरेका छन् । विशेष गरेर दुर्गम स्थानमा रहेका सामुदायिक विद्यालयहरूमा पढ्ने विद्यार्थीहरू गरिवीका रेखामुनि रहेका विद्यार्थीहरू हुन्छन् । उनीहरूलाई पढ्ने भन्दा पनि गाँस र कपासको समस्याले पिरोली रहेको हुन्छ । त्यो गरिब बालकको दिमागले पढ्ने भन्दा पनि खाने लगाउने कुरामा बढि महतव राख्नु पर्ने हुन्छ, यस्तो विद्यार्थीको दयनिय अवस्था प्रति शिक्षकको मन पनि बिद्यार्थीलाई पढाउन भन्दा पनि खान लगाउनको समस्याको कारुणीक अवस्था प्रति जान्छ । यस कवितामा कवि विद्यालयको भौतिक अवस्था सुव्यवस्थित हुनुपर्ने र बिद्यार्थीहरू पनि शिक्षा आर्जनकोलागि शारीरिक र मानसिक रुपले

तयार हुनुपर्ने कुरा कवि यस कवितामा प्रस्तुत गर्दछन् । यस कविताले सामाजि भाव व्यक्त छ ।

भोक लागो भन्ने उत्तरमा

म के खानदिन सक्छु र ?

के मैले नपढाउनै चाही हुन्छ र ? (पृ:११)

## बाटोले इतिहाँस कोर्दै छ रे ।

यस कवितामा कविले सामाजिक भाव व्यक्त गरेका छन् । यहाँ पूर्वी नेपालका सृजनशील युवा र वृद्व श्रमिकहरूको अथक प्रयासमाबाट इलाम, झापा, भोजपुर र खाँदबरी जस्ता बिभिन्न ठाउँमा बाटोले पूर्णता पाएको र आफ्नो इतिहाँस निर्माण गरेको कुरालाई कवितामा मुख्य विषयवस्तु बनाइएको छ । यहाँ श्रमिकहरूको जोसमा बाटोले पनि सहयोग गरेको कुरा यस कवितामा प्रस्तुत छ । यहाँ बाटोले गरेको सहयोग भनेर श्रमिकहरू कुटो, कोदालो लिएर बाटो खन्न हतार गर्दै छटपटाएका र रुदै गरेका बालबच्चा काखीमा च्यापेर वहिदारको अगाडि छिटो छिटो हिर्काएका ढुङ्गाका टुक्राहरूलाई नर्विसिएको अवस्थालाई संकेत गरिएको छ । यहाँ देशको गरिबी अवस्थालाई र लगनशिल श्रमिकलाई महत्वपूर्ण रुपमा प्रसतुत गरिएको छ ।

सधै-सधै हतारो गर्दै छट्पटाएका पाखुराहरूलाई

अनि रुदै गरेका बच्चाहरूलाई काखीमा च्यापेर

वहिदारको अगाडि (पृ:१२)

## बाटोका कालीगढको मुत्युको दिन

यो कवितामा कविले दिनहिन र गरिब मजदुरको दुखद मृत्युको यथार्थ चित्रण गरेका छन् । एउटा बूढो जसले श्रीमती र छोरीहरूको सुखको सपना भारत, बंगलादेश, इलामको पूर्वी गोर्खे, पशुपतिनगर र जमुना जस्ता ठाउँमा आफ्नो मजदुरीको दैनिकम दिन विताइ रहेको हुन्छ । जो जनजाति तामाङ बूढो हो । उसका मृत्युमा समाजले पशुको मृत्यु झै मात्र दृष्टि दिन्छ । गरिबीको कारण उसकी श्रीमती र छोरीहरू पनि आफ्नो जीवन जीउने क्रममा श्रीमान अथवा बाउको अन्त्यष्टिबाट केही क्षण उब्रेको समय पनि उनीहरूले ढुङ्गा, गिटीको खर्चचनु पर्ने गरिवको व्यथा यस कवितामा छ ।

विदेशका भिरहरूनै भए पो के छ र ?

जहीं उस्तै उतिकै सार्थक जीवन । (पृ : १५)

## काजीमानको इतिहासन्दै छ रे

यस कवितामा गरिब र बिपन्न वर्गका जनताले धनी र सामन्ती संस्कारबाट जकडिएका व्यक्तिहरूबाट हुने गरेको शोषण दमनलाई कविले मुख्य विषयवस्तु बनाएका छन् । यहाँ काजीमानले विपन्न वर्गका सर्वसाधरण जनताको प्रतिनिधित्व गरेको छ । काजिमानको माध्यम्बाट सम्पूर्ण सर्वसाधारण जनताको बाध्यतालाई प्रस्तुत गरेको छ । यहाँ गरिव वर्गले अगाउञ्जेल खाना खाएको दिन खुसीयाली मनाउने र एक आङ् कपडा र झुप्रोकालागि माजनको सिकुवा कुर्नु पर्ने बाध्यता यस कवितामा छ । सामाजिक राजनीतिक भाव बोकेको यस कवितामा कविले गरिव र निम्न वर्गीय जनता र सामन्त बीचको बाध्यात्मक सम्बन्धलाई प्रस्तुत गरेका छन् ।

कति समय त कुर्दैमा बित्यो महाँजनका सिकुवा र पेटीहरू

कति समय त हेर्दैमा बित्यो सामन्ति रवाफहरू । (पृ : १६)

## एउटा फूलबारीको बनावट

कवि मनले फूलबारी, संगीतलाई अत्याधिक मात्रामा चाहाने गर्दछ । यसै अनुसार कवि आचार्यले फूलबारीमा अनेकथरी फूल फूलाउने कुरा, फूलको माली बन्ने रहर यस कवितामा प्रस्तुत गरेका छन् । कविको फूलबारीले नेपालका अनेक जाती, भाषी, संस्कृतिको पनि संकेत गरेको छ । जहाँ अनेक धर्म र संस्कृतिका मानिसहरू भए पनि एक आपसमा एकता रहेको र यसलाई अझ सव लबनेको हेर्ने रहर कविको रहेको यस कविताले व्यक्त गरेको छ । कवि आचार्यको वास्तविकता पनि सरसफाइ गर्ने, कोठाहरूमा सामान मिलाएर राख्ने, सजाउने, बगैचामा अत्याधिक मात्रामा फूलले सजाउन भएकाले यो कविताले उनको बास्तविक व्यक्तित्व झल्काउछ । प्रकृति प्रेमको भाव बोकेको यो कवितामा कविले अनेक थरीको विषयवस्तु बनाएका छन् ।

म अहिलेसम्म पनि एउटा फूलबारी

बनाउने रहरमै छु । (पृ : १९)

## मेरो प्रतिक्षारत अवस्था

कविले यो कविता प्रजातन्त्र आउनु अघि रचना गरेका भएकोले उनले प्रजातन्त्र प्राप्तिको समय कुरेको कुरा उल्लेख गरेका छन् । शान्ति, सुरक्षा र शुव्यवस्था अनि षोशण दमन विरुद्वको समाजको कल्पना गरेर लेखिएको यो कवितामा राजनीतिक भाव प्रस्तुत छ । प्रजातन्त्र प्रप्तिकोलागि कवि मनले बर्षौ कुरेको, बाटो, दोबाटो र चौबाटो बिचमा गाउँका घर दैलो र छहारीहरूमा अनि प्रतेक देउराली र भञ्ज्याङ्गहरूमा पर्खिरहेको कुरा कविले यस कविता मार्फत व्यक्त गरेका छन् ।

म त खाली उसको तड्पाइमा पो तड्पिरहेछु ।

तर त्यो देखेर हिड्ने वरियाँत भैं (पृ :२० )

## तिम्रा लागि अखवार बनेको छु

यो कविता निकै लामो छ । यस कविता मार्फत पनि कविले राजनीतिक भाव व्यक्त गरेका छन् । कवितामा पञ्चायती निरङश व्यवस्थाका पक्षधरहरूले सर्वसाधारण नेपाली जनतालाई विभिन्न बाहानामा देशद्रोहिको झुटो मुद्दा लगाएर जेलचलान सम्मको दुःख कष्ठको अमानविय ब्यवहारको पर्दाफास गर्न अखबार बनेर सम्पूर्ण न्यायप्रेमी नेपाली जनताले गर्ने कुराको पर्दाफास यहाँ गरेका छन् । यहाँ सुगा र मैनाले पनि नेपाली जनताको प्रतिनिधित्व गरेका छन् । कयौ सुगा र मैनाले क्षितिजलाई पार गर्न खोजिरहेका छन् । तसर्थ अमानविय ब्यवहारको अन्त्य गर्दै शोषण, दमन, हिम्सा हत्या आतङ्क र निरङकुस शासन प्रणली प्रति असहमती जनाउदै विरोध स्वरुप अखबार बनेर पसल पसलमा झुण्डिएर सम्पूर्ण मानवलाई जागरुक गराउदै तत्कालीन यथास्थितिवादी चिन्तनको कुकृत्यको पर्दाफस गरिएको कुरा कवितामा उल्लेख छ । तिमी भनेर यहाँ पञ्चायती व्यवस्थाका शासक वर्गलाई सम्बोधन गरिएको छ ।

यो तिम्रो पनि उत्तीकै अधिकार भित्रको कुरान हो ।

तिमी तिम्रै सोचाइलाई सच्चा ठान्छौ (पृ : २१)

## मेरो साथी मेरो गोर्खाली

या कवितामा सामाजिक तथा राजनीतिक भाव प्रस्तुत छ । कवि परिश्रमी गोर्खालीको वीरतामाथि प्रसन्ता व्यत्त गर्दछन् । वीर गोर्खालीको आफ्नो सम्पूण दुःख

कष्टलाई पेट भित्र लुकाएर जस्तो सुकै परिस्थितिमा पनि हाँसी हाँसी आफ्नो वीरता प्रस्तुत गर्ने कुराको व्याख्या यस कवितामा प्रस्तुत छ । एउटा गोर्खाली मनले पचास साठी के.जि.को भारी माथि आफ्नो साव को दश पन्द्र के.जि.को भोला बाँधेर बोकेर हिड्न पाउदा त झन हर्ष हुने कुराको प्रतुति यहाँ छ । यहाँ गोरखाली अथवा नेपालीले आफ्ना कार्यलयका हाकिम माथि गरेका उद्वार र हाकिमले गरेको शोषण दमनको पर्दाफास एक वीर गोर्खालीलाई अभिनेता बनाएर प्रसतुत कविले गरेका छन् । नेपालका हिमाल, पहाड अनि तराईका बिभिन्न स्थानलाई परिवेश बनाएर यो कविता शासित र शोषितबिचको कटु यथार्थ प्रस्तुत गरेको छ ।

दृढता र सत्यताको तोक्मा टेकाउदै ।

आस्था र निश्चिन्तताको खकन हालेर !! (पृ :२५)

## सिजोफेनियन

यस कवितामा मनोवैज्ञानिक भाव प्रस्तुत गरिएको छ । यस कवितामा विषयवस्तुको क्रमता निश्चितता रहेको छैन । यहाँ एक मानविय मनले उत्पन्न गरेको आर्थिक, सामाजिक, राजनीतिक अवस्था अनि विवशताहरूको भावनालाई प्रकट गरिएको छ । कुपोषणबाट ग्रसित बालबच्चा च्यापेर मनका रहर र बाध्यताहरू हत्तौ लाग्ने बाटाका लम्बाईहरू पार गर्दै शक्ति सम्पन्न राष्ट्रका आणविक होडवाजिको वावजुद पनि कुनै प्रभाह नगरि शान्तिप्रिय जीवन जीउन चाहाने नेपाली पनको नियतिलाई कविले प्रस्तुत गरेका छन् ।

म त आफ्नै कौसलमा रम्दै छु ।

म त आफ्नै शिल्पकारमा व्यस्त छु ।

## एउटा युग जन्माउनु छ

राजनीतिक भाव रहेको यो कविता मार्फत कविले न्याय र शान्ति प्रेमी सबै तह तप्कका सर्बसाधारण सबै नेपाली जनतालाई एक हुन आह्वान गरेका छन् । सबै तह, जात, धर्म, संस्कृति, पेशा व्यवसायका जनताको एकताले मात्र देशमा सकारात्मक परिवर्तन आउने कुराको जानकारी गराएका छन् ।

चउरी पर्दै गरेकाका अनुहारहरूमा

एकक्षण गोरु बिसाएर (पृ : २८)

## हाम्रा पुर्खा र हामी

खण्ड एकमा राखिएको यो अन्तिम कवितामा भाग्यको खोजिमा विदेशिएका नेपालीहरूका पुर्खालाई सम्बोधन गरिएको छ । यहाँ विषेश गरेर भुटान गएर नयाँ सपना बुन्न चाहाने नेपाली पुर्खाहरूले सरर्णार्थीको जीवन भोग्नु परेको यथार्थ प्रस्तुत छ । पहिले नेपालमा हुँदा अर्को देशको नागरिक बन्ने चाहानामा विदेशिए तर अर्को देशले पनि आफ्नो देशको नागरिक बनाउन नसके पछि नेपालमा शरर्णर्थी बन्नु परेको जानकारीले भावि सन्ततिमा देशप्रेमको सन्देस दिएको छ ।

त्यहाँ कुनै इतिहास पढ्नु थिएन ।

खाली खाली पुर्वजहरूले वहाएका (पृ : ३०)

## खण्ड-दुई

## प्रजातन्त्र

यस कवितामा कविले पञ्चायती व्यवस्था पछिको प्रजातन्त्र आएर पनि सर्वसाधारण जनताका विरुद्ध सत्ताधारीहरूले बन्दुक बोकेर दमनकारी नरसंहारकलाई प्रस्रय दिएको र देशले पनि मौन बनेर प्रजातन्त्रको मोलमोलाप गरेको अथवा पैसा हुनेकोलागि प्रजातन्त्र किनेर पनि उपभोग गर्ने तर सर्वसाधरणले सँधै शोषण दमन सहेर बस्नु पर्ने कुसंस्कारी प्रवृत्तिको प्रस्तुति यस कवितामा छ ।

जमिनदारले सर्वहारा माथि

कुलिनले किसान माथि (पृ : ३४)

## अर्को महाभारतको जन्म भएको छ

यो कवितामा पनि कविले देशप्रेम र राजनीतिक भाव प्रस्तुत गरेका छन् । यहाँ हिन्दुहरूको धर्मग्रन्थ महाभारतलाई मुख्य विषयवस्तु बनाएर त्यसमा रहेका पात्रहरू कौरव र पान्डवले देशका शोसक र शोसित वर्गको प्रतिनिधित्व गराएका छन् । सत्ताधारी शोसकले सर्वसाधारण जनतालाई विभिन्न आरोप पत्यारोपमा सताइ रहेका छन्, जसरी महाभारतमा कौरव पक्षले विभिन्न शर्त राखी पाण्डव पक्षलाई सताएका थिए । यस कविताले पुरानो संस्कारलाई नै शिरोपर गरेको जानकारी दिइएको छ ।

लौ आऊ अर्जुन,गाण्डीव शंख बोकेर

यहाँ त अर्को महाभारतको गर्भधारण भएको छ । (पृ : ३६)

## नववर्ष !

नयाँ वर्षलाई विषयवस्तु बनाए लेखिएको यो कविताले सामाजिक तथा राजनीतिक भाव बोकेको छ । यहाँ सँदै झै नयावर्षले नयाँ उमङ्ग नल्याएर उही पुरानो परम्परामा कुनै परिवर्तन नभइ उल्टै निराश जनक भएको कुरा यहाँ उल्लेख छ । नयाँ वर्षलेत नयाँ उमङ्ग, जोस जाँगर र उन्नति, प्रगतितो सङ्केत गर्नु पर्ने तर अद्योगतिको सङ्केत गरिएको छ । यहाँ नयाँ वर्षलाई कविले भान्षामा रिसाएकी बुहारी, सत्ताबाट छुटेको मन्त्री, कुर्सीमा फूलेको हाकिम आदिसँग तुलना गरेका छन् ।

भान्सामा रिसाएकी दुलही जस्तो

कुर्सीमा फूलेको हाकिम जस्तो (पृ : ३७)

## प्रियतमा आऊ स्नेहका हातहरू मिलाऊँ

प्रेम तथा साजाजिक भावमा लेखिएको यस कवितामा कविले देशको सामाजिक तथा राजनीतिक अवस्था आतङ्गीत भए पनि प्रेमिकालाई प्रेम प्रणयको हात मिलाई देशको राजनीतिक अवस्थालाई केही क्षण भए पनि प्रेम प्रणयमा भुलेर बिर्सन आग्र गरेका छन् । देशमा भएको द्वन्द्वात्मक स्थितिलाई प्रेमिकासँग भूलेर बिर्सन प्रेमिकालाई निमन्त्रणा गरेका छन् ।

अलिकति माया बोकेरै आऊ

आज हामी स्नेह र मायाँका दरिला हातहरू मिलाऊँ । (पृ : ४२)

## नयाँ घैटो पुरानो जाँड

यस कवितालाई कविले विभिन्न भावमा प्रस्तुत गरेका छन् । आचार्यले यस कविता मार्फत देशमा घटेका विभिन्न राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक, मानज अधिकार, कर्तव्य आदि घटनाको वर्णन गरेका छन् । यि विषयमा बिभिन्न तरिकाले सकारात्मक प्रयास गरिए पनि पुरानै शैली र संस्कार प्रयोग भएको कुरा कवितामा वणर्न गरिएको छ ।

र बिस्तारै नयाँ घैटोबाट पुरानो जाँड

तन्काइरहेछन् पिपा लगाएर तन्तनी (पृ : ४३)

## म दोहोऱ्याइरहेछु कतै समय नभत्कियोस्

यस कवितामा मानिसको अस्थित्व रक्षाको लागि कर्तव्यपरायन रहनु पर्ने कुराको प्रसतुति यहाँ छ । मानिसको इच्छा र चाहाना सगरमाथाको टुप्पो भन्दा उच्च र प्रसान्त महासागर भन्दा विषाल राख्ता पनि समयको दुरुप्रयोगको कारण सफलता हात पार्न नसकेको कुरा कवि व्यत्त गर्दछन् । राष्ट्रप्रेमको भाव यस कवितामा ।

कतै खिया लागेन आत्मामा भने

कतै भुत्तिएन मन भने (पृ : ४५)

## एउटा मृत्यु त बाँचेको छ दासढुङ्गासँग

जसरी मदन भण्डारीको षड्याण्त्रपूर्ण ढंगबाट मृत्यु भयो त्यसरी नै कवितामा म पात्रले आफू पनि मृत्युको मुखमा पुगेर बाँचेको कुरा प्रस्तुत गरेका छन् । यस कवितामा राजनीतिक जालझेलका कुराले नेपालका सपुतले ज्यान गुमाउनु परेको कटु यथार्थ प्रस्तुत छ । बरबर दमन र शोषर्णको रुपहरू घुम्दै झुटा कुरालाई प्रस्रय दिदै राष्ट्रप्रेमीलाई मार्ने र राष्ट्रघातीर्ला मलजल गर्ने राजनीतिक भाव यस कवितामा प्रस्तुत छ ।

पट्टी बाँधेको स्वरुपमा पनि छान्न सक्छ र भन्न सक्छ

आखिर दासढुङ्गा के हो ? (पृ : ४७)

## मेरी पनि श्रीमती

यस कवितामा कविले परिस्थिति अनुसार महिलाले गर्ने काम र व्यवहारलाई बाध्यात्मक झल्नु पर्ने कुरा प्रस्तुत गरेका छन् । महिलाले गर्ने  काम धेरै हुने र उनीहरूले सहजै स्वीकार्नु पर्ने कुराको खुलस्थ यहाँ गरिएको छ । महिलाको काम अनुसारको उपमा पनि यस कविताले दिएको छ । यो कविताले सामाजिक भाव प्रकट गरेको छ ।

छुनुमुनु छुनुमुनु नाच्ली जस्ती

घरभित्रको त डाइरेक्टर जस्ती (पृ : ५०) ।

## तर भ्रष्टचार नगर्नोस्

राजनीतिक भाव बोकेको यो कवितामा कविले भ्रष्टचार विरुद्व जनचेतना जगाउन खोजेका छन् । भ्रष्टचारले देशलाई खोक्रो बनाइ सकेको र गरिब जनताको जीवनस्तर माथि उठ्न नसकेको कुरा यहाँ प्रसतुत छ । देशका भ्रष्ट्रचारीहरूले विदेशबाट लिएको ऋृण सम्म आफू खुसि चलाएको कुराको खुलस्त यस कवितामा प्रस्तुत छ ।

त्यसैले त म भनिरहेछु

तर भ्रष्टचार भने गर्दै नगर्नु (पृ : ५१)

## उज्यालोको संकेत

जसरी उज्यालोले अध्यारोलाई क्षण भरमै तोडेर आफ्नो ज्योतीले सारा समय र स्थानलाई रमणीय तुल्याउँछ त्यसरी नै प्रगतीवादी विचार र सिद्वान्तले पनि साम्म्राज्यलाई सकारात्म प्रगतिशिल बनाउँछ । यहाँ एकतान्त्रिक शासन व्यवस्थालाई तोड्न ु बहुदलिय व्यवस्था हुनुपर्ने कुराको जिकिर यस कवितामा प्रस्तुत छ ।

एकछत्र शासन जमाउने कालरात्रीलाई

उज्यालो बनाउने छ आयु घटाउने छ (पृ : ५२)

## शुभकामनाको अर्को उपहार

नयाँवर्ष सुरु हुँदा भित्तामा झुण्डीएको क्यालेण्डरले नयाँ क्यालेण्डरलाई ठाउँ दिएर आफू उकिनेक्रम जारी रहे झै अधोगतिले पनि प्रगतिलाई ठाउँ दिनु पर्ने, तर निमुखा निमुखाकै ठाउमा पिल्सीएर बसेका छन् । यच्च वर्ग उच्चनै रही रहेका छन् । यहाँ न्याय र अन्याय छुट्टिएको छैन यहाँ न्यायको जीत होस् भन्ने शुभकामना कविले प्रस्तुत गरेका छन् यस कवितामा पनि राजनीतिक भाव प्रस्तुत छ ।

शुभकामना छ पोकलेकी आमा र मंगलेलाई पनि

र चाहाने जति सबका-सबलाई (पृ : ५४)

## घर घरबासी र निर्णय-१

यस कविताले पनि राजनीतिक भाव प्रस्तुत गरेको छ । यहाँ घरलाई नेपालको उपमामा राखिएको छ । यस कवितामा ढोकाले शासनशत्ताधारीहरूलाई संकेत गरेको छ ।

शासन सत्ता परिवर्तन हुने कुरालाई यहाँ ढोकाको दिशा परिवर्तन भनिएको छ । राज्य सञ्चालनमा जस्को पालो आए पनि सुरुमा सबैले केही सकारात्मक परिवर्तन होला भन्ने आसमा खुसियाली मनाउने तर परिर्वनको संकेत नभए पछि निरास बन्ने कुराको प्रस्तुति यहाँ छ ।

मेरो समेत त्यस परिवारलाई  स्वागत छ

हरपल हरक्षण शुभकामना छ स्वागत छ ।! (पृ : ५७)

## घर घरबासी र निर्णय-२

राजनीतिक भावमै लेखिएको यो कवितामा पनि नेपालको राजनीतिमा भएका एक पर्टी र अर्को पार्टी बिचको मनमुटाव तथा एउटै पार्टीमा भएको गुट र उपगुटले पारेको असरलाई प्रस्तुत गरिएको छ । यहाँ पार्टीमा भएका सदस्य तथा कार्यकर्ता बिच विचार नमिलेर पार्टी फुट्ने कुराको जानकारी गराइएको छ ।

मेरो उनीहरूलाई श्रद्वा र स्नेह पनि छ

सधैंको अभिवादन र कामना पनि छ ! (पृ : ६०)

## घर घरबासी र निर्णय -३

यस कवितामा पनि राजनीतिक भाव नै प्रस्तुत छ । यसमा पार्टीहरूको फुट्ने नियमले कार्यकर्ता कता जाउ कुन पार्टी अपनाउ भन्ने दोधारमा परेको प्रस्तुति छ । प ूटेर जाने र त्यहि पार्टीमा बस्ने नेतृत्व पक्षको कारण कार्यकर्ताको आवाज प्रस्तुत छ ।

म त अझै अझै खोजिरहेछु खोजिरहेछु ॥

म मेरो आफ्नो घर फेरी खोजिरहेछु । (पृ : ६१)

## आऊ सूर्यमा छाप लगाऊँ (गित)

कवि आचार्य प्रगतीवादी विचार धाराका कवि भएका कारणले होला उनका कवितामा प्रायजसो साम्यवादी राजनीतिक चेत पाइन्छ । यस कवितामा त उनले शोसण, दमन, अन्याय, अत्यचारबाट मुक्ति पाउन र आफ्नो अधिकारको रक्षा गर्न सम्पूर्ण नेपाली जनतालाई नेपाल कम्न्यिुष्ट पार्टीको चुनाव चिन्ह सुर्यमा छाप लगाउन आवहान गरेका छन् । यस कवितालाई गित भनेका छन् । यसले पनि प्रगतीवादी भाव बोकेको छ ।

बिहानीको भालेडाक संगै संगै उठ्न

सूर्य चिन्ह लगाऊँ छाप एक भई जुट्न (पृ : ६२)

## घनश्याम बाजे र दसैं

सामाजिक यथार्थको भाव बोकेको यस कतितामा कविले नेपालीहरूको महान चाड दशैको चर्चा गरेका छन् । यहाँ हुदा खाने र हुनेखाने बिचको दशैको तुलना गरेर कविले हाम्रो सामाजिक जीवनशैलीको यथार्थ प्रस्तुति दिएका छन् । यहाँ घनश्याम बाजेले गरिब नेपालीको प्रतिनिधित्व गरेका छन् । बरिबहरूका लागि चाडवाड अभिषप बनेको कुरा यस कवितामा छ ।

दशैले उनलाई बगाउन खोज्छ ठुलो बाढीले झैं

मन चोइट्याउन थाल्छ बञ्चरोले झैं (पृ : ६३)

## अहिलेको म र मेरो यथार्थता

मनोवैज्ञानिक भावमा लेखिएको यो कवितामा कवि मनको दोद्यारे मनको भाव प्रस्तुत छ । यहाँ म पात्र आफूले विसंगतिपूर्ण जीवन जीउन बाध्य रहेको कुरा प्रस्तुत गरेका छन् । बाँचर पनि केही गर्न नसकेको र निर्जीव अवस्थामा पुग्न पनि नसकेको कुराको व्याख्या यहाँ छ ।

लाचार मेरो मनोवृत्ति शनैः शनैः गिज्याइरहेछ मलाई नै

र हुनसक्छ (पृ : ६५)

## अनुदीत जीवन

यस कवितामा मानवले विभिन्न अवस्थामा विभिन्न वस्तुसँग आफूलाई अनुवाद गर्नु परेको कुरा प्रस्तुत छ । कविले यहाँ बिरामी पर्दा औषधिमा, मनमा अशान्ति भएको बेला श्रीमद्भागवत गीतामा, तनावपूर्ण अवस्थामा गिलासमा भएको सुर्कोमा अनुवाद भइने कुराको प्रस्तुति दिएका छन् । यो कविता पनि मनोवैज्ञानिक भावमा छ ।

त्यसैले त मानिस ब्रुफिनमा अनुवाद भइरहेछ ।

खै के भन्ने र ? (पृ : ६६)

## कतै मन भाँचिएन भने

प्रकृतिप्रेमको भावमा लेखिएको यो कवितामा आचार्यको तत्कालीन कार्य क्षेत्र डोटीको जोरायल गाउँको सुन्दरतालाई वर्णन गरिएको छ । यस ठाउँको सुन्दरता, स्वच्छता, शान्त र निश्चल भौगोलिक भू वनावट सो गाउँ प्रति कविको सद्भाव रहेको कुरा प्रस्तुत छ ।

तिमी जस्तै धीर र मलीन बन्न चाहान्छु ।

मेरो प्यारो जोरायल ‼ (पृ : ६८)

## विविधता

यस कवितामा पनि कविले मनोबैज्ञानिक भाव प्रस्तुत गरेका छन् । यहाँ बोली र ब्यवहारमा फरक पार्ने मानिसको मानसिकता प्रस्तुत गरिएको छ । एकथोक भन्ने र अर्को थोक गर्ने मानिसको मानसिकतालाई यस कवितामा प्रस्तुत गरिएको छ । शान्ति चाहाने तर बन्दुक बोकेर हिड्ने, एकथोक पढ्ने अर्को बुभ्ने भनि कवि आफ्नु कविता प्रस्तुत गर्दछन् ।

चाहान्छौ शान्ति र

भिर्छौ बन्दुक । (पृ : ६९)

## म मनलाई नै सलाम ठोकिरहेछु

मनोवैज्ञानिक भावमा रहेको यस कवितामा पात्रले आफ्ना मनका भावना पोखेका छन । म पात्र जस्तोसुकै परिस्थितिलाई पनि सामना गर्ने कुरामा विश्वसत छ । म पात्रले, मनमा परेका साना समस्यालाई पनि मनैले सामना गर्ने कुरा को जानकारी प्रसतुत गरेका छन् ।

दीपशिखा ठानेर म अहिले सम्म पनि

पानस बालिरछु (पृ : ७०)

## शुभकामना

राष्ट्रप्रेमको भावमा लेखिएको यो कवितामा शान्तिका अग्रदुत बुद्व जन्मिएको हाम्रो देशमा जताततै हिसां र हत्या भैरहेको तर पनि बुद्वले शान्त मनले सबै परिस्थितिलाई सहन

गरेको कुरा जानकारी गराएका छन् । यही बुद्धको सहनशिलताप्रति दङ्ग भै कवि उनै बुद्धलाई शुभकामना व्यक्त गर्दछन् ।

प्यारो गरी सिद्वार्थ

तिमीलाई मेरो समेत

शुभकामना-शुभकामना !! (पृ : ७२)

## पिउन मन लागेको छ आगोका फिलङ्गाहरू

आचार्यको यो कविताले पनि मनोबैज्ञानिक भाव व्यक्त गरेको छ । कवि मन विसंगत अवस्थामा बाँचिरहेको र मनलाई सान्तना दिनकोलागि क्रन्तिकारी बन्ने इच्छा रहेको कुरा यस कवितामा प्रस्तुत छ । कवि शान्किो नाममा शान्तिको प्रतिक परेवा उडाएर बुद्धको सम्मान सम्झनेमाथि आक्रोश व्यक्त गर्दछन् ।

यसरी एउटा युगकै सूत्रपात खातिर

कुन्नी किन पिउन मनलागेको छ ताता आगोका फिलङ्गाहरू ! (पृ : ७३)

## मेरो यात्रा (गीत)

म पात्रको प्रयोग भएको यो कवितामा कविले आफ्नो जीवन यात्राका क्रममा भोगेका बाधा व्यवधानलाई प्रस्तुत गरेका छन् । कवि मनले केह ीगर्न खोजो भने खुट्टा तान्नेहरूले अगाडी बढ्न नदिएको कुरा प्रस्तुत गरेका छन् जति हिडे पनि गन्तव्य टाडा जस्तो महसुस कवितामा प्रसतुत छ । यस कवितामा पनि मनोवैज्ञानिक भाव प्रस्तुत छ ।

हात पाऊ चलेदेखि हिड्नथाल्या हिडिराछु

गन्तत्वको स्वप्निलधारा हिमाल भन्दा उच्च देख्छु (पृ : ७४)

## कलम ग्याँसच्याम्बरमा थुनिएको बेला

यस कविताले पनि राजनीतिक भाव प्रकट गरेको छ । यहाँ कलम लिएर देशको मुहार फेर्न उठेकाहरूलाई राजनीतिज्ञहरूले विभिन्न नियम बनाएर कलम बन्द गरिदेको अवस्थाको प्रस्तुति दिएका छन् । यहाँ कविका मनमा प्रतिगमनका विरुद्व उठेको कलम ग्याँसच्याम्बर भित्र थुनिएको कुरा प्रस्तुत छ ।

ढाल बनेर उभिएको छ छाती भरी

र समर बनेरै फैलिएको छ धर्ती भरि-भरि ॥ (पृ : ७६)

## मेरो गाउँको कहानी

यो कविता यस सङ्ग्रहको शीर्ष कविता हो । यसमा कविले देशमा भैरहेको युद्व, आतंक, अपहरण जस्ता विभित घटनाले सम्पूर्ण गाँउलाई नै तहस नहस पारेको कुरा प्रस्तुत छ । यहाँ दिनमा मानिसको आउने जाने चहलपल हुनुपर्ने तर त्यो नभएर रातमा चाही यस्ता क्रियाकलाप हुने कुराको प्रस्तुति दिएर कविले दिएका छन् । यस कवितामा पनि प्रगतिवादी भाव प्रस्तुत छ ।

पुनः पुनः गाउँ त जाग्राम बसिरहेछ

जाग्राम बसिरहेछ (पृ : ७८)

## सडक र यात्रा

यस कवितामा सडकले विभिन्न मनस्थितिका मानिसलाई यात्रामा पुऱ्याएको सहयो उल्लेख छ । यात्रुहरूको मनसाय र मनस्थिति फरक फरक भए पनि बाटोले एउटै यात्राको वातावरण प्रदान गरेको कुरा यस कवितामा प्रस्तुत छ । कवितामा सडकमा जस्तोसुकै मानिस हिडे पनि सडकले चिरनिन्द्रामा परे झै सहेको कुरा कवितामा छ ।

चिर निन्द्रामा नै

पल्टिएको छ-पल्टिएकै त छ । (पृ :७९)

## स्वप्निल बचाइ

म पात्रको प्रयोग गरेर लेखिएको कविता हो । यसमा कविले जीवन भोगाइलाई स्वप्नील तथा विसंगत भनेको छ । यस कवितामा एउटा भ्रमपूर्ण जीन्दगीको भोगाइ भोगी रहेको कुराको खुलस्त पारिएको छ । यहाँ कवि मनका भावहरू खुलस्त छन् यस कवितामा मनोवैज्ञानिक भाव छ ।

त्यही सपनाले मलाई दिनहुँ-दिनहुँ

गिज्याइरहेछ-गिज्याइरहेछ । (पृ : ८०)

## पेस्तोल

निर्दोष र निर्जीव पेस्तोल बनेर म पात्रले पेस्तोलको गुनासो पोखेका छन् । पेस्तोलले नदी भए बहिदिने, बादल भए बर्षी दिनेथें तर एउटा निर्जीब पेस्तोल भएकाले नचाएर पनि मानव संहारको कार्यमा निर्दोष भएर पनि दोषी काममा सहभागी हुनु पर्ने बाध्यता प्रस्तुत गरेका छन् । यस कविताले पनि मनोवैज्ञानिक भाव प्रस्तुत गरेको छ ।

हित-अहित के हुने हो स्वचालि म हैन हजुर

दुष्टहरूको हातपर्दा म त पड्किरैछु हजुर !! (पृ : ८१)

## प्रजातन्त्र उर्फ लोकतन्त्र

प्रजातन्त्र लाई सम्बोधन गर्दै तिमी गरिबको चुलोमा खोजि हिंडेको तर कहिं कतै नभेटिएको कुरा उल्लेख गरेका छन् ।गरिबको चुलो चौकामा प्रजातन्त्र आएपछि खेतबारि र पाखा भरि छाउने आसा एवम् अभिलाषा राखेको पाइन्छ ।प्रजातन्त्र आएपछि गरिबको चुलो चौको भरिनेछ घाम उदाउने बाटो हेरेर प्रजातन्त्रको बाटो कुरीरहेको उल्लेख गरेका छन् ।

यसकबिताले राजनीतिक भाव प्रस्तुत गरेको छ ।

त्यहि आसा  त्यहि इच्छा मुटुभरी समेटेर

बाटो अझै हेरिरहेछु घाम उदाउने क्षितिजतिर !!(पृ :८२)

## खण्ड ३

## समयको घण्टी र मेरो गति

यस कबितामा कबिले मुर्छित अबस्थामा पुगेको राजतन्त्रको दयनिय अबस्थाको बर्णन गरेको पाइन्छ । राजतन्त्रको अन्त्येष्ठिको साइरन बजाउदै कसैलेपनि बिउझाउने र पछ्याउने प्रयास नगरेको कुरा उल्लेख गरेका छन् । बनपाखा उकाली र ओराली हरूले पनि यसको अन्त्यको बिगुल बजाउदै गरेको कुरा उल्लेख गरेको पाइन्छ । यसले मनोबैज्ञानिक भाव बोकेको छ ।

ओरालो र उकालो  जतातत्तै

घर जङगल पखाहरू चहारेर

तेरै अवशानको केवल तेरै अन्त्यको

बाजा बजाइरहेछु !! (पृ: ८४ )

## जीवनको अवसान पर्खनेहरूबिचको बँचाइक्रम

प्रगतीवादी भावमा लेखिएको यो कविता मा एक गरिब र एक अमिरको द्वन्द्व देखाइएको छ ।धनमानले बिरबहादुरलाई लछार पछार पारेर श्रमिकको ज्याला पनि नदिएर काममा जोतेको कुरा उल्लेख गरिएको छ । देख्नेहरू पनि अवाक छन् किनकी उनिहरूको पनि तेहि हालत हुन्छ यदि वोलेको खण्डमा !! (पृ:८५)

## फेरि पनि बाँच्ने स्वप्न पालेको छ

प्रगतीवादी धारमा लेखिएको यो कवितामा देशमा आमुल परिवर्तन भए पनि गरिब, निमुखा, शोसीत, पिडित जनतामा अलिकति पनि परिवर्तन भएन । फेरि पनि युद्धको अभाष आइरहेको छ किनकी निमुखा जनताको घर दैलोमा परिवर्तन आएन । रुपान्तरणका रेखाहरू कोरिएनन्, आफ्ना कष्टसाध्य दिनहरू फेरिएनन् । भनि आक्रोश पोखिएको छ । देशमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र त आयो केवल हुने खानेहरूका लागि मात्र आयो ।

प्रजातन्त्र, लोकतन्त्र रगणतन्त्रका ठेकेदारहरू

पेस्तोलको मोहोरी सोझ्याइ रहेछन् । (पृ :८७)

## इतिहासमा देखिने बुख्याँचाहरू

प्रगतीवादी भावमा लेखिएको यस कवितामा सर्बसाधारणलाई निरङ्कुश सत्ताधारीहरूले चेतनाहिनलाई गरिने व्यवहारको चर्चा यो कवितामा गरिएको छ । निमुखा नेपालीहरूलाई केवल बुख्याँचा जस्तै मानवको प्रतिक बनाएको मा रोसप्रकट गर्दै कविले निमुखा बुख्याँचा सरि बनेका नेपालीको आवाज बोलेका छन् ।

लोककथाको पात्रमा

साँच्चै बुख्याँचा त तिमीहरू पो बन्ने छौ । (पृ :८९)

## मानिस जानेरै गल्ती गर्छ

सामाजिक भावमा लेखिएको यो कवितामा समयको महत्वलाई दर्साइएको छ ।मानिसले समयअनुकुल चल्नु पर्ने र रुढिग्रस्त परम्पराको अन्त्य गर्नु पर्ने बिचार यस

कवितामा कविले व्यक्त गरेका छन् । युग अनुसार मानिस अनुकुल भएतापनि युग र मानिसका सापक्षतामा केहि आवस्यक्ता हुनछ र त्यो आवस्यकता पनि मानिसलेनै व्यहोर्नु पर्छ भन्ने अभिव्यक्ति यस कवितामा पाइनछ ।

युग र मानिस सापेक्षमा बिश्लेषको खाँचो हुन्छ

त्यही खाँचो त्यही अभाव मानिसले नै पूर्ति गर्छ । (पृ : ९०)

## मन

मनोवैज्ञानिक भावमा लेखिएको यस कवितामा मानिसको इच्छा चाहना अभाव र असन्तुष्टिका कारण कहिले उच्च शिखर कहिले बिशाल मैदान कहिले भीरपाखा दौडने मनको अभिव्यक्ति यस कविताले दिएको छ । मनले पहिलेको कुरालाई इर्श्या डाह र रिस गर्छ फेरि त्यही मन फर्किएर प्रशंसा सम्मान र आधार गर्छ  भने मनको बहाव लाई यस कविता मार्फत प्रस्तुत गरिएको छ । (पृः ९१)

## देश हाम्रो जलिरहेको छ

राजनीतिक भावमा लेखिएको यस कवितामा मानिसले आफ्नो बिचारले राजनीति गर्ने टाठा बाठाहरू स्वार्थको राजनीति गर्ने र सोझा इमान्दारहरू राजनीतिलाई आजीबन ठान्ने गर्छन ।नेतृत्वको साँचो लिनेहरू व्यक्तिगत स्वार्थ छुट्योभने  आकाश खसेको महशुस गर्दछन् ।भन्ने कुराको अभिव्यक्ति यस कविताले दिएको छ ।

साँचो सत्य यथार्थता यदि कुरा उठ्छ भने

उसको निम्ति आकाश खस्छ ,व्यक्ति स्वार्थ छुट्छ भने । (पृः ९२)

## गन्तव्यमा पुग्नै पर्छ (बाल कविता)

प्रगतीवादी भावमा लेखिएको यस कविताले बालबालीका लाई प्रगतीपथमा डोर्याउने सन्देश दिएको छ ।यस कवितामा बालबालीकाहरूले गर्नहुने र नहुने कार्य छुट्याइएको छ । जस्तै मानिसको कुरा काट्न नहुने, काम थालदा दुबिधामा पर्न नहुने, हतारमा निर्णय गर्नु नहुने कामलाई थाँती राख्नु नहुने आत्माहत्या गर्नु नहुने आदि ।

आज गर्ने कामलाई भोलि गर्छु भन्नु हुन्न

दुःख कष्ट परेपनि मृत्यु चाहि रोज्नु हुन्न ।   ( पृः९३)

## म केवल त्यहि समाजको व्यक्तिमात्र न हूँ

प्रगतीवादी, मनोवैज्ञानिक भावमा लेखिएको यस कवितामा सुख शान्ति र यथार्थता का खातिर जताततै भौंतारिरहेका र उनीहरूको त्यो वेदना महशुस गर्ने काही कोही नभइराखेको अवस्थामा म पात्रको मन ती जनतासामु पुग्छ र उसले आफुलाई पत्रकार ,गायक र कवि सँग तुलना गरेर ती दीनहिन हरूको आवाजलाई पत्रिकामा लेख्न संगीतमा भर्न र कवितामा उतार्न खोज्छन् तर केवल उ आफुपनि उनिहरू जस्तै मात्र हुन्छ । उक्त कवितामा कवि मनको भावना उतार्न खोजिएको छ ।

जहाँ जताततै मानिसहरू भौतारीइ रहे छन्

खोजिरहेछन् शान्ति,सुख र यथार्थता । (पृ:९५)

## नेताजीको भाषण हुन्छ

यो कवितामा नेताहरूको भाषण र व्यवहारमा तादात्म्यता नमिलेको कुरा प्रति व्यङ्ग्यबाण प्रहार गरिएको छ । आफुले बोलेको कुरामा कति अडिग र निष्ठावान बनेर काम गर्छन भन्ने कुरा उल्लेख गरिएको छ । राजनीति सबै नितिको रोज्जा चिज हो तर स्वार्थको कारण बिकृत बनेको कुराप्रति कटाक्ष्य प्रस्तुत गरिएको छ । यहाँ राजनीतिक भाव व्यक्त गरिएको छ ।

आफु जन्मे हुर्केको गाउँ  आफ्नै बिगत कथाहरू

रतिभर सम्भदैनन् दुख  पीडा व्यथाहरू ।(पृ:९६)

## कदम अघि चालौं अब सोचविचार गरेर नै

यस कवितामा वर्तमानमा गरेका काहरूले भविश्यको लक्ष निधारर्ण गर्ने खालको हुनु पर्छ भन्ने सन्देस दिएको छ । कुनै समाजमा रही सकेपछि समाजमा रहेका रितिरिवाज, परम्परालाई अनुसरण गर्दै समाजलाई प्रगतिको मार्ग तिर डोऱ्याउनु पर्छ भन्ने प्रसतुति यस कविताले दिएको छ । यसमा प्रगतिवादी भाव छ ।

समाजभित्रै हुर्किएका चारित्रिक पन बुझेर नै

कदम अघि चाल्नुपर्छ सोच विचार गरेर नै । (पृ : ९८)

## कालो अक्षर भैँसी बराबर

मनोवैज्ञानिक भावमा लेखिएको यस कवितामा बाल मनोजिज्ञासालाई निराक्षर अभिभावकले पुरा गर्न नसकेको अवस्थालाई अघि सारिएको छ । काले र उसकी निराक्षर आमाले सम्पूर्ण निराक्षर नेपालीको प्रतिनिधित्व गरेका छन् । 'कौ'को अर्थ काले ले आमालाई सोद्छ आमाले उत्तर दिन सक्दिन यसै क्रममा कौ को अर्थ बुझ्दा सम्ममा आमाको मृत्यु भैसकेको हुन्छ ।

आमाको अज्ञानता र साक्षरहीनता

उदाङ्गो बुझ्यो सम्पूर्णतामा बुझ्यो । (पृ : ९९)

## मौलाएको दण्डहीनता र हाम्रो परिवेश

राजनीतिक भावमा लेखिएको यस कवितामा कविले जनताहरूलाई शोषण दमन गर्दै राज्यको सम्पति दुरुपयोग गरी सर्वसाधारण जनतालाई विश्वास, भरोसा र आशाहरू बाँड्दै विगतका बलिदानीपूर्ण अवस्थालाई बिर्सिएर अराजकता बढ्दा पनि कसैले चासो देखाउन नसकेको अवस्था यस कवितामा छ ।

लखौः लाख आर्जन गर्दै

आलिशान महलहरू पे ठड्याएन कि ? (पृ : १००)

## जिजीविषाको महल

यस कवितामा आर्थिक रुपले अति विपन्न मानिसहरूले बाँच्नकालागि गर्नु परेका संघर्षलाई विषयवस्तु बनाई प्रगतिवादी भावमा यो कविताको रचना गरिएको छ । यस कवितामा रात दिन दुःख गर्दा पनि सुखको अनुभव गर्न नसकेका गबिहरूको गाथा गाइएको छ ।

आशा विश्वास जगाएर धर्मराउँदै हिंडिराछु

स्वास रहुन्जेल आशा राख्ने चरितार्थ पारिराछु । (पृ : १०३)

## हामी इतिहासको निरो हौं वा गौंथली भगाउने दाइ !!

यस कवितामा कविले आधुनिकतामा बाँधिदापनि परम्परा देखि चलिआएका लोककथामा भएका शैलीहरू नै बर्तमानमा पनि चलिरहेको भनि व्यङ्ग्य गरिएको छ ।

नेपाली राजनीति प्रति तिखो प्रहार गर्दै धोका ,विश्वास घात गर्ने राजनीतिक शैलि भएका सत्ताधारी प्रति तिखो व्यङ्ग्य प्रहार गरेको पाइन्छ ।

होसियार ! कतै शहर सल्कदै होला ‼

होसियार ! हाम्रा वस्ती व्युँभदैछ निदाएकै त छैन । (पृ: १०६)

## चल्ला, माऊ कुखुरी र चिल !

यस कवितामा कविले नेपाली जनतालाइ चल्ला नेताहरूलाइ माऊ बिदेशी शक्तिलाइ बाघ चिल र व्याँसो भनि सम्बोधन गरेका छन् । नेपालमा नेतृत्व पंती नै निरीह भएको कारण विदेशी हस्तक्षेप बढ्दै गएको कुरा प्रति कवि चिन्तित छन् । यो कविता राष्टप्रेमको भावले ओतप्रोत छ ।

चिल आकाशमा कावा खाइरहेछन्

व्वाँसो र बाघहरू डुलिरहेकै छन् वन -वनमा ॥ (पृ : १०८)

## टाङ्गटिङ्ग त फेरि गाउँ पस्यो

यस कवितामा कविले टाङ्गटिङ्ग खोलाले आफ्नो बस्ति बगाएको र डुब्न खोज्दा बस्ति नै कोलाहल भएको कुरा अभिव्यक्त छ । यसको उपद्रवलाई सक्तो सराप गर्दै हाँप र भापमा दौडा दौड गर्दै गुहार माग्न केटाकेटी, बुढाबुढी चिच्याएको प्रसंग कवितामा उल्लेख छ । यस कवितामा प्रकुतिप्रेम भाव रहेको छ ।

टाङ्गटिङ्ग एउटा पाठ सिकाउन

बस्ती परेको उद्धोस साथ (पृ : १०७)

## चुनाव नेता र राष्ट्र

कविले यस कवितामा नेपाली राजनीतिक नेताहरूको चरित्र तथा नेतृत्व शैलीको व्याख्या गरेका छन् ।नेताहरूले चुनावको बेलामा जनतालाइ देखाउने आस्वासन आफु चुनाव जितेर गएपछि उक्त प्रतिबद्धता विर्सने कुरा प्रति कविले व्यङ्ग्य प्रस्तुत गरेका छन् ॥

भोट हाल्ने मानिसलाई चिन्नु बोल्नु अब छैन

तीन चार बर्ष यसै बित्छ नेता हाम्रो सानो छैन ॥ ( पृ : ११२)

## काखी च्यापेर हिंडिरहेछु

कविले यस कवितामा आफु कार्यरत रहेको पेसा प्रति आस्था र सम्मान प्रकट गरेका छन् । आफ्नो पेसामा इर्स्या गर्नेहरूले जतिनै इर्स्या गरेपनि आफ्नो पेसा प्रति लगनशिल र आत्मा विश्वासका साथ लागिरहने कुराको अभिव्यक्ति कवि यस कविता मार्फत व्यक्त गर्दछन् ।यसले मनोवैज्ञानिक धार प्रकट गरेकोछ ।

लागे लागिरहे गन्तव्य बिन्दुको मार्गतर्फ

घरि बिचारको नाममा ॥ ( पृ: ११३)

## बुढा बा र मेरो अन्तर मन

यस कवितामा कविले आफ्नो राजनीतिक जीवनको स्मरण गर्दै जुनकुरा सोचेर राजनीति गरेका थिए उक्तकुरा बिचमै टुट्न गइ राजनीतिक गन्तव्यमा पुग्न नसकेको प्रति कवि चिन्तित बनेर आफ्नो राजनीतिलाई गाउँका बुढाबाको तारा गन्ने शैलि सँग तुलना गरेका छन् ।

यस कवितामा मनोवैज्ञानिक भाव प्रकट गरिएको छ ।

घोप्टियो अविश्वासको हिन्द महासागर भित्र

र भासियो भित्र अनन्त सम्म ॥ (पृ : ११५)

## मैले छोरीको उत्तर दिनै सकिन

यस कवितामा कविले बाल मनोविज्ञान को उठान गरेकाछन् । बालमनोविज्ञानमा उब्जिएका प्रश्नहरू कार्यकारण श्रृङ्खलामा बाँधिएका हुन्छन भन्ने कुराको जानकारी यस कवितामा पाइन्छ । कविले यस कवितामा आफ्नी सानी छोरीलाई बालबालिको प्रतिनिधित्व गराएकाछन् ।

उसले खोजेको उत्तर, उसले चाहेको उत्तर
बाङ्गीएर परै पुग्यो ॥ (पृ : ११८)

## मैले छोराको उत्तर दिनै पर्यो

यो कविताले बर्तमान अवस्थामा नेपालीहरूको बास्तविक चित्रलाई उतारेको छ । परिवारको भरण पोष्णको लागि रोजगारीको सिलसिलामा घर बाहिर अथवा देश बाहिर

रहेका बाबुहरू घरमा आउदा छोराछोरीको बाल मष्तिष्कले सोचेका र उठाएका जिज्ञासाहरू कवितामा रहेका म पात्रको छोराको माध्यमबाट कविले पाठक सामु प्रस्तुत गरेका छन् ।

"तपाँइको नि घर छ र बुबा "

"भन्नुहोस न तपाँइको अर्को घर छ ??"(पृ : १२२)

## महिला र महिला दिवश

सामाजिक भावमा प्रस्तुत यो कवितामा कविले महिला हिंषा बिरुद्धको सन्देस प्रस्तुत गरेका छन् । यहाँ एक गाउँले पात्र वीरबहादुरले महिला हिंश्रकको प्रतिनिधित्व गरेबो छ भने उसकि श्रीमतीले निर्दोस महिलाको प्रतिनिधित्व गरेकी छ ।यस कवितामा महिला पुरुष वरावरी भनि उललेख भए पनि सो कुरा व्यबहारमा लागु नभएको कुरा प्रति कवि चिन्तित हुन्छन् ।

महिला माथिको शोषण- मूर्दाबाद !!

यौनजन्य हिंषा-"अन्त्य गरौ ! "अन्त्य गरौं !! " (पृ : १२५)

## बहिनी पाउने सर्त

यस कवितामा कविले बालमनोविज्ञानले देखेका भोगेका कुराहरू कुनै पनि जटिल प्रकारका नहुने र सबैकुरालाई सहज सम्झन्छन् भन्ने कुरा को जानकारी गराएकाछन् ।यहाँ सानो बालकले सम्पूर्ण जिज्ञासु बालबालिकाको प्रतिनिधित्व गरेको छ । भने उसकि आमाले सचेत अभिभावकहरूको प्रतिनिधित्व गरेकी छिन ।

म एउटी सानी बहिनी जन्माउला ।

तर तिमी भने स्कुल जादै गर्नु ॥ ( पृ : १२८ )

## म त समय पो पचाइरहेछु

यो कविता 'मरो गाउँको कहानी' कविता संग्रहको अन्तिम कविता हो । यस कवितामा कविले जीवन भोगाइका क्रममा उनका सामु आएका सम्पूर्ण बालपात्रलाइ र यावत घटनालाई स्मरण गर्ने जमर्को गरेका छन् । बालपात्रको प्रश्नको उत्तर पर्गेल्ने समयको पर्खाइमा कवि रहेको यस कवितामा उल्लेख छ । यस कवितामा मनोवैज्ञानिक भाव प्रकट गरिएको छ ।

सुन्दर भविष्य जीउने आशामा

प्रश्नै प्रश्नको डङ्गुर भएर ॥ (पृ : १३०)

## ४.३ दपर्ण कविता सङ्ग्रह

कवि उपेन्द्रप्रसाद आचार्यको तेश्रो प्रकाशित कृति 'दपर्ण' कविता संङ्ग्रह हो । यो सङ्ग्रहको प्रकाशन उनले २०७१ चैत्र महिनामा गरेका हुन् । उनले साहित्यिक यात्राको शुरुमै कविता लेखेता पनि कविताहरू वटुलेर प्रकाशन गर्न भने ढिलो गरेको देखिन्छ । 'उनको पहिलो कृतिको रचना भन्दा पहिला यसमा रहेका कविताको रचना गरेका हुन् र ती कविताहरूको प्रकाशन भने रचनाको लगभग ३०/३१ वर्ष पछिमात्र गरेका छन् ।

कवि उपेन्द्रप्रसाद आचार्यको यो कृति प्रकाशन कालका तत्कालीन नेपाली साहित्यकारको आधुनिक युगको एक सशक्त हस्तिकारुपमा स्थापित गराउन ठूलो टेवा पुर्‍याएका छन् । यस संङ्ग्रहभित्र आचार्यका ५२ वटा कविताहरू समावेश गरिएको छन् । यस संङ्ग्रहभित्रका कविताहरूमा राष्ट्रियता, राजनीतिक, सामाजिक परिवेश, दुर्व्यशनीका कुरा, प्रकृति प्रेमका कुराहरू समेटिएका छन् ।

यस कृतिको वाह्य आवरणमा आचार्यको फोटो पृष्ठभूमिमा राखिएको छ । भने बाहिरी आवरणको रङ आकाशे र निलो छ । आवरणमा पुस्तकको नाम र लेखकको नाम सेतो रङले लेखिएको छ । यस सङग्रहको पहिलो पृष्ठमा किताबको नाम प्रकाशन आदि छ भने दोस्रो पृष्ठमा समर्पण शीर्षकमा काव्यिक शैलीमा कविले आफ्ना माता, पिता,दाजु पूर्वज पितृहरू,समाजका गरीव, निमुखा वर्ग, बुद्धिजिवी, राष्ट्रप्रेमी आदिको नाम लिएका छन् । यस सङ्ग्रहको भूमिकामा राखिएका पृष्ठहरू क देखि ड सम्म जम्मा १३ वटा छन् भने यसको पृष्ठ संख्या ७८ रहेको छ ।

यसै सङ्ग्रहको भूमिकामा पाँचथरमा रहेका साहित्यकार देव शत्तेनले देशप्रेमी कविकारुपमा उपेन्द्रप्रसाद आचार्यलाई चिनाएका छन् उनले आफ्नो लेखनका लागि सहयोगी भूमिका प्रस्तुत गरेवापत देव शक्तेन लगायत पुस्तक प्रकाशनमा सहयोगी सम्पूर्ण शुभचिन्तकहरू प्रति आभार प्रकट गरेका छन् र आफ्नो लेखनकार्यलाई अगाडि बढाएका छन् । ५२ वटा कविताको संगालोकोरुपमा यस भित्रका कविताहरूको क्रमस अध्ययन यहाँ प्रस्तुत गरिएको छ ।

**बचाइ र म**

प्रस्तुत कविता कवि आचार्यले पञ्चायतकालमा जेल जीवन बिताइरहेका बेला रचना गरेको कविता हो । २०४१ साल भदौमा चन्द्रगडी जेलमा रहदा आफ्नो जीवनको मुल्य खोजिगर्दै आफ्नो जीवनले कुनै मुल्य र गति लिननसकेको बिषयबस्तुलाई कवितामा समेटिएको छ ।

प्रत्येक दिन बिहान जीवन उदाउछ र प्रत्येक दिन सूर्य अस्ताए सँगै जीवन अस्ताउछ । आशाको दीपक बालेर,बिश्वासका किरण ताप्दै आफ्नो मनोबललाई अझै दृढ बनाएर कवि जीवन बिताइरहेको अनुभूति साट्दछन् कुनै स्वार्थ छैन ।देस र जनताका लागि परिवर्तनको विश्वास बोकेर समय व्यतित भइरहेछ । पिंजडाको  चरि झैं स्वातन्त्रताको हरण भएको छ । आशा एकातिर पराजय अर्कोतिर रहेको जीवनशैलि प्रत्येक उत्पीडित जनताको रहेको देखिन्छ । देशका कुनाकाप्चामा स्वातन्त्रता र उज्यालो जीवनका लागि गोप्य संगठन भइरहेको कल्पना गरी कबि यस कवितामा परिपर्तनको चाहना राखेको देखिन्छ ।कविता प्रथम पुरुष दृष्टि बिन्दुमा रचना गरेको पाइन्छ ।

अस्तित्वको ओजपूर्ण मुहारमा

भोलि पर्सि र आउने दिनहरू गन्दै ॥ (पृः १)

**पथ**

प्रस्तुत कविता यात्रुहरू यात्रा गर्ने बाटोको रुपमा अभिधात्मकरुपमा प्रस्तुत भएको छ । पथ जहाँ यात्रुहरू हिड्ने गर्छन् यो मानव बस्ती भएका ठाउँमा विश्वभरीनै छरिएर रहेको हुन्छ । यो पथ अथवा बाटो कतै फराकिलो र कतै साँगुरो हुने गर्छ । यस बाटोमा बिभिन्न उमेर जात वर्ग तथा प्रबृत्ती भएका मानिसहरू हिड्ने गर्दछन् ।हामी पनि यसै पथमा हिडिरहेका हुनछौं । शोषण ,दमन भएको बिरुद्ध संगठितहुन पथ रोज्नु पर्दछ । जहाँ अशिक्षा र त्यहाँ शिक्षाको प्रचारको पथ जहाँ गरिबी र त्यहाँ समृद्धिको पथ लिनु पर्दछ । राष्ट्र समृद्धिको लागि जो जो जहाँ जहाँ छौ त्यहिं बाट आफ्नो यात्रा अघिबढाउन कविले सबैमा अनुरोध गरेका छन् । यो कविता प्रगतीबादी भावमा लेखिएको छ ।

त्यहि पथको यात्रामा शितलता प्रदान गरौ ं

शान्त र दृढभई यात्रारम्भ गरौं ॥ (पृ : ३)

## तपाइँहरूमा समर्पण (चिठी)

प्रस्तुत कविता मित्रलाई लेखिएको चिठीको रुपमा रहेको छ ।रेख सर सम्बोधन गरी लेखिएको यस कवितामा मान्यजन र गुरुहरूमा नमस्कार व्यक्त गरिएको छ । धेरै दिनहरू बितेर गए तर आपसमा चिठी पत्र प्राप्त भएन आफुआरामनै रहेको सारै गर्मी छ, त्यसैले आसस्य श्रृजना भएको छ । आफू संकुचितरुपमा बस्नु परेको छ । आफ्नो संसार साँगुरिएको छ । आफु बन्दकोठा भित्र बन्दि भएर टाढा टाढा देखिने मानिसहरूलाइ आफ्नो उकुस मुकुस भएको आक्रोस चिच्याएर व्यक्त गर्न मन लागेको छ ।

निस्कियौं यदि...चार ! हामी भने लौ भेट्न म आउनेछु

नत्र पत्रबिच पढाइ समाचार तपाईकै कुदर्छु !! (पृ : ५)

## अभाव

प्रस्तुत कवितामा कविले भोगेका अभावपूर्ण जीवन भोगाईका अभिव्यक्तिहरू रहेका छन् । यस्तैखाले अभाव कविका धेरै वर्ष वितेका छन् । लगाई र खुवाईमा ठूलो-सानो देख्ने यो समाजको यथार्थता कवितामा छ । कविको पनि यसै आधारमा कहिले ठूलो र कहिले सानो भएर जीवन गुज्रिएको छ । यस्ता जुन परिस्थितिलाई पनि अभावका कारण सहनुको विकल्प नभएको कवि बताउँछन् । यो कवितामा सामाजिक भाव प्रस्तुत छ ।

त्यो गन्न र खुट्याउने सम्मको बेफुर्सदीमा

जीवनको लामै भोगाइ पार गरेछु । (पृ : ६)

## एउटा मन्त्रीको स्वागतमा

राजनीतिक भावमा लेखिएको यो कवितामा मन्त्रीको स्वागत गर्ने क्रममा २०४५ बैशाखमा राँके बजारमा भएको भागदौडको संक्षैपमा वर्णन गरिएको छ । गाउँ मन्त्रीकालागि दास सरह खटेको कुरालाई व्याङ्ग्यात्मक रुपमा वर्णन गरिएको छ । राँके भञ्ज्याङका मानिसहरूलाई चल्ला र माउको रुपमा र मन्त्रीलाई चिलको रुपमा कविले चित्रण गरेका छन् । भञ्ज्याङले खुसियाली भित्र्याउने चाहाना राखेर शिरनतमस्तक बनाएको छ तर दलाल स्वार्थ सहित मन्त्री मालिक्याई गर्न आएकोमा बध्यतामा परेर स्वागत गर्नु परेको देखिन्छ ।

केही  व्यक्तिका स्वार्थहरू होलान

केहीका आदेशात्मक भाषणहरू होलान । (पृ : ८)

## देशप्रेम

यस कवितामा आफ्नु देशको माया मुटुमा समालेर र मातृभूमिलाई व्यथाहरूद्वारा मुक्ति दिन एक राष्ट्र सेवक जुटेको विषयवस्तुलाई समेटिएको छ । यहाँ राष्ट्रप्रेमका नाममा ढोंगी राष्ट्रवाद सलवलाएको कुरा प्रति व्यङ्ग्य गरिएको छ । देशभक्तिका विषयमा बक्तव्य दिँदा र गीत गाउँदा मात्र राष्ट्र प्रेम हुदैन । सच्चा राष्ट्र प्रेम हनकालागि सबैको विचार संरक्षण गर्नु पर्छ । स्वतन्त्रताको अनुभूति सबै जनतामा हुनुपर्छ । यस कविताको मूलभाव देशप्रेम रहेको छ ।

देशकै निम्ति समर्पित भएर मात्र

वास्तविकताको लाइनमा उभिने छौ । (पृ : ९)

## चेतना

प्रस्तुत कविताा चेतनामा नौलो युगको निर्माण गर्न समर्पित भावनालाई चेभ रुपमा लिएको छ । चेतना आउँदा कुनै आदि आएन, युद्व छेडिएन, भूकम्प आएन । चेतना आउन गाउँघर शहरबजार, बस्तविक लामो समयसम्म लगाएर जनतालाई सचेत गराएर चेतना आएको छ । गोप्य रुपमा सर्वसाधारण सम्म चेतना प्रभाह गरेर सुतेकालाई ब्युझायो र सडकमा जुलुस बन्यो । यस कविताले प्रगतिवादी भाव प्रस्तुत गरेको छ ।

## म फेरिएँछु

यस कवितामा कविले हिजो र आज शक्तिमा आउने शासकहरूको प्रवृत्तिको तुलना गरेर ‘म फेरिएछु ’भनेका छन् ।

हिजोको म यथास्थितिबादी भएर प्रस्तुत भएको थिएँ र आज भौतिकवादी बनेको छु भनी वर्णन गरेको पाइन्छ ।

मैले इतिहास र भुगोल पढेको छु । मैले भाषा विज्ञान र गणित पढेको छु । कथा कहानी र धर्म संस्कृतिका कुराहरू पनि पढेको छु । इतिहास पढ्दा शासक शासितहरू

भएका कथाहरू भेटिएको छ । हिटलर र इदिअमिनका चरित्रहरूले इतिहासनै डराउने अवस्था भएका इतिहास पढेको छु । आजपनि हिजोकै हिटलर सरह नवहिटलरहरू तयार भएका छन् । जसरी इदिअमिनले मानवमुटुहरू चपाएको थियो त्यसै गरि गोलि र बारुदले दर्जनौ मानिसहरूलाई एकै साथ चपाइरहेको देखिन्छ ।

म त आफ्नै संसार निर्माणको ध्याउन्नमा अल्मलीएको छु । इतिहासका ताराहरू पल्टाउन आफ्नै नशामा वगीरहेको छु । त्यसैले विज्ञान घोकाई, इतिहासका डरलाग्दा र चाखलाग्दा कथाहरू पढेर ,विज्ञानवादी र भौतिकवादी बनेर आफू फेरिएको छु ।

म विज्ञानवादी भै सकेको छु
म भौतिकवादी बनिसकेको छु ।।  ( पृ: १२)

## बाटो र म

प्रस्तुत कविता प्रतिकात्मक ढंगमा लेखिएको छ । आफ्नो जीवनलाई कविले बाटोको प्रतिक बनाएका छन् । कवि आफ्नो जीवनलाई जागिरको रबाफ लिइदिने हो कि भन्ने कुरामा चिन्तित छन् । आफ्नो पेशाा अनुसारको मजदुरले भन्दा केही पेशाले मागेसम्मको उच्चता देखाउन पनि उनलाई बुढा पाका, महिला, बालक र निमुखा मजदुरहरूको व्यथाले पिरोल्छ र उनी होसियारी अपनाउछन् । यस कवितामा मनोवैज्ञानिक भाव छ ।

मेरो रवाफलाई नियाले झैं लाग्छ
उनको हेराइप्रति ज्यादै द्रविभूत हुन्छु (पृ : १३)

## मेरै हेराइको संमरण

यो कवितामा कम्न्युष्ट राजनीतिको सक्षेपमा संमरण प्रस्तुत गरिएको छ । राजनीतिमा जीवनको वलिदानी दिने पूवर्जहरूले जीवनलाई मृत्युमा बदलेको  मृत्युवरणका आला पाइला हाम्रा जीवनकालागि सास्वत गरिमा भएको स्मरण गरेका छन् । यसैक्रममा पूवर्जहरूले बलिदानी दिएको स्थलहरू छिनताङ्ग, सुखानी, अस्कल, पिस्करले हामीलाई त्यो बलिदानीको अपमान गरेकोमा हासिदिन्छन् भनि कविले भनेका छन् । यस कवितामा प्रगतिवादी भाव पाइन्छ ।

हाम्रौ अगाडि मृत्युमा बदलिएका थिए
हामीलाई नै तिरस्कृत गरेको अभिनयमा  (पृ : १५)

## समयको आलङ्कारिकतासँग

प्रगतिवादी भावमा लेखिएको यो कवितामा कविले आदिकालदेखिको कुरालाई अहिलेको समयसम्म ल्याएर जोडेका छन् । यस कवितामा मानवहरूले साच्चिका दास बाहेक अरु उपलब्धी गर्न नसकेको र उही परम्परादादी भएर भौगोलीक जटिलतासँग जुद्दै आएको कुरा प्रष्ट्याएका छन् । हरेक नेपालीहरूले भोगेको सामन्तकालिन चक्काको पेलाइसँगै शाह वंशीय शासन कालमा राज्य सञ्चालकको आज्ञा पालना गर्दै अबत झन् नेपाली जनताहरू उनै पञ्चायती व्यवस्थापकका मज्दुर बनेर रहेका छन् भनि कवि चिन्तित छन् । युग र समयले थुप्रै कोल्टे फेरो तर मानिसले पुर्खाको विडो थामि रहेछ भन्ने कुराको व्याख्या यस कवितामा छ ।

युगले लामै भञ्ज्याङ्ग पार गर्दा पनि

समयले थुप्रै कोल्टो फेरिसक्ता पनि हामीहरू भने (पृ : १६)

## हाम्रा सौन्दर्यका इतिहासहरू

यस कवितामा कविले प्रकृति सौन्दर्यको भाव दर्साएका छन् । त्यसै पनि सुन्दर शान्त, प्रकृतिले दुलही झै सिगारिएको हाम्रो देश नेपाल अशान्ति, देशद्रोही र भ्रष्टचारीको हातमा परेर सकिन लागेको प्रति कवि चिन्तित छन् । यहाँका खोलानाला र वनजंगलको सौन्दर्यले कविको मन लोभ्याएको छ तर यिनीहरूको संरक्षण गर्न नसकेकोमा उनलाई देश दुखेको छ ।

दिन-रात निदाउन सकेको छैन ।

खै तिमीलाई कसरी बचाउने हो ? (पृ : १७)

## प्रतिस्प्रर्धी जीवन

प्राकृति प्रमको भावमा लेखिएको यस कवितामा कविले प्रकृतिको जीवनचक्र प्रस्तुत गरेका छन् । ऋतु परिवर्तन सँगै प्रकृतिले अगंको रुप फेर्ने क्रममा प्रकृतिकोलागि शिशिर ऋतु अजंङ्गका पहाड भएको यथार्थ यस कविताले बोकेको छ । तर बसन्त ऋतु प्रकृतिकालागि नयाँ श्रृजना थप्ने र आफ्नो अङ्गहरू हरियालीकनाउने उमङ्गको मौसम रहने कुरा यस कवितामा प्रस्तुत छ ।

हरेक शिशिर ऋतुहरू उसका

अजंगका पहाडहरू हुन् । (पृ : १९)

## पश्चीमेली पंक्षी

कविले यो कविता २०४५ सालमा लेखेका हुन् । यस कसवता मार्फत कविले तत्कालीन देशको अवस्थाको चित्रण गरेका छन् । पञ्चायति व्यवस्थाका पक्षधरसंग कविले जनताको चिन्ता गरेका छन् । पश्चिमका सिधासाधा जनताहरू त्यस बेलाको शासन शक्तिसँग जुध्न नसक्ने भएपछि पूर्वतिर भागेर भए पनि ज्यान जोगाउन आवहान कविताबाट आवहान गरेका छन् ।

त्यो त पूर्वी भाग तर्फ पो बसढिरहेछ त

त्यसैले तिम्रा मोडहरू तिम्रा यात्रा उतातिरै हुनुपर्छ । (पृ : २१)

## नयाँवर्ष र अतृप्त अभिलासा

यस कवितामा पनि कविले प्रगतिवादी भाव प्रस्तुत गरेका छन् । नेपालीहरूको वर्षको पहिलो पर्व नयाँवर्षलाई विषयवस्तु बनाएर लेखिएको यस कवितामा नयाँवर्षले कुनै नयाँ संकेत नल्याएकोमा कविमा घर, समाज र देश दुखेको छ । यहाँ नयाँवर्षमा छोरा छोरी र छिमेकीलाई समेत खुसि पार्न नसकेको दुखेसो पोखिएको छ ।

आज त नयाँवर्ष सुरु भएको दिन रे

कतै उलास देखिदैन-कतै खुशी देखिदैन । (पृ : २२)

## खै के दिऊँ तपाईलाई

कुनै शुभ कार्य गर्दा, कुनै उत्सव मनाउदाँ तथा चाडवाडमा शुभकामना आदन प्रदान गर्ने चलनलाई विषयवस्तु बनाएर लेखिएको यो कविताले कविको गरिबी दुखेको छ । गरिबलाई शुभकामनाले बाण हाने जस्तो हुन्छ जवकि उसँग गाँस बास र कपासको नै राम्रो प्रबन्ध भैसकेको हुँदैन । शुभकामना दिनु भन्दा आशिर्वादले भावना जागृत पारौ भन्ने कविको भनाइ छ । यस कविताले प्रगतिवादी भाव बोकेको छ ।

आशिवार्द लेनदेन गरौँ

भावना जागृत बनाऔँ (पृ : २३)

**खण्ड-ख**

**नववर्ष**

प्रगतिवादी भावमा लेखिएको यो कवितामा पनि कविले नववर्ष २०४९ लाई विषयवस्तु बनाएका छन् । कही कतै उल्लास र खुशी नदेखिएको, परिवर्तनका सङ्केत पनि नभेटिएको अवस्थामा केवल शुभकामनाले केही हुनेवाला छैन यसले त मात्र गिज्याए झैं र तिरष्कारको वाण हाने झैं मात्र हुने कविको भावना छ । त्यसैले उनी आफूलाई कोही कसैको शुभकामना स्वीकार नहुने कुरा यस कवितामा बताउछन् ।

मलाई कसैको शुभकामना चाहिएन

कसैको मंगलमय र सुस्वास्थ्य समेत चाहिन्न । (पृः २५)

**जीवन र नववर्ष**

यस कवितामा पनि कविले धनी र गरिब बिचको जीवनलाई नववर्षसँग जोडेका छन् । गरिबका लागि नयाँवर्ष धनीले पठाएको साहुजी, मालीक, नेता र जमिनदार कहाँ पोष्टकार्ड बोक्तैमा फूर्सत नहुने र यसैको थोरै पारिश्रमिकले धित मर्ने गरि केवल एकदिनका लागि भट्टीको तिर्षना मेटाउने मात्र हुने कुरा व्यक्त छ । धनीकालागि मात्र नयाँवर्ष नयाँवर्ष मनोरञ्जनपूर्ण हुनेकुरा कवि बताउँछन् । यस कवितामा सामाजिक भाव व्यक्त छ ।

तरै पनि ऊ बर्षौदेखि नववर्षकै

पोष्कार्डको-वितरण्को कुनै अस्थित्व देख्तैन (पृ : २६)

**पुन : श्रद्धमा शीरनत भएको छ**

समयको बहावसँगै जीवनले अनेक घुम्ति र मोडहरू पार गरि सक्ता, कोशी, कर्णालीमा हजारौ लिटर पानि बगिसक्ता, धेरै वर्षहरू वितिसक्ता पनि समयचक्र मा कुनै परिवर्तन नआएको विषयवस्तु बनाएर लेखिएको कवितामा समयसँगै आफूले कुनै

सकारात्मक परिवर्तन गर्न नसकेकोमा कवि चिन्तित छन् । यस कविताले पनि प्रगतिवादी भाव बोकेको छ ।

कतै क्लिष्टतामा गुनगुनाउनु भन्दा

निन्द्रामा भट्याउनु राम्रो हो । (पृ : २८)

### साथी कुन सम्बोधन गरौं तिमीलाई

मनोवैज्ञानिक भावमा लेखिएको यस कवितामा कविले साथी भनि युवाहरूलाई सम्बोधन गरेका छन् । नेपाली युवाहरूको नैराश्यता देखेर कवि चिन्तित छन् । यस नैरश्यताले कविमा देश दुखेको छ । जहाँ युवा शक्तिको खाँचो छ त्यहाँ युवाहरूको जोस जाँगर सेलाएपछि सकारात्मक परिवर्तनको त कुरै हुदैन । त्यसैले आचार्य यस कविता मार्फत युवाहरूलाई आफ्नो विरता देखाउन आवहान गर्दछन् ।

रहर लाग्दो उमेरमा

जाँगर र जोसको बाढी आउनुपर्ने हो । (पृ : २९)

### सडक नै मौन बनेपछि

प्रकृति प्रेमको भावमा लेखिएको यो कवितामा कविले सडकलाई सम्बोधन गरेका छन् । हाम्रो राजधानी काठमाण्डौंमा भएको फोहोर मैला र भिडभाड यस कविताको विषयवस्तु बनेको छ । काठमाण्डौ उपत्यकामा फोहोर बढेकोमा, भिडभाड बडेकोमा, संरचनाहरू भत्किएकोमा कोही कसैले संरक्षणको आवाज सम्म नउठाएकोमा कवि यस कविता मार्फत आक्रोस पोख्तछन् ।

उसले उपेक्ष गर्न जानेको छैन कसैलाई

र जानेको छैन घृणाका शब्द बोल्न पनि । (पृ : ३०)

### अभिनय कर्ता र रङ्गमञ्च

आलङ्लकारिक शब्दको प्रयोग गरेर लेखिएको यो कवितामा कविले देशमा भै रहेको अराजकताको घोर भसर्ना गरेका छन् । यहाँका बुज्रुक भनौदाहरूले गरेको उल्टो

व्यवहारदेखि कवि दिक्क मान्दछन् । एउटा मानिसलाई बचाउने औसधि बनाउन एउटा विरुवाको जीवननै हत्या गर्नु पर्छ भन्ने कुरा बुझ्दा बुझ्दै पनि अबुजको अभिनय गरेझै गर्दछ मान्छे । एकै ठाउमा बस्नलाई त एउटै अथवा समान व्यवहार चाहिन्छ तर आफू माथी रहन अर्काको जीवन नै समाप्त पार्न पनि पछि पर्दैन मानिस भन्ने कुरा यस कविताले प्रस्तुत गरेको छ । यस कवितामा प्रगतिवादी भाव छ ।

यहाँ त खुल्ला मञ्चन पो भइरहेछ

बरु हेरौं पर्दा खुल्ने पो हो कहिले ? (पृ : ३२)

**मन**

मात्र सात हरपहरूमा लेखिएको यो कवितामा कविले मोवैज्ञानिक भाव प्रसतुत गरेका छन् । यसमा कविको आफ्नो मनको भाव पोखिएको छ । यहाँ मनले अनेक तरिकाबाट समाज र देश डुबेकोमा चिन्ता रहेको र यसको निकास नभेटिएकोमा मन उकुसमुकुस भएको कुरा व्यक्त छन् ।

कतै निकास नपाएर पिडाहरू

मेरो मनको मजेरीमै (पृ : ३३)

## आमाको अस्मिता र मेरो देश

नेपाल आमालाई सम्बोधन गरेर लेखिएको यस कवितामा राष्ट्रप्रेमको भाव रहेको छ । देशको अस्मितालाई ख्याल नराखी आफ्नो श्वार्थ पूरा गर्न पछि नपर्नेहरूलाई यस कविताले चेतावनी दिइको छ । देशको अस्मिता बचाउने कुरा केवल कानुमा सिमित भएको यथार्थ यस कवितामा प्रस्तुत गरिएको छ ।

अस्मितालाई खस्काएर

बाँचेको अभिनय गरिरहेछन् । (पृ : ३४)

## सजाय इतिहासको

यो कविता वि.सं. २०६२ सालमा आचार्यले रचना गरेका हुन । यस कविताले पनि प्रगतिवादी भाव बोकेको छ । यस कवितामा माओवमदी जनयुद्धको चर्चा प्रस्तुत छ । यहाँ

पहिले एउटै पार्टी भएर काम गरेका कम्न्युष्ट पार्टी फूटेर भूमिगत भई गरेका बिभिन्न क्रियाकलापको प्रसंग जोडेको छ ।

सजाय त दिनै पर्छ-माफी उसले मागे पनि

न्मागेम बेरोकटोक लिनै पर्छ ज्यानै पनि ?? (पृ : ३५)

## म भित्र जेछ-त्यही छ

मनोवैज्ञानिक भावमा लेखिएको यस कवितामा कविले आफ्नो वास्तविकता प्रस्तुत गरेका छन् । आफू र आफ्नो व्यवहारमा कुनै बनावटीपन नभएको यथार्थ कवि यस कवितामा प्रस्तुत गर्दछन् । कुरा एक काम अनेक गर्नेहरूको आडम्बरी पनलाई यस कविताले विशेष त शन्देश दिएको छ ।

यसो हुन दिनै हुन्न यथार्थको परिवेशम

वस्तुवादी जीवनशैली स्वभिमानको शिखरमा । (पृ : ३६)

## खण्ड-ग

## नीति-नेता चिन्नै पर्छ !

राजनीतिक भावमा लेखिएको यो कवितामा नेताहरूको चरित्र प्रस्तुत गरिएको छ । यहाँ बाबु आमाहरू नेताको चरित्र देखेर आक्रोश व्यक्त गर्न छोरा सामु पुगेको प्रसङ्ग छ । नेता बनिसके पछि शहर तिर पसेर नयाँ घर बनाउने, गाडी किन्ने, कमैया राख्ने, जमिन किन्ने, भिटा किन्ने, मिलाउन सके विदेशमै रम्ने, बैक जम्मा गर्दा विदेशी वैकमा गर्ने, सोझा जनतालाई झुक्याएर देशको अर्थतन्त्र आफ्नो हातमा पार्ने जस्ता प्रवृति माथि तिखो व्यङ्ग्य प्रस्तुत गरिएको छ ।

भए-मिले राष्ट्र किन विदेशतिरै लाग्नु पर्छ

बचे-खुचे, आय-आर्जन स्विजरल्याण्डमै राख्नुपर्छ । (पृ : ३८)

## मानव बनेर बाँचिरहेछु !

समयको गति कहिल्यै रोकिदैन, सुस्त होस् या तिव्र परिवर्तन भैरहन्छ । समयको चक्र कसैले चाहाँदैमा केही हुने नहुने भन्ने हुदैन । इतिहासको कुरा गर्ने हो भने अहिलेसम्म

हार्नेको इतिहास बनेको कहिकतै नभएको र जित्नेहरूकै इतिहास बनेको यथार्थ यस कवितामा छ । देशको सुरक्षाको निम्ति देशभक्तहरूले दिएको वलिदानीको चर्चा पनि यस कवितामा गरिएको छ ।

थाहा छ इतिहास हार्नेहरूको हुँदैन

इतिहास जित्नेहरूको हुन्छ (पृ : ३९)

## नियति नै निर्दयी बनेपछि

पोकलीको माध्यम्बाट कविले यस कविता मार्फत सम्पूर्ण नेपाली महिलाले उपचार नपाएर ज्यान गुमाउनु परेको यथार्थ प्रस्तुत गरिएको छ । मान बहादुरले देशका सम्पूर्ण दुःखी पुरुषको प्रतिनिधित्व गरेको छ । नियतिले गरिब बनाए पछि कोही कसैको केही नलाग्ने, ज्यानको माया गर्न पनि सम्पति र भ्रष्टले मात्र सक्ने यथार्थ कुराको जानकारी यस कवितामा छ । यस कवितामा सामाजिक यथार्थवादी भाव प्रसतुत छ ।

प्राकृतिक न्यायनै निर्दयी बनेपछि

भुण्टी र मंगलीको पो के लाग्छ र !!" (पृ  ४१)

## मेरो गाउँ उजाड बन्दै गए पछि

देशमा रहेको बढ्दो बेरोजगारीको समस्याका कारण धेरै युवमहरू विदेश पलायन भएको अवस्थामा कविका मनमा उत्पन्न भावहरू कवितामा प्रस्तुत छ । देशको राजनीतिक, आर्थिक तथा सामाजिक समस्याको रुपमा रहेको यो वैदेशीक रोजगारीले गाउँलाई नै उजाड बनाको अवस्था छ । काम गर्न सक्ने सवै युवाहरू विदेशीए पछि गाउँमा जन्ती र मलामी समेत नहुने हो की भन्ने कुराले कविको मन चिन्तित छ । यो कविता सामाजिक भावमा प्रसतुत छ ।

"मर्दाको मलामी र बाँच्ताको जन्ती"

नपुग्ने पो बनी सक्यो । (पृ : ४२)

## गीत

(युवापंक्ति)

हाम्रो देशमा युवाहरूलाई जिम्मेवारी दिन वृद्धाहरू हिचकिचाउछन् । तर युवासँग जोस, जाँगर र हिम्मत धेरै हुन्छ । युवा भविश्यका कर्णदार मात्र नभएर आजका जिम्मेवार नागरिक पनि हुन त्यसैले युवालाई जिम्मेवारी दिउँ र समाज र राष्ट्रलाई उज्यालोको पुञ्ज बनाउ भन्ने सन्देस यस गीतले दिएको छ । यस गीतमा प्रगतिवादी भाव प्रस्तुत छ ।

त्यहीशक्ति त्यही स्रोत उज्यालोको पुञ्ज बन्छ

(अवसर मिले-पाए राष्ट्र मुक्त तब हुन्छ) । (पृ : ४३)

## गीत

यस गीतमा कविले वैराग्यता प्रस्तुत गरेका छन् । यस गीतमा गर्न खोजेको नहुने, आफूले चाहेको गर्न नपाइने कुराको प्रसतुति छ । कवि मनमा हिजो र आजमा परिवर्तन हुन नसकेकोमा मन बिचलित बनेको छ । कवि सन्तुष्टि मनको खोजीमा अनेक भौतारिदा पनि सन्तुष्टि नभेटिएकोमा विचलित छन् । यस गीतमा पनि प्रगतिवादी भाव पाइन्छ ।

हतास मनले सन्तुष्टिको भविष्यलाई देख्या छैन

विगत देखि वर्तमानले खुश-सुख भोग्या छैन । (पृ : ४४)

## प्रकृति र यसको परिणति

प्रकृतिले दिएको प्राकृतिक कुरालाई मानिसले कृतिम् बनाउछु आफ्नो नियन्त्रणमा राख्छु भनेर सम्भव छैन, प्रकृतिले आफ्नो नेचर देखाउछ नै । यो प्रकृतिक नियम हो यसलाई बदल्न नखोजउ भन्ने सन्देस यस कवितामा छ । जस्तै घरपालुवा पंछी कुखुरालाई जंगल तिर खेदेर उसको अस्थित्व सम्भव छैन भने वनमा बस्ने पंछी कालिजलाई घरमा ल्याएर पाल्न पनि सम्भव छैन । तसर्थ प्राकृतिको परिणति अपराम्पार छ । यसलाई बुझेर मात्र व्यवहार गरौ । यस कवितामा प्रकृतिक प्रेम भाव झल्कन्छ ।

प्रकृति र यसको देन

नमान्नुको विकल्पै पो के रऱ्यो र !! (पृ : ४६)

## हाम्रो वर्तमान

कवि आचार्यले वि.सं. २०६७ साल जेष्ठ महिनामा लेखेको यो कवितामा तत्कालिन नेपालको राजनीतिक परिवेशको चित्रण गरिएको छ । गणतन्त्र आयो जनताले मुक्ति पाए तर नेताहरू व्यक्तिवादी बनेर राष्ट्रियतालाई भने भावनामा समेत नराखेको प्रसंग यस कवितामा प्रस्तुत गरिएको छ । नेताहरूमा स्वभिमान भन्ने कुरा भाषणमा मात्र भएको र यस्तो चरित्र भएपछि राष्ट्र नरहने कुरा बताउदै कवि सवै जनतालाई इतिहास साक्षी राखी एक भई राष्ट्र बचाउन आवहान गर्दछन् । यस कविताले प्रगतिवादी भाव प्रस्तुत गरेको छ ।

यस्तै चाला यस्तै गति कति थेग्ला यो राष्ट्रले ?

स्वभिमानलाई तिलाञ्जली दिई नेता हिड्न थाले । (पृ : ४७)

## कठोर समय

समयलाई विषयवस्तु बनाएर लेखिएको यो कवितामा रावनीतिक भाव प्रस्तुत गरिएको छ । राजनीतिक अस्थिरताले देशमा उन्नति प्रगति हुन नसकेकोमा कवि मनमा उत्पन्न भावको अभिव्यक्ति हो । समयले कोल्टे फेर्न नसकेको र यसलाई चलयमान बनाउन कोही कसैको सानो प्रयासले सम्भव नभएको प्रसङ्ग यहाँ छ ।

अविचलित समय, मेरो समय

अनन्त चिरनिन्द्रामा पल्टिएको-पल्टिएकै छ !! (पृ : ४८)

## संकेत परिवर्तनको

आचार्यले यो कविता २०६७ सालमा रचना गरेका हुन् । यस कविताले पनि राजनीतिलाई संकेत गरेको छ । राजनीतिले अनेकै मोडहरू पार गर्दै यस संविधान सभाको चुनावबाट संविधान आउदासम्मको अवस्थालाई हेर्दा कवि केही सकारात्मक संकेत देख्छन् । विज्ञानको नियमसँग सहमत रहेर कवि यस कवितामा राजनीतिको विश्लेषण गर्दछन् । विनास पछिको निमार्ण उज्वल भविष्यको प्रतिक हो भनि उनी परिवर्तन यसमा देख्छन् । यस कवितामा पनि प्रगतिवादी भाव छ ।

बाबुबाजे-पितापुर्खा इतिहासले यसै भन्यो

धेरै बेरको शुन्यताले रुपान्तरको ढोका कुऱ्यो । (पृ :५१)

## जीवन र मनोविज्ञान

मानिसको मनोविज्ञानलाई विषयवस्तु बनाएर लेखिएको कविता हो । मनोवैज्ञानिक भाव रहेको यस कवितामा कविले मनोविज्ञानको विश्लेषण गरेका छन् । कवि मनोविज्ञानमा सत्यता अडिएको कुराको खुलस्त यस कवितामा व्यक्त गर्दछन् । यसलाई पढ्ने होइन यसलाई त हरेक बाबु आमाले आफ्ना बच्चा बच्ची हुकाउने क्रमसागै पढिरहेका हुन्छन् । सम्पूर्ण मानिसले सबैमा उसको मनोविज्ञानलाई बुझेर व्यवहार गर्छ भन्ने प्रसंङ्ग यस कवितामा प्रस्तुत छ ।

> बच्चा जन्माउने हुर्काउने र बढाउने क्रममा
>
> पढ्दै आएका हुन्छन् पढिरहन्छन् । (पृ : ५२)

## उल्टोगति र हाम्रो चिन्तन

बोली एक काम अनेक गर्नेहरूको कथालाई विषयवसतु बनाएर लेखिएको यस बवितामा प्रगतिवादी भाव प्रस्तुत गरिएको छ । यस कविताले नेपालीहरूको व्यवहारको यथार्थ चित्रण गरेको छ । यहाँ उगी राखने मानिसहरू विउझेको झै गर्दछन, भने नसक्नेले सक्छु भनेर भाषर्ण मात्र गर्छ भने सक्नेहरू मौका हेरेर छड्के बाटो लाग्दछन् । कातरले बाग मार्ने कथा गर्छ भने क्रान्ति गर्न सक्नेहरू सिरक ओडेर दिनभर सुत्छन् भन्ने सन्देस यस कविताले दिएको छ । यस कविताले सामाजिक भाव बोकेको छ ।

> मानवीय प्रवृति या नेपालीका प्रवृति हुन् ?
>
> छुट्याउनै गाह्रो हुन्छ दोषी मानिस-समय कुन ?(पृ : ५५)

## आशा अझै भविष्यको

अत्यचारी र अन्याय गर्नेहरू र निर्दोषीहरूको कथा व्यथालाई विषयवस्तु बनाएर लेखिएको यस कवितमा क्रान्तिकारी भाव प्रस्तुत छ । यस कवितामा कविले सिधासाधा जनतालाई झुक्याएर, आफ्नो स्वार्थमा दगुर्नेहरूले समाज र देशकै हालत पल्टाई रहेको अवस्थामा यी दुईबिच आपसी  द्वन्द्व गरेर भएपनि भविष्य निमार्ण गर्न सकिन्छ भन्ने कविको आश रहेको छ ।

इज्जत हुने बेइजतको भाङ्लोभिर्न चाहँदैन

अनुशासित इमान्दारी गथ्भ्रष्टता सोच्नेहैन । (पृ : ५६)

## म फेरी बाँचिरहेछु

मानिसहरू यति गर्छु उति गर्छु भन्छ त्यो त उसको कल्पना मात्र हो, तर उसले मनमा सोचे जति कहिल्यौ गर्दैन । सपनामा डुब्ने मानिसको सपना त केवल निदाउँजेल मात्र हो तर वास्तविकतामा मानिसले देखेको सपना पुरा गर्न गाह्रो मान्छ । मानिससगँ आफ्नो पनबाट आफ्नै वस्तुनिष्टताबाट बचाइको लामो विश्वास बोकेर जीउनुको विकल्प नभए पछि उ यस्तै जीवन व्यतित गरिरहन्छ । यो कवितामा मनोवैज्ञानिक भाव प्रस्तुत छ ।

अर्को विकल्पै पो के रह्यो र ?

त्यसर्थ निर्विकल्पको जीवन र जीवन बचाइाई (पृ : ५७)

## मनिस साँच्चै रोबोट बन्यो

मनिसमा बढ्दै गएको आफ्नो पन र अहम्तालाई विषयवस्तु बनाएर लेखिएको यो कवितामा कविले मनोवैज्ञानिक भाव प्रस्तुत गरेका छन् । वास्तविकता भन्दा बढि गफ गरेर समयको बवार्द गर्ने, सत्यकुरालाई ढाकछोप गरेर आडम्बरी बन्ने मानिसको बानि आफै सबैकुराको केन्द्रैविन्दु हुँ जस्तो सम्भने हामी, हाम्रो भन्नुको सट्टा मेरो मैले जस्ता आडम्बरी  शब्दको प्रयोग गरी जीवन अन्य गर्न खोजेको कुरा प्रति कवि चिन्तित भइ यस कविता मार्फत प्रस्तुत गर्दछन् ।

मेरो, मलाई, मैले, आदि, वाक्य यस्तै मात्र हुन्छन्

हामी, हम्रो,हाम्ले जस्ता शब्द उचारणै हुन्नन् । (पृ : ५८)

## प्रश्नै प्रश्नमा थन्किएको छु म

मनोवैज्ञानिक भावमा रहेको यस कवितामा कवि सञ्चारको माध्यम् टेलिभिजनलाई विषयवस्तु बनाएर देशमा भएका दोहोरि रहने समाचार र राजनीतिको अस्थिरताको खण्डन गर्दछन् । सञ्चारका माध्यम्ाई राज्य सञ्चालकले आफ्नो बसमा पार्ने र समाचारलाई पनि

राज्य सञ्चालकको पक्षधर बनाएर प्रसारण गर्ने प्रति ध्यान दिएकोमा कवि आक्रोस पोख्तै यस कवितामा अभिव्यक्त गर्दछन् ।

एक दुई तीन चार... विसौँ अनुहारहरू

उही ढुसी पलाएका अपाच्य र घृणित (पृ : ५९)

## मानिस स्वघोषित निस्कलङ्क बनिरहे छन्

राजनीतिक भावमा लेखिएको यस कवितामा कविले नेपालका राजनेताको व्यवहार प्रस्तुत गरेका छन् । नेपालका नेताहरू भाषणमा आफ्ना विचारहरू सबै सही र सकारात्मक भएको कुरा बताउछन् । नेताहरू आफू ठूलो पदमा पुगे पछि आफ्नो भाषण र कार्यहरू सबैलाई मान्य हुने पाखण्डी पनलाई मलजल गरी आफूमात्र निख्खरा बन्न खोजेको यथार्थ प्रस्तुत छ ।

धुरी मात्र उच्चा हो मानिसभन्दा

नितान्त व्यक्ति-व्यक्ति मात्र हो । (पृ : ६१)

## अरु त आएन आएन संविधान पनि पो आएन

वर्षौदेखि मानिस अनेक घटनाक्रममा ज्यान गुमाउनसपर्ने त्रासपूर्ण परिवेशहरू झेल्दै आए, गरिबी र अभवको जाँतोमा हजारौ मानिसहरू पिसिदै आए, यि र यस्ता अरु नयाँ पनका समस्या पन्छाउदै मानिसहरू भविष्यका अपार सपना बुन्दै आइरहेको अवस्थामा महिनौ सम्म कुर्दा पनि खने पानिको, बत्ति र अन्य सुविधाको आशमा बस्ता बस्तै पनि कहि बतैबाट निकास आएन । विद्रोहका खाडलहरू बढ्दै गए, गर्छु बनाउछु भन्नेहरूसँग मानिस आक्रोशित बन्दै गए यतिसम्मकी मानिसले बर्षै रटान गरिएको अचुक औषधीका रुपमा लिएको संविधान पनि नआएकोमा कवि चिन्तित बनि यो कविताको रचना गर्दछन् । यस कविताले राजनीतिक भाव व्यक्त गर्दछ ।

वर्षौ व्याख्यान गरिएको रटान भरिएको

“हाम्रो संविधान राम्रो संविधान” (पृ : ६३)

## "मम्मी-मम्मी इस्कुल जान्न ल !"

सानी बालिका र देशमा हुनेगरेका राजनीतिक द्वन्द्वलाई विषयवस्तु बनाएर लेखिएको यस मवितामा मनोवैज्ञानिक भाव प्रस्तुत छ । हाम्रो देशमा राजनीतिक दलहरूले आन्दोलन गर्दा सँधै शैक्षिक संस्था, बजार, यातायातका साधन बन्द गर्ने परम्परालाई बालिकाको क्रियाकलाप प्रस्तुत गरी व्उङ्ग्य गरिएको छ । यहाँ स्कुल बन्द हुदा बालबालिका खुशी हुने भनि व्यङग्य प्रस्तुत गरिएको छ ।

ऋनि भोली पनि नजाने है इस्कुल म !!

मम्मी.... मम्मी......(पृ : ६५)

## कस्तो पर्याय बन्दैछ इलाम

प्रकृति प्रेमको भावमा लेखिएको यस कवितामा आचार्यले इलामको पर्यावरणलाई विषयवस्तु बनाएका छन् । इलामको पर्यटन क्षेत्रहरू र यहाँ भएका गतिविधिहरूलाई समेटेर तयार गरेको यस कवितामा यहाँ निमार्ण भएका शालिकको शिरतन रहेको कुरा उल्लेख गर्दै गरेका छन् । कविले इलाममा पर्यटक धैरै मनपाराएर आउने तर यहाँको लथालिङ्गे पन देखेर पर्यटकहरू पर्कने भनि कवि इलामको महिमा गाउँछन् तर यसको संरक्षण नभएर चिन्तित छन् ।

छट्पटाउँदै, बाटो तताउनु पर्ने ।

आहा !! मेरो इलामलाई नै (पृ : ६७)

## ऊ जिन्दगी भोगिरहेछ यथार्थ मै

प्रगतिवादी भावमा लेखिएको यो कतिामा कविले ऊ सर्वनामलाई बिम्बत्मक रुपमा कोही क्रान्तिकारी आवाजलाई प्रस्तुत गरेका छन् । विगतमा अनेक दुःख कष्ठ सहेर वर्तमानमा आफ्नो क्रानितकारी आवाजलाई सडकमा गएर बुलन्द रुपमा प्रस्तुत गर्ने पात्रको यथार्थ यस कविताले बोकेको छ ।

भविष्यको दीप सजाएरै मन भरि

म सडकमा ओर्लिएको छु । (पृ : ६८)

## म त आफैमा हराउँदै पो आएँ

मनोवैज्ञानिक भावमा लेखिएको यो कवितामा कविले आफ्नो चिन्तन प्रस्तुत गरेका छन् । लक्ष ठूलो लिएको तर साना मसिना कार्य र परिस्थितिले सो लक्षमा पुग्न नदिएको गुनाशो यस कवितामा कविले पोखेका छन् । आफ्नो उद्देश्यमा पुग्न नसके पछि कविले आफ्ना उद्देश्यलाई कल्पना मात्र भनेका छन् ।

आखिर जथिसुकैका मेरा प्रयासहरू

निस्काम, निस्प्रभावी झैँ भएर (पृ : ७०)

## म त समयको भार थामिरहेछु

मनोवैज्ञानिक भावमा लेखिएको यस कवितामा कविले आफ्नो इतिहास र वर्तमानको तुलना गर्दै आफू वर्तमानमा आएर समयको भार भए झै महसुश गरेका छन् । यस्तै समस्याले कवि मन शिथिल भएको र नियतिले पटक पटक किन धोका दिन्छ भन्ने दुखेसो यहाँ छ ।

म फेरि मर्को पल्ट

शिथिल र मृतप्रायः बनेँ । (पृ : ७२)

## "पढ्यो गुन्यो कौनेकाम..."

सामाजिक भावमा लेखिएको यो कवितामा आचार्यले गरिबको शिक्षालाई विषयवस्तु बनाएका छन् । गरिब परिवारका अविभावकहरू प्रायः जसो अशिक्षित हुन्छन्, उनीहरू सँधै शारीरकि श्रममा विश्वास गर्दछन् । उनीहरूले नानीहरू स्कुल पठाउन खोजे पनि पाठ्य सामग्रीको सँदा अभाव हुने गरेको र सामग्री जुटे पनि देशको राजनीतिक व्यथितिले बन्द र हर्ताल जस्ता क्रियाकलापले पाढाइमा असर पार्ने जस्ता कुरा यस कवितामा प्रस्तुत छ ।

एसका पढ्ने प्रवल जीजीविषाहरू

क्रमशः मृगमरिचिकामा रुपान्तरण हुँदैगए । (पृ : ७३)

## सुखानी सहिदः वर्गीय आन्दोलनको प्रतीक

प्रगतिवादी भावमा लेखिएको यस कवितामा कविले नेपालमा जनआन्दोलमा सहीद बनेका नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ता तथा देश र जनताको परिवर्तनका खातिर ज्यान मरिमेट्नेहरूको सद्भाव र उनीहरूको जन्म मिति र उनले साहदत प्राप्त गरेको स्थानको पनि उल्लेख गरेका छन् । सुखानीमा तानाशाही विरुद्ध लढि ज्यान गुमाउने प्रति उनको सम्मन र ताना शाहीको दमन यिनै क्रानितकारी योद्धा हरूबाट सफल बनेको कटु यथार्थ यस कवितामा कविले प्रस्तुत गरेका छन् । यस्तै आन्दोलनका कारणले नै नेपालमा परिवर्तन हुदै गणतन्त्र नेपालको प्रादुर्भाव भएको कुरा यस कवितामा प्रस्तुत छ ।

सुखानीको हत्याकाण्ड उनन्तिस फागुन एक्काइसमा ।

पञ्चायती शासनसत्ता तानाशाही दृष्टान्तमा । (पृ : ७५)

## मेरो गाउँको कहानी (२)

मेरो गाउँको कहानी (२) 'दपर्ण' कविता सङग्रहको अन्तिम कविता हो । यस कवितामा कविले विभिन्न काल दण्डमा नेपालमा भएका राजनीतिक घटनाक्रमहरूको उल्लेख गरेका छन् । यस कवितामा पनि प्रगतिवादी भाव प्रस्तुत छ । यहाँ कविले आफ्नो गाउँमा जतिसुकै देशमा परिवर्तन आए पनि गाउँ भने जस्ताको तस्तै भएको भनि यस कवितामा भनेका छन् । गाउँका जनताहरूले अनेक सङ्घ्रस गरे पनि खुशी नछाएको कुरा प्रसतुत गरेका छन् ।

शासनका डण्डा तेछ्र्याइयो, परेड खेलाइयो

अन्धाधुन्द बर्साइयो गोला बारुदहरू गाउँ भरि । (पृ : ७८)

*

# पाँचौ परिच्छेद

# उपसंहार र निष्कर्ष

यस शोधपत्रको प्रारम्भमा इलामेली साहित्यकार उपेन्द्रप्रसाद आचार्यको परिचय र कविता कृतिको अध्ययन गर्ने प्रयास गरिएको छ । वि.सं. २०१७ साल बैशाख १ गते पाँचथर जिल्लाको इम्बुङ्गमा जन्मनु भएका उपेन्द्रप्रसाद आचार्यको बाल्यकाल निम्नमध्यम वर्गीय परिवारमा जन्मिएकाले सुखमय रुपमा व्यतित नभएको पाइन्छ । घर नजिकैको हिमालय बालकन्याबाट औपचारिक शिक्षा आरम्भ गरेका आचार्यले पाँचथर जिल्लाको फिदिम ब्य.मा.वि.बाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी विद्यालय तहको औपचारिक शिक्षा पूरा गरेका हुन् । औपचारिक अध्ययनकै क्रममा उनी इलाम जिल्ला स्थित महेन्द्र महेन्द्ररत्न बहुमुखी क्याम्पसमा शिक्षा संकाय अन्तर्गत भर्ना भई आइ.एड.पुरा गरे । यसैगरी वि.एड धनकुटा बहुमुखी क्याम्पस धनकुटा र एम. एड. त्रिभूवन विश्वविद्यालय केन्द्रिय क्याम्पस कीर्तिपूर काठमाण्डौबाट पूरा गरी औपचारिक शिक्षा यतिमै टुङ्ग्याएका हुन् । उनले आफ्नो लेखन कार्यलाई अगाडि बढाइ विभिन्न कृतिहरू प्रकाशित गरी छाप्ने कार्य भैरहेको छ । साथै उनको प्राध्ययापकीय पनि अगाडि वढिरहेको छ ।

विभिन्न साहित्यिक संघसस्था तथा सामाजिक संघसस्थामा आवद्ध भएर उनले जीवन व्यतित गरिरहेका छन् । उनको मुख्य पेशा व्यवसाय भने शिक्षण पेशा नै रहेको छ । उनै साहित्यकार उपेन्द्रप्रसाद आचार्यको कविता कृतिको अध्ययन विश्लेषण गर्ने क्रममा 'उपेन्द्रप्रसाद आचार्यका कविता कृतिको अध्ययन' शीर्षकमा त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तह द्वितीय वर्षको नेपाली विषयको दशौ पत्रको आंशिक परिपूर्तिकालागि यो शोधपत्र तयार पारिएको छ । यस शोध पत्रको पहिलो परिच्छेदमा शोधपरिचय रहेको छ ।

शोधपत्रको दोस्रो परिच्छेदमा उपेन्द्रप्रसाद आचार्यको परिचयको बारेमा अध्ययन विश्लेषण गरिएको छ । जहाँ जन्म, बाल्यकाल, शिक्षादिक्षा, आर्थिक अवस्था, शारीरिक संरचना र वैयक्तिक स्वभाव, दाम्पत्य जीवन र सन्ततिहरू, लेखन प्रेरणा र प्रभाव, प्रकाशित कृति, मान सम्मान र पुरस्कार, व्यक्तित्वको बारेमा अध्ययन विश्लेषण गरिएको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदमा 'नेपाली कविताको सैदान्तिक परिचय, कवि उपेन्द्रप्रसाद आचार्यको साहित्यागमन र स्थान निर्धारण' शीर्षकमा अध्ययन विश्लेषण गरिएको छ । नेपाली कविताको विकासक्रमको सामान्य चर्चा गरिएको छ । कविताको

तत्वहरू, शीर्षक, संरचना, विषयवस्तु, भावविधान, लयविधान, बिम्ब प्रतीक र अलङ्कार विधान, कथन पद्धति, दृष्टिविन्दु, भाषाशैलीको चिनारी यस परिच्छेदमा गरिएको छ । यसैगरी कविताको ऐतिहासीक विकासक्रमको कालविभाजनको र्चचा पनि यस परिच्छेदमा गरिएको छ । नेपाली कविताको विकासमा प्राथामिककाल, माध्यमिककाल र आधुनिककाल र तिनका चरण माथि र्चचा गरिएको छ । लेपाली कविताको विकासक्रममा देखापरेका चरणहरू मध्ये प्रथामिककालका भक्तिधाराहरूमा शगुण, निगुर्ण भक्तिधमरा र त्यसका अन्य उपधाराका पनि र्चचा गरिएको छ । माध्यमिक कालमा श्रृग्रारीक धाराको र्चचा गरिएको छ । आधुनिककालमा आएर परिष्कारवादीधारा, स्वच्छन्दतावादीधारा, प्रयोगवादीधारा र समसामयिकधाराको चर्चा गरिएको छ । यसै परिच्छेदमा कवि केशव आचार्यको कवित्वमा स्थान निर्धारणको चर्चा गरिएको छ ।

चौथो परिच्छेदमा 'आचार्यका कविता कृतिको अध्ययन विश्लेषण' शीर्षकमा उनका ३ वटा कविता कृतिको भावका आधारमा अध्ययन विश्लेषण गरिएको छ । कविता कृतिको विश्लेषणको सुरुमा उनको पहिलो कृति कविता सङ्ग्ह 'केही उखानहरूलाई लयमा कैद गर्दा'(२०६९) मा भएका सम्पूर्ण उखानको अध्ययन विश्लेषण गरिएको छ

उनको दोस्रो कृति 'मेरो गाउँको कहानी' (२०७०) हो । गद्य शैलीमा लेखिएका उनका कविताहरू छन् ।  यस सङ्ग्रहमा जम्मा ७८ वटा कविता रहेका छन् । जसको कमि रुपमा भावविधानको आधारमा यहाँ अध्ययन विश्लेषण गरिएको छ । यस सङ्ग्रहमा रहेका कविताले प्रगतिवादी, सामाजिक, प्रकृति प्रेम, राजनैतिक आदि भाव प्रस्तुत गरेका छन् ।

उनको 'दपर्ण' (२०७१) कविता सङ्ग्रह भित्र रहेका कविताहरूको पनि भावविधानको आधारमा अध्ययन विश्लेषण गरिएको छ । समसामयिक विषयमा  केही कविताहरू रचना भएका छन् ।  सामाजिक बिकृति, बिसङ्गति, दमन, शोशणका कुरा, राष्ट्रप्रेम, प्रकृतिप्रेम लगायत थुप्रै बिषयहरूमा कविता केन्द्रित रहेका छन् ।

समग्रमा भन्नुपर्दा इलामेली श्रष्टा तथा सर्जक उपेन्द्रप्रसाद आचार्यले नेपाली साहित्यको विकास र उन्नतिमा दिएको योगदान महत्वपुर्ण रहेको छ ।"केही उखानहरूलाई लयमा कैद गर्दा" कविताबाट साहित्यिक यात्रा सुरु गरेका आचार्य "मेरो गाउँको कहानी"( २०७०) कविता सङ्ग्रह लिएर कृतिकारका रुपमा देखा परेका हुन् । उनको तेस्रो कृतिका रुपमा "दपर्ण"(२०७१) कविता सङ्ग्रह रहेको छ ।

उपेन्दप्रसाद्र आचार्य लेखनको हिसाबले कविता विधा अन्तर्गत चिनिएका श्रष्टा हुन् । उनले कविता विधाका तीन वटा कृति प्रकाशित गरेका हुन् । त्यसै गरी २ वटा नियात्रा र एउटा कथा र पत्रहरूको सङ्गालो पनि प्रकाशित छ भने अन्य कृतिहरू पनि प्रकाशउन्मु रहेका छन् । उनको कविता सङ्ग्रह “केही उखानहरूलाई लयमा कैद गर्दा”(२०६९) ले छोटो र छरितो बौदिक खुराक पाठकलाई दिएको छ । यसमा समाभ्फसुधारको अपेक्षा सहितको ब्यङ्ग्य रहेको छ । यसैगरी उनको कृति “मेरो गाउँको कहानी”(२०७०) ले पनि त्यतिकै मात्रामा क्रान्तिकारी भाव प्रस्तुत गरेको छ । यसै गरी उनको कविता सङ्ग्रह “दपर्ण” ( २०७१) मा रहेका कविताले विशेष प्रगतिवादी भाव प्रस्तुत गदै राजनीतिक विषयवस्तुलाई अँगालेको छ । यसका साथै केही कविताहरूले प्रकृति प्रेम, राष्ट्रप्रेम, प्रस्तुत गरेका छन् । केही कविताले सामाजिक विकृति प्रस्तुत गरेका छन् । कविता, निबन्ध लेखनमा मात्र रमाउने आचार्यका हालसम्म लेखिएका सबै रचनाहरू गद्य शैलीमा प्रकट भएका छन् । हालसम्म प्रकाशित रचनाहरूले उनलाई एक कुशल साहित्यकारका रुपमा चिनाएका छन् ।

*

## ५.२ सम्भावित शोध शीर्षकहरू

१. प्रवृत्तिका आधारमा उपेन्द्रप्रसाद आचार्यका कविताहरूको अध्ययन, विश्लेषण

२. उपेन्द्रप्रसाद आचार्यका गद्य साहित्यको अध्ययन

३. कवि उपेन्द्रप्रसाद आचार्य र उनका साहित्यिक कृतिहरूको अध्ययन